# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १४ अंक ९९ बिहीबार, १५ जेठ २०८२ | SOURYA NATIONAL DAILY | Thursday, 29 May 2025 पृष्ठ : ८+८ मूल्य रू. ५


# स्रोतको दबाबका बीच नयाँ बजेट आज

■ **सौर्य समाचार**

काठमाडौँ । स्रोतको चरम दबाबकाबीच आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि सरकारले करिब २० खर्बको बजेट ल्याउने तयारी गरेको छ । संवैधानिक व्यवस्थाअनुरूप अर्थमन्त्री विष्णुप्रसाद पौडेल आज (बिहीबार) संसद्मा बजेट प्रस्तुत गर्न लागेका हुन् । अर्थमन्त्री पौडेलले १५ जेठ (आज) दिउँसो ३ बजे बजेट प्रस्तुत गर्नेछन् । संघीय संसद् सचिवालयले दिउँसो ३ बजे संसद्को दुवै सदनको संयुक्त बैठक आह्वान गरेको छ । जसमा बजेट पेस गर्ने कार्यसूची राखिएको छ । त्यसअघि दिउँसो १:३० मा बस्ने प्रतिनिधिसभा बैठकमा अर्थमन्त्री पौडेलले आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षण पेस गर्ने कार्यसूची छ ।

आगामी वर्षको बजेट स्रोत समितिले दिएको सिलिङभन्दा केही माथि जाने अर्थ मन्त्रालय स्रोतले जनाएको छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा हुने स्रोत समितिले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका लागि १९ खर्ब रुपैयाँको सिलिङ दिएको थियो । यसअघिका वर्षहरूमा समितिले दिएको सिलिङमा भन्दा बढेरै बजेट ल्याइएको अभ्यास छ ।

योजना आयोगले चालु आर्थिक वर्ष २०८१/०८२ मा बनाएको त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपणअनुसार यसवर्ष बजेट आकार बढ्न पुग्ने अनुमान छ । राजस्व संकलन लक्ष्यअनुसार हुन नसकेको, वैदेशिक अनुदान निरन्तर घट्दो, ऋण प्राप्तिमा उल्लेख्य प्रगति नभएको कठिन अवस्थाबाट अर्थतन्त्र गुज्रिरहेको छ । अर्थतन्त्र दबाबमा रहेकै अवस्थमा सांसदहरूलाई रकम दिने विषयले चर्चा पाएको छ । त्यस्तै, चालु खर्च र सार्वजनिक ऋणको सावा र व्याज तिर्न ठुलो रकम आवश्यक पर्ने हुँदा पुँजीगत बजेट घट्ने आँकलन गरिएको छ ।




स्रोतका अनुसार यसपटक सेयर बजारमा पुँजीगत लाभकर वृद्धि गर्ने तयारी रहेको बताइएको छ । त्यस्तै, वैदेशिक लगानी भित्र्याउन बाधक मानिएका आयकर ऐनको दफा ५७ र ९५ 'क' मा रहेको दोहोरो करको व्यवस्था हटाउन निजी क्षेत्रले आवाज उठाउँदै आएको छ ।

## इभीमा कर बढ्ने संकेत

विद्युतीय सवारी (इभी)को कर वृद्धि हुने हल्लाले बजार तताएको छ । जुन हल्लाकै कारण व्यवसायीले इभी भित्र्याउने गति बढाएका छन् । भन्सार र अन्तःशुल्क गरेर इभीमा न्यूनतम् ४० प्रतिशत कर लगाउने तयारी सरकारको रहेको मन्त्रालय स्रोतले जनाएको छ । बाँकी पृष्ठ ६



## प्रतिपक्षी दलहरूको माग कायमै, तर बजेट पेस गर्न दिने

संसद बैठक अवरुद्ध गरिरहेका प्रतिपक्षी दलहरु १५ जेठमा (आज) सरकारलाई आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट संसदमार्फत् ल्याउन दिन भने लचिलो देखिएका छन् । प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका दलहरु बजेट ल्याउन दिने पक्षमा छन् ।

सौर्य दैनिकसँग कुरा गर्दै नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले बजेट ल्याउन दिन आफूहरु सकारात्मक भएको बताए । अन्य मागलाई थाती राखेर जनताप्रतिको जिम्मेवारीबोध गर्दै १५ जेठमा बजेट आउन दिन आफूहरु तयार रहेको उनले बताए । तर, बजेटसँगै अन्य कार्यसूचीसमेत राखिए मान्य नहुने उनको भनाइ छ । 'संसद अवरुद्ध गर्नु राजनीतिक विषय भयो । बजेट देशको संविधान, विकास, कर्मचारीको तलब लगायतको विषयसँग जोडिन्छ । हामी यो विषयमा गम्भीर छौँ र सकारात्मक छौँ ।' उनले भने, 'तर अरु विषय आउनुभएन । सरकार कुन रुपमा प्रस्तुत हुन्छ । त्यसले निर्धारण गर्छ ।'

गृहमन्त्रीमाथि छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग बनाउनुपर्ने माग राखिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी पनि बजेट ल्याउन दिन भने लचिलो बन्ने भएको छ । एक सांसदका अनुसार बजेट वक्तव्य आउँदा अवरोध नगर्ने तयारी रास्वपाको छ ।

उता, सत्तारुढ दलका मुख्य सचेतक महेश बर्तौलाले बजेट संसद्बाटै आउने बताएका छन् । सौर्य दैनिकसँग कुरा गर्दै उनले बजेटमा प्रतिपक्षी दलहरूको अवरोध नहुने विश्वास व्यक्त गरे । 'संवैधानिक प्रबन्धअनुसार बजेट संसद्बाटै आउँछ । प्रतिपक्षी दलहरूको असहजता तथा अवरोध हुँदैन भन्ने विश्वास हामीले गरेका छौँ', उनले भने ।

गृहमन्त्रीको स्पष्टीकरण-

## ममाथि राजनीतिक पूर्वाग्रह राखियो



गृहमन्त्री रमेश लेखकले भिजिट भिसा प्रकरणमा आफ्नो संलग्नता नभएको स्पष्ट पारेका छन् । बुधबार संघीय संसद् भवनस्थित ल्होत्से हलमा पत्रकार सम्मेलन गर्दै उनले आफूमाथि नियोजित र षड्यन्त्रमूलक ढंगले आक्रमण गरिएको बताए । उनले आफूमाथिको आक्रमण राजनीतिक पूर्वाग्रह प्रेरित भएको पनि बताए । लेखकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अनुसन्धानमा प्रभावित पर्ने कार्य कतैबाट गरिनुहुन्न भन्ने विषयमा आफू सचेत रहेको स्पष्ट पारे । उनले सहसचिव तीर्थराज भट्टराईमाथि अनुसन्धान भइरहेको भन्दै आफ्नो विषय वा प्रसंग नभएको जिकिर गरे । आफ्नो स्वार्थको द्वन्द्व पनि नभएको उनको भनाइ छ । उनले भट्टराईलाई अध्यागमन कार्यालयमा कानुन बमोजिम नै खटाएको बताए ।

# इँटाभट्टामा जिउँदै मान्छे जलाउने अफताब आलमलाई सफाइ



काठमाडौँ । बम विस्फोट काण्डमा जिल्ला अदालतबाट दोषी ठहर भएका कांग्रेसका पूर्वसांसद मोहम्मद अफताब आलमले उच्च अदालत वीरगन्जबाट सफाइ पाएका छन् । जिल्ला अदालत रौतहटले उनलाई जन्मकैदको सजाय सुनाएको थियो, तर उच्च अदालतले उक्त फैसला उल्ट्याउँदै आलमलाई सफाइ दिएको हो ।

अदालतबाट सफाइको पत्र प्राप्त भएसँगै उनी कारागारबाट रिहा भएका छन् । पहिलो संविधानसभाको निर्वाचनका बेला बम विस्फोट गरी घाइतेहरूलाई इँटाभट्टामा जिउँदै जलाएर हत्या गरेको भन्दै उनलाई जिल्ला अदालत रौतहटले जन्मकैदको फैसला सुनाएको थियो ।

उच्च अदालत विरगन्जका न्यायाधीश खुसीप्रसाद थारू र अर्जुन महर्जनको संयुक्त इजलासले आलमसहित ४ जना प्रतिवादीलाई सफाइ दिएको हो । उनीहरूविरुद्ध जिल्ला अदालत रौतहटले गत १३ वैशाख, २०८१ मा विष्फोटक पदार्थ प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तब्य ज्यान कसुरमा जन्मकैदको सजाय फैसला गरेको थियो । उक्त घटनाको १२ वर्षपछि रौतहट प्रहरीले १९ असोज, २०७६ मा पक्राउ गरेको थियो ।

घटनामा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहितका घाइतेहरूलाई आलमले आफ्ना सहयोगीहरूसँग मिलेर हत्या गरेको आरोप थियो । प्रत्यक्षदर्शीका अनुसार, बम बनाउने क्रममा विस्फोट भएपछि घटना लुकाउन घाइतेहरूलाई इँटाभट्टामा जलाएको बयान दिएका थिए ।

१३ वैशाख, २०८१ मा रौतहट अदालतका न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले आलमलाई जन्मकैदको सजाय सुनाएको थियो । त्यसबेला आलमका भाइ मोहम्मद मोहताब आलम, सेख सराज र बद्री सहनीलाई पनि जन्मकैदको सजाय सुनाइएको थियो । सहनी इँटाभट्टाका मुनसी थिए ।

### आलमविरुद्धको मुद्दा के हो ?

पहिलो संविधानसभा निर्वाचनको अघिल्लो दिन २७ चैत, २०६४ मा रौतहटको राजपुरस्थित आलमका काका शेख इन्द्रिसको घरमा बम बनाउने क्रममा विस्फोट भएको थियो । विस्फोटमा घाइते भएकाहरूलाई घटना लुकाउन जिउँदै इँटाभट्टामा जलाएर हत्या गरेको आरोप छ । प्रत्यक्षदर्शीले घाइतेहरूले बचाउन आग्रह गर्दा पनि जलाएको बयान दिएका थिए ।

घटनापछि प्रहरी र सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने निर्णय गरेका थिए । ३० असार, २०६५ मा तत्कालीन महान्यायाधिवक्ता यज्ञमूर्ति बञ्जाडेले मृत्युको पुष्टि नभएको भन्दै मुद्दा नचल्ने निर्णय गरेका थिए । पछि पीडितहरूले सर्वोच्च अदालतमा निवेदन दिएसँगै न्यायाधीश सुशीला कार्की र डा.भरतबहादुर कार्कीको इजलासले मुद्दा चलाउन आदेश दिएको थियो । १९ असोज, २०७६ मा आलम पक्राउ परे र कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र बम विस्फोटसम्बन्धी ३ मुद्दा दायर गरिएको थियो भने २९ कात्तिक, २०७६ मा जिल्ला अदालतले उनलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो ।

# एकै दिन गणतन्त्र पक्षधर र विपक्षी सडकमा आउँदै, थपियो सुरक्षा चुनौती

■ **सौर्य समाचार**

काठमाडौँ । गणतन्त्रको पक्ष र विपक्षमा २ छुट्टाछुट्टै प्रदर्शन हुने भएपछि काठमाडौँको सुरक्षा व्यवस्थामा चुनौती थपिएको छ । बिहीबार सत्तारुढ नेकपा एमालेले गणतन्त्र दिवसको अवसरमा सांस्कृतिक झाँकीसहितको प्रदर्शन गर्ने तयारी गरेको छ भने राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले अनिश्चितकालीन आन्दोलन घोषणा गरेको छ । समितिले जेठ १५(आज) देखि राजसंस्था पुनर्स्थापना नहुञ्जेलसम्मका लागि अनिश्चितकालीन आन्दोलनको घोषणा गरेको हो । आन्दोलन काठमाडौँबाट प्रारम्भ हुने जनाइएको छ । दुवै पक्षले आ-आफ्नो ढंगले कार्यक्रम गर्ने र स्थान पनि जुध्ने अवस्था आएपछि काठमाडौँको सुरक्षामा चुनौती देखिएको हो ।

एमालेले भृकुटीमण्डप, सहिदगेट, प्रदर्शनी मार्ग हुँदै रत्नपार्कसम्म सांस्कृतिक झाँकीसहितको कार्यक्रम गर्न भनी जिल्ला प्रशासन कार्यालय काठमाडौँसँग अनुमति लिएको छ । जनआन्दोलन समितिले पनि रत्नपार्कमा नै कार्यक्रम गर्ने तयारी गरेको छ । तर, समितिको तर्फबाट जिल्ला प्रशासन कार्यालयबाट अनुमति माग गरिएको छैन । आन्दोलन गर्न अनुमति लिनु पर्दैन भन्ने उनीहरूको तर्क छ । यसले मुठभेड निम्त्याउने खतरा बढाएको हो ।

सौर्य दैनिकसँग कुरा गर्दै जिल्ला प्रशासन कार्यालय काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी अशोककुमार भण्डारीले समितिलाई रत्नपार्कमा आन्दोलन गर्ने अनुमति नदिइएको बताए । आन्दोलनको विषयमा प्रशासनमा आधिकारिक जानकारी नआएको भन्दै उनले गणतन्त्र दिवसको दिन विरोधको कार्यक्रम गर्नु मनासिव नभएको उल्लेख गरे । उनले आफूहरू विरोधको कुनै कार्यक्रम नहोस् भन्ने पक्षमा रहेको बताए । 'सकभर एकै ठाउँ कार्यक्रम गर्न नदिने हाम्रो प्रयास हुन्छ । आवश्यक सुरक्षा तयारी गरिरहेका छौँ', उनले भने ।

# अमेरिकाद्वारा विश्वभर विद्यार्थी भिसाको अन्तर्वार्ता स्थगन

■ **सौर्य समाचार**

काठमाडौँ । अमेरिकाले नेपाललगायत विश्वभरबाट अमेरिकामा अध्ययन गर्न चाहने विद्यार्थीहरूको भिसा आवेदनपछिको अन्तर्वार्ता स्थगन गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले विदेशस्थित उसका राजदूतावासहरूलाई विद्यार्थी भिसाका लागि अन्तर्वार्ताका निम्ति समय दिने कार्य रोक्न आदेश दिएको हो ।


अमेरिकी कूटनीतिक निकायहरूलाई मंगलबार जारी गरिएको निर्देशनमा विदेशमन्त्री मार्को रुबियोले 'थप निर्देशन नआएसम्मका लागि' त्यस्ता अन्तर्वार्ता स्थगन हुने जनाएका छन् । उनको सन्देशमा विद्यार्थी तथा अन्तर्राष्ट्रिय भ्रमण आदानप्रदान अन्तर्गतका भिसा आवेदकहरूको सामाजिक सञ्जालको निगरानी र परीक्षण गरिने पनि बताइएको छ । अमेरिकामा पढ्न चाहने विदेशी विद्यार्थीहरूले भिसा स्वीकृतिका लागि आफ्नो मुलुकमा रहेको अमेरिकी दूतावासमा अन्तर्वार्ता दिनुपर्छ ।




विदेश मन्त्रालयले मंगलबार जारी गरेको 'मेमो'मा अमेरिकी दूतावासहरूलाई विद्यार्थी भिसाका निम्ति आवेदकको अन्तर्वार्ता अब तय नगर्न भनिएको बिबिसीले जनाएको छ । तर तय भइसकेका अन्तर्वार्ताको हकमाचाहिँ त्यसलाई कायम राख्न सकिने भनिएको छ । यद्यपि सबै विद्यार्थी भिसा आवेदनका निम्ति लागू हुने गरी आवेदकको सामाजिक सञ्जालको निगरानी तथा परीक्षण हुने बताइएको छ ।

विद्यार्थी भिसाको नियममा परिवर्तनबारे मंगलबार सोधिएको एक प्रश्नको जबाफ दिँदै विदेश मन्त्रालयका प्रवक्ता ट्यामी ब्रुसले भने, 'हामी देशभित्र कस्ता मानिस आइरहेका छन् भनेर निर्क्योल गर्ने परीक्षणको प्रक्रियालाई निकै गम्भीरतापूर्वक लिन्छौँ र लिइरहने छौँ ।'

ट्रम्प प्रशासनको हार्वडलगायत प्रतिष्ठित विश्वविद्यालयहरूसँगको तनावका माझ पछिल्लो निर्णय आएको हो । कतिपय त्यस्ता विश्वविद्यालयले यहुदी विरोधी भावनालाई प्रश्रय दिएको अनि कतिपयले 'भेदभावपूर्ण भर्ना नीति' अँगालेको आरोप ट्रम्पले लगाउँदै आएका छन् । केही अमेरिकी विश्वविद्यालयले तिनका क्याम्पसमा यहुदी विरोध र प्यालेस्टिनी समर्थन गर्न छुट दिएको ह्वाइट हाउसले आरोप लगाएको छ । ती विश्वविद्यालयहरूले भने ट्रम्प प्रशासनले वाक् स्वतन्त्रता कुल्चन खोजेको आरोप लगाएका छन् । बाँकी पृष्ठ ६

# आज १८औं गणतन्त्र दिवस

**सौर्य समाचार**

काठमाडौं । आज १८औं गणतन्त्र दिवस स्वदेश तथा विदेशमा विभिन्न कार्यक्रमको आयोजना गरी हर्षोल्लास साथ मनाइँदैछ । गणतन्त्र दिवस मूल समारोह समितिद्वारा सैनिक मञ्च टुँडिखेलमा बिहीबार बिहान आयोजना हुने विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेललगायत विशिष्ट व्यक्तित्वहरू सहभागी हुनेछन् ।

त्यसअवसरमा गौरवमय परिवर्तनका लागि सहादत प्राप्त गर्ने सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दै लोकतन्त्रका लागि संघर्ष, त्याग र बलिदान गर्ने अग्रजको योगदानको स्मरण गरिनेछ । कार्यक्रममा गणतन्त्रको महत्त्व झल्कने विभिन्न झाँकी प्रदर्शनी गरिने छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल स्काउटलगायतबाट मार्चपास हुनेछ । गणतन्त्र दिवस–२०८२ अंकित ब्यानर प्रदर्शन र पुष्पवृष्टि गर्ने कार्यक्रम छ ।

मुलुकमा सामाजिक न्याय, स्वाधीनता र समृद्धि सुनिश्चितता गर्न तथा लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलन र संघर्षमा धेरै नेपालीजनले जेलनेल र यातना सहन परेको थियो । तत्कालीन ७ राजनीतिक दलले निरंकुश राजतन्त्रकाविरुद्ध आह्वान गरेको शान्तिपूर्ण जनआन्दोलन र विद्रोही नेकपा (माओवादी)ले गरेको सशस्त्र संघर्षका उपलब्धिका रूपमा मुलुकमा गणतन्त्र घोषणा गरिएको हो ।

१५ जेठ, २०६५ मा जननिर्वाचित संविधानसभाको पहिलो बैठकद्वारा २४० वर्षदेखिको निरंकुश राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गरिएको थियो । उक्त ऐतिहासिक दिनको सम्झनालाई चिरस्थायी बनाउन गणतन्त्र दिवस मनाउने गरिएको छ । राजनीतिक दल, प्रदेश सरकार, स्थानीय तह र विभिन्न संघसंस्थाले समेत गणतन्त्र दिवसका अवसरमा यसको महत्व उजागार गर्ने विभिन्न कार्यक्रम आयोजना गर्नेछन् ।

गणतन्त्र दिवसका अवसरमा नेकपा (एमाले)ले आजै राजधानीमा 'गणतन्त्र उत्सव' आयोजना गरेको छ । त्यसैगरी नेकपा(एकीकृत समाजवादी)ले पनि यस वर्षको गणतन्त्रका अवसरमा विभिन्न सामाजिक एवं रचनात्मक कार्य गरी मनाउन मातहतका कमिटिलाई निर्देशन दिएको छ ।

# स्थानीय तहको संख्या घटाउन माग



**सौर्य समाचार**

काठमाडौं । राष्ट्रियसभा सदस्य रुक्मिणी कोइरालाले राज्यको खर्च कटौती गर्दै मितव्ययी बन्नका लागि हाल कायम रहेको स्थानीयको संख्या घटाउन माग गरेकी छन् । राष्ट्रियसभाको बुधबारको बैठकमा उनले मौजुदा ७५३ बाट घटाएर ५५३ वटा स्थानीय तह कायम गर्न सुझाव दिइन् । बैठकमा कोइरालाले संविधानमा व्यवस्था भएका मौलिक हकको कार्यान्वयन गर्नुपर्नेमा पनि जोड दिइन् ।

उनले समतामूलक समाज निर्माणका मौलिक हकको प्रत्याभूत गर्नुपर्ने बताइन् । 'संविधानको १६ देखि ४७ धारासम्म मौलिक हकको व्यवस्था गरेको छ । तर ती मौलिक हकको कार्यान्वयनको अवस्था कस्तो रहेको छ ? भन्ने विषयमा छलफल गर्न आवश्यक रहेको छ', कोइरालाले भनिन्, 'ती मौलिक हकको कार्यान्वयनका लागि बनेका विभिन्न ऐनहरू छन् । तर ती ऐनहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ । मौलिक हक कार्यान्वयनका लागि बनेका यी ऐन र नियमवालीको विषयमा अध्यायन गर्न आवश्यक छ ।'

# प्रदेशका ९ अस्पताल स्तरोन्नति गर्दै गण्डकी सरकार



**सौर्य समाचार**

गण्डकी । गण्डकी प्रदेश सरकारले प्रदेशका ९ वटा अस्पताल स्तरोन्नति गर्ने निर्णय गरेको छ । सोमबारको प्रदेश मन्त्रिपरिषद् बैठकले ती अस्पतालको दरबन्दी र शय्या संख्या निर्धारण गरी स्वीकृत गरको हो । स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकका अनुसार प्रदेश सरकारले यसअघि दुई आयुर्वेद अस्पतालसहित चार अस्पताल स्तरोन्नति गरेको छ । स्तरोन्नति गरिएका १३ वटै अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) पनि स्वीकृत भइसकेको छ ।

तेह्रवटै अस्पतालमा करारमा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीको तलबभत्ता अस्पतालको आन्तरिक स्रोतबाटै भइरहकामा दरबन्दी थप गर्दा मन्त्रालयलाई अतिरिक्त आर्थिक भार पर्ने छैन । बागलुङस्थित धवलागिरि प्रादेशिक अस्पतालमा स्वीकृत शय्याको संख्या १०० पुगेको छ । यसअघि उक्त अस्पतालमा स्वीकृत शय्याको संख्या ५० थियो । कास्कीस्थित मातृशिशु मितेरी र जनरल तथा सरुवा रोग अस्पतालको शय्या संख्या २५ बाट ५० पुर्याइएको छ ।

नवलपुरको मध्यविन्दु प्रादेशिक अस्पताललाई १५ बाट १००, प्रदेश अस्पताल मुस्ताङ र मनाङलाई १५ बाट २५, पर्वत, स्याङ्जा र तनहुँको दमौली अस्पताललाई १५ बाट ५० शय्यामा स्तरोन्नति गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । प्रदेश अस्पताल बुर्तिबाङमा ५० र प्रदेश अस्पताल आँपपिल गोरखामा १५ बाट २५ शय्या पुर्याइएको छ । बागलुङस्थित धवलागिरि आयुर्वेद अस्पताल, कास्कीस्थित गण्डकी आयुर्वेद अस्पतालमा २५ शय्याको व्यवस्था हुनेछ ।

प्रदेश अस्पताल गोरखा, लमजुङ र म्याग्दी यसअघि नै ५० शय्यामा सञ्चालित छन् । प्रदेश सरकारले गोरखाको आँपपिपल र बागलुङको बुर्तिबाङ अस्पताल सञ्चालन गरिरहेको छ । यसै वर्ष कास्कीस्थित गण्डकी आयुर्वेद अस्पताल र बागलुङको धवलागिरि आयुर्वेद अस्पताललाई पनि अन्तरङ्ग सेवासहित २५ शय्याको सुविधायुक्त आयुर्वेद अस्पतालका रुपमा स्तरवृद्धि गरिएको हो ।

हाल ती अस्पतालको वार्षिक आम्दानी ६६ करोड रुपैयाँ रहेको मन्त्री पाठकले बताए । नयाँ व्यवस्था अनुसार हरेक अस्पतालले आफ्नो आम्दानीको १५ प्रतिशत रकम अस्पताल सुदृढीकरण कोषमा छुट्याउनुपर्ने छ । कोषको रकम प्रदेश अस्पताल र स्थानीय स्वास्थ्य संस्थाको सुदृढीकरणमा खर्च गर्न नयाँ व्यवस्था भएको हो ।

# एमालेले विपद् व्यवस्थापनमा पार्टी पङ्क्तिलाई खटाउने




**सौर्य समाचार**

काठमाडौं । नेकपा (एमाले) केन्द्रीय विपद् व्यवस्थापन तथा स्वयंसेवा विभागले विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, उद्धार तथा राहत वितरण कार्यमा पार्टी पङ्क्तिलाई परिचालित गर्ने भएको छ । विभाग प्रमुख खिमलाल भट्टराईले सरदरभन्दा यस वर्ष बढी वर्षा हुने अनुमान गरिएको सन्दर्भलाई दृष्टिगत गरी आवश्यक कार्ययोजनासहित सम्भावित विपद् व्यवस्थापनमा पार्टी पङ्क्तिलाई परिचालन गर्न लागेको जानकारी दिए ।

उनका अनुसार सबै जिल्ला कमिटी मातहत विपद् व्यवस्थापन तथा स्वयंसेवा विभाग गठन गर्ने, पूर्वतयारी र सचेतनाका कार्यलाई प्राथमिकता दिने, केन्द्रमा विपद्सँग सम्बन्धित केन्द्रीय संरचना र जिल्लामा जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा अङ्गसँग समन्वय र सहकार्य गरी बाढी–पहिरो र डुबान जोखिम न्यूनीकरणका पक्षमा पहलकदमी गर्ने, रेडक्रससहित उद्धार तथा राहतका क्षेत्रमा काम गर्ने संघ–संस्थाको पहिचान गर्ने र आवश्यकताअनुसार सहयोगको वातावरण निर्माण गर्ने पक्षमा विभाग क्रियाशील रहेको छ ।

त्यस्तै, प्रदेश सरकार र स्थानीय पालिकाहरूले यस सम्बन्धमा बजेट व्यवस्थापन र अन्य के कस्तो तयारी गरिरहेका छन्, बुझ्ने र तयारीको निम्ति अभिप्रेरित गर्ने, सम्भावित जोखिमयुक्त बस्तीहरूको पहिचान गर्ने र जोखिममुक्त गराउन हरसम्भव प्रयत्न गर्ने, बाढी–पहिरो र डुबानको अवस्थामा उद्धार, राहत र पुनर्निर्माणमा तत्परता देखाउनेलगायतका समन्वयकारी भूमिकासहित व्यवस्थापकीय कामलाई पार्टीले प्राथमिकता दिएको नेता भट्टराईले जानकारी दिए ।

कार्ययोजनामा जिल्लामा स्थानीय विपद्सम्बद्ध निकायहरूमा रहेका उद्धार सामग्री र उपकरणको बन्दोबस्तीलाई तयारी अवस्थामा राख्न सचेत गर्ने, मोबाइल, टेलिफोनसँग सम्बन्धित सूचना प्रणालीलाई चुस्तदुरुस्त राख्ने, मातहत कमिटीहरू र जनसङ्गठनलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धमा आवश्यक स्वयंसेवक तयार गर्ने र पार्टीका जिम्मेवार नेता तथा कार्यकर्ता जनताको सम्पर्कमा रहने तथा मौसमसम्बन्धी पूर्वजानकारी लिइ समयमै पार्टीपङ्क्ति एवं जनतालाई समेत सचेत गराउन पहल गर्ने कुरा पनि कार्ययोजनामा उल्लेख छ ।

विपद् व्यवस्थापन विज्ञ डा. वसन्तराज अधिकारीले विपद्द्वार सिर्जित जोखिम व्यवस्थापनबारे अवधारणा पत्र प्रस्तुत गर्दै विगतको तुलनामा यस वर्ष वर्षासँगै तापक्रम वृद्धि हुने देखिएकाले सम्भावित जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समग्र पार्टी संयन्त्र, नागरिक समाज र आमजनता सचेत र सजग हुनुपर्ने बताए ।

# बाग्मती प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत



**सौर्य समाचार**

हेटौंडा । बाग्मती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ मा तहगत सरकारको समन्वयमा भौतिक संरचनाको पुनर्निर्माण र पुनर्स्थापनालाई प्राथमिकता दिने भएको छ । बुधबार बसेको प्रदेशसभाको बैठकमा प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेशका सबै क्षेत्रगत तहका नीति तथा कार्यक्रम कार्यान्वयनमा विपद् संवेदनशीलतालाई आत्मसात गरिने बताए । उनले तहगत सरकारको समन्वयमा भौतिक संरचनाको पुनर्निर्माण र पुनर्स्थापनालाई प्राथमिकता दिइने घोषणा गरे ।

प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माणमा एकद्वार प्रणाली अवलम्बन गर्ने, वहुवर्षीय योजनाहरूको मापदण्ड निर्धारण गरी आगामी आवको पहिलो चौमासिकभित्र स्रोत सुनिश्चितता प्रदान गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । प्रदेशका गौरवका आयोजना, बहुवर्षीय आयोजना र क्रमागत आयोजनाहरू तोकिएको समयभित्र सम्पन्न गर्ने, आयोजना छनोट पद्धतिलाई व्यवस्थित र पारदर्शी बनाउने तथा बजेट निर्माण र कार्यान्वयन प्रक्रियामा सुशासन कायम गर्न प्रदेश आयोजना बैंक व्यवस्थापन गर्ने, सूचना प्रणालीलाई तहगत आबद्धता कायम गरी सञ्चालन गर्ने सरकारको नीति तथा कार्यक्रममा समेटिएका छन् ।

प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा रहेका आयोजना पहिचान र प्राथमिकीकरण गर्ने, प्रदेशमा लगानीका सम्भावना पहिचान गर्न लगानी सम्मेलन आयोजनाका लागि नीतिगत, कानुनी तथा संरचनागत व्यवस्थापन गर्ने, सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारी एवं उत्पादन र रोजगारी सृजना गर्न निजी क्षेत्रको नेतृत्वदायी भूमिका सुनिश्चितता गर्न नीतिगत तथा संरचनागत सुधार गर्ने, प्रदेशको पूर्ण वा सहलगानीमा निर्माण भएका पूर्वाधार स्थानीय तहलाई हस्तान्तरण गर्ने र आम्दानीको निश्चित प्रतिशत प्रदेशले प्राप्त गर्ने व्यवस्था गरिने प्रदेश प्रमुख देवकोटाले जानकारी दिए ।

उनका अनुसार सोही प्रकृतिका आयोजना/परियोजना निर्माणलाई प्राथमिकता दिइने छ । राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना, प्रदेशको प्रशासनिक भवन तथा आवास निर्माण सुरु गर्ने, प्रदेशको विद्यमान संरचना र जनशक्तिको पुनरावलोकन गरी अनावश्यक संरचना खारेज गर्ने, गाभ्ने र छरितो बनाउने, प्रदेश सरकारको प्रशासनिक तथा अनुगमनलाई विद्युतीय प्रणालीमा आधारित बनाउने, उच्च प्रतिफलयुक्त र आन्तरिक आयमा योगदान गर्ने आयोजनाको छनोट तथा प्रभावकारी कार्यान्वयन गरी उत्पादन अभिवृद्धि गरी रोजगारीका अवसर सृजना गर्ने, वित्तीय अनुशासन अभिवृद्धि गर्दै सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेशको राजस्वको दायरा विस्तार गर्दै राजस्व चुहावट नियन्त्रण गर्न अन्तर प्रदेश समन्वयमार्फत करका दरमा एकरुपता कायम गर्ने, प्रादेशिक सडक, यातायात गुरुयोजना अद्यावधिक गरी प्राथमिकताका आधारमा प्रादेशिक लोकमार्ग तथा प्रादेशिक मार्गहरूको विकास, विस्तार स्तरोन्नति गर्ने, नयाँ सडकका ट्रयाक खोल्नेलाई निरुत्साहित गर्ने, सडक बोर्ड ऐनलाई समानुकूल परिमार्जन गर्न सङ्घीय सरकारसँग पहल गर्ने, प्रदेशस्तरीय पूर्वाधार तथा गुणस्तर प्रयोगशाला निर्माण गर्ने सरकारको नीति तथा कार्यक्रम छ ।

राइड सेयरिङलाई कानुन तर्जुमा गरी प्रभावकारी नियमन तथा राजस्वको दायरामा ल्याउने, निर्माण प्रक्रिया र अनुगमन तथा मूल्याङ्कन प्रणालीमा कृत्रिम बौद्धिकता (एआई) र सूचना प्रविधिको प्रयोग बढाउने, विद्युतीय रुपान्तरण (डिजिटल ट्रन्सफर्मेसन) कार्ययोजना तयार गरी प्रदेशलाई आवश्यक विभिन्न प्राणालीको चरणबद्ध पहिचान, विकास तथा अन्तरिकीकरण गरी प्रशासनिक सुधार एवं गतिशीलता प्रदान गर्ने, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिई प्रादेशिक रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, नमूना वडा समाजवादी कार्यक्रम र स्थानीय तहमा नवप्रवर्तन प्रोत्साहन कार्यक्रमलाई सरकारले निरन्तरता दिने भएको छ ।

सरकारी भवनहरूको निर्माणमा एकद्वार प्रणाली लागु गर्ने, 'एकीकृत बस्ती, समृद्ध सहरको नीति' अन्तर्गत भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीलाई प्रवर्द्धन गर्दै एकीकृत बस्ती विकास गुरुयोजना तर्जुमा गरी प्रदेशभित्रका उदीयमान सहर स्थापना गर्ने कार्यक्रमलाई अघि बढाइने सरकारले नीति तथा कार्यक्रममा समेटेको छ ।

'कृषि रुपान्तरणको आधार : प्रवर्द्धन र पूर्वाधार' भन्ने अभियानका साथ कृषि उत्पादन अभिवृद्धि गर्न कृषि र कृषकका प्रवर्द्धन र भौतिक पूर्वाधार निर्माणमा निजी, सहकारी क्षेत्रलाई लगानी गर्ने वातावरण तयार गर्ने, समयमा सिँचाई सुविधा उपलब्धताका लागि साना सिँचाइ संरचनाको निर्माण तथा मर्मत सम्भार, अन्न भण्डारण गृहलगायत कार्यक्रम सञ्चालन गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको प्रदेशप्रमुख देवकोटाले जानकारी दिए ।

# मझगाउँ विमानस्थलको धानवमार्ग कालोपत्र

**सौर्य समाचार**

दोधारा चाँदनी । महेन्द्रनगरस्थित निमार्णधिन मझगाउँ विमानस्थलको १ हजार ३०० मिटर धावनमार्ग कालोपत्र गरिएको छ । विमानस्थलको १ हजार ५२५ मिटर धावनमार्गमध्ये १ हजार ३०० मिटर धावनमार्ग कालोपत्रे गरिएको मझगाउँ विमानस्थल आयोजना प्रमुख मीनराज ओझाले जानकारी दिए ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनामातहत रहेको २२५ मिटर जमिन प्राप्तीमा ढिलाइ भएपछि निर्माण कम्पनीले १ हजार ३०० मिटर मात्रै कालोपत्र गरेको हो । अहिले विमानस्थललाई सेनाले प्रयोग गरिरहेको जग्गा प्राप्त भएपछि बाँकीरहेको धावनमार्ग निमार्णको काम सुरु तयारी गरिएको छ । 'धावनमार्गको २५० मिटर जग्गा नेपाली सेनाले प्रयोग गर्दै आइरहेको थियो त्यसमा पनि हामीले काम गर्नका लागि अनुमति पाइसकेका छौं ।' विमानस्थल आयोजना प्रमुख ओझाले भने, 'अब जग्गा प्राप्तीमा कुनै विवाद छैन केही दिनमा काम सुरु हुन्छ ।' उनले विमानस्थलको ६१ प्रतिशत काम सम्पन्न भइसकेको बताए । विमानस्थलको धानवमार्ग कालोपत्रेको काम असारभित्र सक्ने लक्ष्य राखिएको छ ।

पहिलो चरणको धावन मार्ग निर्माणको काम सकिएपछि नागरिक उड्डयन प्राधिकरणले दोस्रो चरणमा टर्मिनल भवन निर्माणका लागि तयारी गरिरहेको विमानस्थल प्रमुख ओझाले बताए । मझगाउँ विमानस्थल स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको लगानीमा निर्माण भइरहेको हो । जसअनुसार भीमदत्त नगरपालिकाको १५ प्रतिशत, दोधारा चाँदनी नगरपालिकाको १० प्रतिशत, सुदूरपश्चिम प्रदेश सरकारको २५ प्रतिशत र संघीय सरकारको ५० प्रतिशत लगानी रहने छ ।

विमानस्थल निर्माण सम्पन्न भएपछि पर्यटनमा महत्वपूर्ण टेवा पुग्ने यहाँका स्थानीयले अपेक्षा गरेका छन् । विमानस्थल सञ्चालनमा आएपछि भारतको उत्तराखण्ड/उत्तरप्रदेशको ठुलो जनसंख्यालाई यहाँबाट पशुपतिनाथ, मुक्तिनाथ, लुम्बिनी र पोखराको पर्यटकीय क्षेत्रसम्म लैजान सकिने सम्भावना छ । यहाँका पूर्वसांसद डा.दीपकप्रकाश भट्टले भने, 'पर्यटन क्षेत्रबाट रोजगारीका सम्भावना बढ्दै गएका छन् विमानस्थलले कञ्चनपुरको विकासमा महत्वपूर्ण टेवा पुगाउँछ ।' उनले शुक्लाफाँटा पर्यटनको सम्भावना बोकेको ठाउँ भएकाले विमानस्थल सञ्चालनमा आउन जरुरी रहेको बताए ।

विमानस्थल सञ्चालनमा आए पश्चिमी नाका गड्डाचौकीबाट भित्रिने तेस्रो मुलुकका पर्यटकका लागि पनि सहज हुने अपेक्षा गरिएको छ । अहिले यहाँबाट आउने पर्यटक सडक मार्ग हुँदै काठमाडौं, पोखरालगायतका पर्यटकीय गन्तव्यमा जाने गरेका छन् । 'यहाँ धेरै ठाउँमा विमानस्थल बनेर पनि सञ्चालनमा आउन सकेका छैनन् ।' यहाँका स्थानीयवासी गणेश जोशीले भने, 'विमानस्थल बनेर मात्रै हुँदैन विमानस्थलमा विमान सञ्चालन हुने कुरामा पनि सुनिश्चितता हुनुपर्छ ।'


**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत हुने आशयको सूचना**

**प्रकाशित मिति : २०८२-०२-१५**

दमक नगरपालिकाद्धरा न्यानो झोला खरिदको लागि DMO/JHAPA/NYANOJHOLA/81-82 मा पर्न आएका बोलपत्रहरुका सम्बन्धमा दमक नगरपालिकाको २०८२।२।१३ गतेको निर्णयानुसार देहायको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.नं. | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|
| १ | श्री मिलन ब्रदर्स एण्ड सप्लायर्स, | २,८६९, २११.२५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# धुलिखेल अस्पतालमा 'ट्रमा एन्ड इमर्जेन्सी सेन्टर' निर्माण हुने

■ शुकदेव थपलिया

काभ्रेपलाञ्चोक । नेपाल सरकारको पहलमा धुलिखेल अस्पताल र जापान अन्तर र्राष्ट्रिय सहयोग एजेन्सी (जाइका) बीचको समभ्रदारीअनुसार जापान सरकारको सहयोगमा धुलिखेलमा अत्याधुनिक ट्रमा सेन्टर निर्माण हुने भएको छ । धुलिखेल नगरपालिका–६ स्थित धुलिखेल अस्पतालको उक्त ट्रमा एन्ड इमर्जेन्सी सेन्टर भवनको प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार शिलान्यास गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले स्वास्थ्य पूर्वाधारमा लगानी, स्थायित्व र गुणस्तर वृद्धिमा अत्यावश्यक रहेको बताए । उनले नयाँ ट्रमा सेन्टरले नेपालको स्वास्थ्य क्षेत्रमा नयाँ युगको सुरुआत गर्ने दाबी गरे ।

प्रमाणजन्य उपचार र आपत्कालीन स्वास्थ्य सेवामा अस्पताल र चिकित्सकको भूमिका अपरिहार्य रहेको उल्लेख गर्दै उनले यस्तो केन्द्रको आवश्यकता रहेकोमा जोड दिए । उक्त अस्पतालमा ट्रमा एन्ड इमर्जेन्सी सेन्टर (आन्तरिक अनुदान)को सुधार परियोजनाका लागि जापान सरकारले थप ३ अर्ब २ करोड ९६ लाख यान अनुदान दिनेछ ।

यही जेठ २ गते अर्थ मन्त्रालयमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र जापानका संसदीय उपविदेशमन्त्री इकुइना अकिकोबीच उक्त अनुदान सहायता सम्भ्रौतामा हस्ताक्षर भएको थियो । आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट ३ अर्ब २ करोड ९६ करोड यानको अनुदान सहयोगमा सन् २०२३ मा हस्ताक्षर भइसके पनि मूल्यवृद्धि र अन्य कारणले आर्थिक अभाव भएपछि अहिले थप अनुदान उपलब्ध गराइएको जनाइएको छ ।



निर्माण सम्भ्रौतामा जापान सरकारले ६० प्रतिशत भवनमा र सबै प्रकारका मेडिकल उपकरणका लागि ४० प्रतिशत सहयोग गर्ने उल्लेख छ । सेन्टरमा पार्किङ, आइसियु, ३ वटा अप्रेसन थिएटर, एचडियु, ल्याब, फार्मेसी, फोहोर व्यवस्थापनलगायत आवश्यक सबै सेवाहरू उपलब्ध हुनेछन् । यस्तै सेन्टर सञ्चालनका लागि ३ तला बेसमेन्टसहित ५ तलाको भवन निर्माण हुने आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदनमा उल्लेख छ । सोही कार्यक्रममा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) का नेपाल प्रमुख मासुजाकी मिजुकीलेले सन् १९७० देखि जापान–नेपालको मित्रता कायम रहेकाले नेपालमा शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा काम गरिरहेको बताए । जापान सरकारले बिपी राजमार्गअन्तर्गत धुलिखेल–सिन्धुली–बर्दिबास १६० किमी सडक निर्माण गरेको स्मरण गर्दै उनले गतसालको बाढीपहिरोले उक्त सडकका केही खण्ड क्षतिग्रस्त बनाएकामा दुःख व्यक्त गरे ।

शिलान्यास कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल पनि सहभागी थिए ।

## सामुदायिक अस्पताललाई सरकारसँग सहकार्य गर्न आग्रह

काभ्रेपलाञ्चोक । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सामुदायिक अस्पतालले उत्कृष्टता हासिल गर्न सरकारसँग सहकार्य गर्नुपर्नेमा जोड दिएका छन् । मन्त्री पौडेलले सामुदायिक अस्पताललाई समेट्ने गरी सरकारले नीतिगत विषय परिमार्जन गरेकाले सहकार्य आवश्यक रहेको बताए । यो वर्षको बजेटमासमेत सामुदायिक अस्पताललगायत स्वास्थ्य संस्थालाई सहकार्य गर्नेगरी सहभागिता गराइएको बताउँदै उनले सरकारसँगको सहकार्यले स्वास्थ्य क्षेत्रमा उत्कृष्टता हासिल गर्न सक्ने विश्वास व्यक्त गरे ।

स्वास्थ्य क्षेत्रमा सुधार गर्न सरकारले थुप्रै विषय ल्याएकाले कार्यान्वयन गर्न स्रोतको खोजी भइरहेको उनको भनाइ थियो । 'स्रोत जुटाउन सामदायिक क्षेत्र, शुभेच्छुक अन्तर्राष्ट्रिय दाता तथा निकायसँग जोड्न सक्नुपर्छ', उनले भने । राज्यले स्वास्थ्य क्षेत्रमा आवश्यकताअनुसार लगानी गर्नसक्ने अवस्थालाई सबल बनाउनेतर्फ लाग्नुपर्नेमा जोड दिँदै उनले बिमा प्रणालीमार्फत विकल्प खोज्नुपर्ने बताए ।

# जोखिममा रहेका १६२ बालबालिकालाई खाद्यान्न वितरण



■ कृष्णप्रसाद अधिकारी

दैलेख । चामुण्डा बिन्द्रासैनी नगरपालिका दैलेख, सेभ द चिल्ड्रेन र सोसेक नेपालले सञ्चालन गरेको सहयात्रा तेस्रो परियोजनाले १६२ बालबालिकालाई खाद्यान्न सहयोग गरेको छ । नगरपालिकाका सबै वडाका बालबालिकाको लागि खाद्यान्न वितरण गरिएको हो ।

विशेष संरक्षणको आवश्यकता भएका आमाबाबु गुमाएका, अभिभावकविहीन, आर्थिक रूपमा विपन्न र नियमित विद्यालय जान समस्यामा परेका बालबालिकाका परिवारको लागि खाद्यान्न सहयोग गरिएको नगरप्रमुख गणेशकुमार शाहीले बताए । उनले थने, 'हाम्रो समाजमा बिहान खाए बेलुका के खाउ भन्ने अवस्थाको परिवारका बालबालिका छन् । उनीहरू विद्यालय त जान्छन्, तर भोको पेटमा बालबालिकाको सिकाइ गुणस्तर नहुने र विद्यालयको नियमिततामा समेत समस्या पर्ने देखिएकाले खाद्यान्न उपलब्ध गराउनुपरेको हो ।'

उपलब्ध खाद्यान्नले बालबालिकाको पोषणमा सुधार गर्ने बताउँदै प्रमुखले भने, 'घरमा राम्रो खाना खान्छन् र बालबालिका भ्रोला बोकेर विद्यालय जान्छन् ।' छोराछोरी जन्माएर उचित हेरचारह नगर्ने अभिभावकलाई बालबच्चाको जिम्मेवारी राम्रोसँग वहन गर्न उनले आग्रह गरे । उनले भने, 'जहाँ सचेत अभिभावक हुन्छन् त्यहाँ बालबालिका पनि सुध्रिएको देखिन्छ ।' अभिभावकले छोराछोरी विद्यालय पठाएर मात्रै कर्तव्य पूरा नहुने उनले बताए । 'बच्चाले विद्यालयमा राम्रोसँग अध्ययन गरेको छ कि छैन, उसको पढाइ कस्तो छ, कतिबेला घर फर्किन्छ, विद्यालय जान्छु भनेर नगएको पनि हुन सक्छ', उनले भने ।

अभिभावकले महिनामा एकदिन विद्यालय गएर आफ्ना बालबालिकाको बारेमा बुभ्रनुपर्ने उनको भनाइ छ । यो खाद्यान्न सामाग्री पर्याप्त नभएको र केही समयका लागि राहत मात्रै भएकाले यस्ता परिवारको लागि दीर्घकालीन आयआर्जनका श्रोतको खोजी स्थानीय सरकारले गरिरहेको उनको भनाइ थियो ।

आर्थिक अभावका कारण कुनै पनि बालबालिका विद्यालय वाहिर नहुने नगरउपप्रमुख मनसरा कुमारी रेग्मीको भनाइ छ । बालबालिकालाई विद्यालय निरन्तरताका लागि साभ्रेदार संस्थासँगको सहकार्यमा स्थानीय सरकारले सहयोग गर्ने उनले बताइन् ।

उनले भनिन्, 'विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको राहत पुनःस्थापना तथा सहयोगका लागि पालिकामा बालकोष स्थापना गरिएको छ ।' यदि कुनै बालबालिकालाई तत्काल सहयोग गर्नुपर्ने अवस्था भए स्थानीय सरकार सहयोग गर्न तयार रहेको उनको भनाइ थियो ।

वडा–३ का अध्यक्ष दीपबहादुर शाहीले वडाका १८ जना बालबालिकाका परिवारलाई खाद्यान्न सहयोग गरिएको बताए । बालबालिकालाई शैक्षिक छात्रवृत्ति र खाद्यान्न सहयोग गरिएको उनको भनाइ छ । १२९ जना जोखिममा रहेका बालबालिकालाई उनीहरूको आवश्यकताअनुसार फरकफरक सामग्रीहरू उपलब्ध गराइएको शाहीले बताए ।

# विद्यार्थीलाई पढाइसँगै सीप सिकाउँदै बेनीका विद्यालय

■ सौर्य समाचार

म्याग्दी । बेनी नगरपालिकाले 'हामी सक्छौँ, हामी गर्छौं' कार्यक्रममार्फत विद्यार्थीलाई पढाइसँगै सीप सिकाउन थालेको छ । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाउन 'हामी सक्छौँ, हामी गर्छौं' कार्यक्रम सञ्चालन भएको हो । विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख सुरत केसीले जानकारी दिए ।

'माध्यमिक तहको शिक्षा हासिल गरेका विद्यार्थीले आफ्नो रुचिअनुसारको व्यवसाय गरी आयआर्जन र आफ्नो घर, टोल छिमेकमा आवश्यक पर्ने काम गर्न सक्ने बनाउने उद्देश्यले सीपमूलक तालिम सञ्चालन भएको छ,' उनले भने, 'दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गरेर रोजगारी सृजना, स्वरोजगार बन्ने सहयोग पुग्ने छ ।'

बेनी नगरपालिकाका १६ विद्यालयलाई आर्थिक वर्ष २०८१/०८२ मा हामी सक्छौँ, हामी गर्छौं कार्यक्रमका लागि १–१ लाख रुपैयाँका दरले १६ लाख बजेट विनियोजन गरेको छ । १२ वटा विद्यालयले कार्यक्रम कार्यान्वयनका लागि सम्भ्रौता गरिसकेका र ४ वटा सम्भ्रौताको चरणमा रहेका बेनी नगरपालिकाको शिक्षा अधिकृत कमल ढकालले जानकारी दिए ।

पाल्लेखेतको दीपक माविले च्याउखेती सुरु र अर्थगेको जामुनाखर्क माविले आधारभूत सौन्दर्यकला तालिम सञ्चालन गरेको छ । बेनीको बालमन्दिर माविले पलम्बिङ, नेप्टेचौरको राष्ट्रिय माविले कपाल काट्ने, भकुण्डेको अर्जुन माविले भित्तेलेखन, अर्जमको रामचन्द्र माविले हाउस वायरिङ, भकिम्लीको जयन्ती माविले अकबरे खुर्सानी र तरकारी, भिरमुनिको पौलत्स्य माविले हाते ट्र्याक्टर मर्मत, पुलाचौरको जनकल्याण माविले बाँसका सामान बनाउने तालिम सञ्चालन गर्न सम्भ्रौता गरेका छन् ।

बेनी सामुदायिक माविले शैलुन, प्रकाश माविले हाउस वायरिङ, तोरीपानीको गलेश्वर माविले प्राविधिक धारका विद्यार्थीलाई फिल्ड सर्वेक्षणसम्बन्धी सीप सिकाउन कार्यक्रम सम्भ्रौता गरेको छ ।

गलेश्वरको जडभरत संस्कृत, सिंगाको धवलागिरि, तातोपानीको सरस्वती र रत्नेचौरको भानु माविले कार्यक्रम प्रस्ताव पेस गरेका छैनन् ।

आव २०७९/०८० मा १० विद्यालयमा सञ्चालन भएको कार्यक्रम प्रभावकारी भएपछि २०८०/०८१ र २०८१/०८२ देखि नगरपालिकामा रहेका १६ वटै माध्यमिक विद्यालयमा सञ्चालन गरिएको हो । बिहान–बेलुकी विद्यार्थीको अनुकूल समयमा आलोपालो गरेर तालिममा सहभागी हुने व्यवस्था मिलाइएको छ । बेनी नगरपालिकाको सामुदायिक विद्यालयका करिब १ हजार विद्यार्थी सीपमूलक तालिममा सहभागी हुने अपेक्षा गरिएको छ ।



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जुम्लाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०२/१५ गतेको सौर्य राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|
| गुप्ती बुढाको नाति, मान बहादुर बुढाको छोरा, जुम्ला जिल्ला, साविक चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, चन्दननाथ न.पा. वडा नं. ५ बस्ने **नन्द बहादुर बुढा** (ना.प्र.नं. १/३७६२/३८९२, जारी मिति २०६१/०२/२५, जि.प्र.का. जुम्ला) । | मान बहादुर बुढाको बुहारी, नन्द बहादुर बुढाको पत्नी, जुम्ला जिल्ला, साविक चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, चन्दननाथ न.पा. वडा नं. ५ बस्ने **अम्बीका श्रेष्ठ** (ना.प्र.नं. ११२७३, जारी मिति २०५९/०३/०३, जि.प्र.का. जुम्ला) । |
| **धितोको विवरण** | |
| नन्द बहादुर बुढा (ना.प्र.नं. १/३७६२/३८९२, जारी मिति २०६१/०२/२५, जि.प्र.का. जुम्ला) को नाममा मालपोत कार्यालय जुम्लामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारीत भई बैंकको पक्षमा रोक्का समेत रहेको जुम्ला जिल्ला, साविक चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ ख हाल जुम्ला जिल्ला, चन्दननाथ गा.पा./न.पा. वडा नं. ५ स्थित कि.नं. ११२ को क्षेत्रफल १०४.०० (व.मि.) बमोजिमको जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank
शाखा कार्यालय : जुम्ला
फोन नं. ०८७-५२०६७३
Website : www.siddharthabank.com




## Invitation for Bids

**Sunkoshi Rural Municipality**

**Office of Rural Municipal Executive**

**Okhaldhunga**

**Invitation for Bids for the 01/SQ/SANITARYPAD/SRM/081-082**

**Date of Notice publication: 29-05-2025 (2082/02/15)**

1. Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive invites Electronic bids from eligible bidders for Invitation for Sealed Quotation for the procurement of supply and delivery of sanitary pads_under Sealed Quotation Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Sunkoshi Rural Municipality, Office of Rural Municipal, Mulkharka, Okhaldhunga, or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidder submit their bid electronically may purchase, download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost NRs 1,000 till 2082/02/30 (13 June 2025)during valid hours of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher/Online deposit slip shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Machhapuchchhre Bank Limited**
   **Name of Office: Sunkoshi Rural Municipality**
   **Name of account:SUN GA.PA.AANTARIK RAJASWO GA-1.1**
   **Rajaswa (Internal revenue) Shirshak Account no. : 0950073610000031**
   **Rajaswa (Internal revenue) Shirshak no. : 14229 Office Code no.: 801011008**
5. Electronic bids must be submitted to the office Sunkoshi Rural Municipality Office, Okhaldhunga through PPMO website www.bolpatra.gov.np/egpon or before 13:00 Noon on 13th June 2025 (2082/02/30. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pm on 13thJune 2025 (2082/02/30) at the Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Okhaldhunga. Bids must be valid for a period of 45 (fourty five days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.20000 which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   **Name of the Bank: Machhapuchchhre Bank,Mulkharka Okhaldhunga**
   **Name of Office: Sunkoshi Rural Municipality**
   **Account Name:SUNKOSHI GA.PA.DHARAUTI GA-3**
   **Dharauti Khata no. : 0950073610000045 Office Code no.: 801011008**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Details of works**

| S. N. | Contract Id No. | Description of Works | Estimated Amount (without VAT Contingency&PS ) | Bid Security Amount NRs. | Bid Fee Amount NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01/SQ/SANITARYPAD SRM/081-082 | Procurement of supply and delivery of sanitary pads_ | 8,00,000/- | 20000 | 1000 | |

8. The Employer reserves the right to accept or reject,wholly or partly. The employer reserves the right to accept or reject,wholly or party any reason,whatever.

**Chief Administrative Office**

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# गणतन्त्र संस्थागत गर्ने चुनौती

नेपाली जनताले राजनीतिक रूपमा सर्वाधिक उपलब्धि प्राप्त गरेको दिनको सम्झनामा हरेक वर्षको १५ जेठलाई देशले महत्वपूर्ण पर्वमा रूपमा 'गणतन्त्र उत्सव' मनाउँदै आएको छ । आजभन्दा १८ वर्षअघि यही दिन जननिर्वाचित संविधानसभाको करिब ९८ प्रतिशत बहुमतले निरंकुश राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र बहालीको घोषणा गरेको थियो । राजतन्त्रको अन्त्य तथा गणतन्त्र स्थापना विश्व इतिहासको नयाँ घटना होइन । धेरै देशका जनताले सयौँ वर्षअघि यो उपलब्धि हासिल गरिसकेको देखिन्छ । फरक के देखियो भने कतिपय देशमा संघर्षको माध्यमबाट गणतन्त्र स्थापना गर्ने क्रममा राजालाई या त मृत्युदण्ड दिइयो, या त देशनिकाला गरियो, तर नेपालमा संविधानसभाको निर्वाचनमार्फत् जनमतको शान्तिपूर्ण माध्यम अपनाइयो । गद्दीच्यूत भएका राजालाई ससम्मान नागार्जुन दरबारमा बसोबासको प्रबन्ध मिलाइयो । जनताले आन्दोलन र मतदानमार्फत दिएको आदेशलाई राजाले पनि पत्रकार सम्मेलन गरेरै स्वीकार गरे । तर विश्व इतिहासमै उदाहरणीय हुने गरी प्राप्त भएको गणतन्त्र १७ वर्ष बितिसक्दा पनि प्रश्नको घेराबाट मुक्त हुन नसक्नु ज्यादै विचारणीय पक्ष हो । गणतन्त्र स्थापनाको नेतृत्व गरेका दलहरूले सत्तामा पुगेपछि गणतन्त्र संस्थागत गर्ने एजेन्डालाई प्राथमिकतामा राख्न नसक्नुको परिणाम हो यो । मुख्य एजेन्डामा दलहरू इमानदार देखिएको भए संविधानसभाको चुनाव दुई पटक गर्नुपर्ने अवस्था आउँदैनथ्यो । संविधान निर्माण गर्न ७ वर्ष लामो अमूल्य समय बिताउनुपर्ने थिएन । दलका नेताहरूले सत्तास्वार्थलाई प्राथमिकता दिएकै कारण यति लामो अवधिसम्म पनि गणतन्त्र अझै धरमराइरहेको छ ।

लामो समयसम्म देशको शासनसत्तामा हालिमुहाली चलाइरहेको शक्ति अग्रगामी परिवर्तनलाई सहर्ष स्वीकार गर्दै चुप लागेर बस्दैन भन्ने उदाहरण विश्वका प्रायः सबै देशमा देखिन्छ । नेपालमा पनि २००७ सालको परिवर्तनपछि राणाहरूले खुकुरी दलका नाममा गरेको प्रयास, २०१७ सालमा राजा महेन्द्रले गरेको प्रयास, २०४६ सालको परिवर्तन उल्ट्याउन २०५९ सालमा राजा ज्ञानेन्द्रले गरेको प्रयासलगायत प्रतिगामी षड्यन्त्रका कैयौँ उदाहरण छन् । तर २०६५ जेठ १५ गते गणतन्त्रको विधिवत् कार्यान्वयनपछि देशको नीति निर्माण तथा कार्यान्वयनको जिम्मेवारी बहन गरेका दलहरूले इतिहासका घटना तथा अनुभवबाट पाठ सिकेको देखिएन । त्यसैको परिणाम हो, अहिले देखापरेको प्रतिगामी चलखेल । संविधानसभालाई सत्ता राजनीतिको दाउपेचको थलोमा परिणत गर्नु दलहरूको पहिलो गल्ती थियो । संविधान निर्माण गर्दाका अन्तरबस्तु तथा कार्यान्वयनलाईभन्दा सत्ता बाँडफाँडलाई प्राथमिकता दिनु दलहरूको दोस्रो गल्ती थियो । बहुदलीय व्यवस्थामा राजनीतिक दल भनेका एकअर्काका सहयोगी हुन् भन्ने यथार्थलाई ग्रहण गर्न नसक्नु संविधान जारी भएपछिको अर्को गल्ती थियो । गणतन्त्र स्थापनाका लागि हातेमालो गरेर अघि बढेका दलहरू एकले अर्कोलाई समाप्त पार्ने अभियानमा 'प्रतिगामी शक्ति'लाई शीरमा बोक्न अभिशप्त भएको प्रमाण २०७४ र २०७९ सालको आमनिर्वाचन हो । संविधान जारी भएपछिको पहिलो आमनिर्वाचनमा राजावादी शक्ति राप्रपाको पक्षमा भोट माग्न एमाले, कांग्रेस र माओवादी प्रतिस्पर्धामा उत्रनुपर्ने वाध्यता के कसरी उत्पन्न भयो ? २०६२/०६३ सालका परिवर्तनकारी जनता त्यसको चित्तबुझ्दो जबाफको खोजीमा छन् ।

मुलुकले १८औँ गणतन्त्र दिवस मनाउँदै गर्दा पूर्वराजा ज्ञानेन्द्र शाहलाई नारायणहिटीको राजगद्दीमा राख्ने भन्दै एउटा समूह 'संघर्ष'मा उत्रेको छ । जसका कारण गणतन्त्र दिवस उल्लासको सट्टा मुठभेडमा परिणत हुने खतरा देखिएको छ । तर, यो खतराप्रति गणतन्त्र स्थापनायता देशको नीति निर्माण तहमा पुगेका नेताहरू गम्भीर नदेखिनु देशका लागि ठुलो दुर्भाग्य हो । चुनावमा भोट मागेका मात्रै होइनन्, शासन सत्ता सञ्चालन गर्ने क्रममा पनि प्रतिगामी शक्तिलाई बल पुर्‍याउने कामलाई गणतन्त्रका पक्षधर नेताहरूले नै निरन्तरता दिइरहेका छन् । चुनाब नै हुन नसक्ने अवस्थामा २–२ पटक संसद् विघटन गरेका ओली यतिबेला पुनः प्रधानमन्त्री पदमा आसिन मात्रै छैनन्, उनले उत्तेजक अभिव्यक्तिसमेत दिइरहेको अवस्थामा गणतन्त्रको संस्थागत विकासका सन्दर्भमा शंका उत्पन्न हुनु स्वभाविकै हो । यद्यपि अहिलेको लोकतान्त्रिक गणतन्त्रको विकल्प अझ समुन्नत लोकतान्त्रिक गणतन्त्र नै हो । आमजनतामा वर्तमानमा देखिएको चरम निराशा यो पद्धतिप्रति होइन, यो पद्धतिको भर्‍याङ चढेर हालीमुहाली गर्ने तथाकथित संवाहकहरूप्रति हो । अबका दिनमा गणतन्त्रको सुदृढीकरणका लागि त्यस्ता पात्रहरूलाई पन्छाएर स्वच्छ नेतृत्वको खोजी गर्नु अपरिहार्य भएको छ ।

## जेठ १५ गतेको राशिफल

| | |
|---|---|
| मेष | भाग्यवृद्धि । |
| वृष | असन्तोष । |
| मिथुन | रोग मुक्त । |
| कर्कट | चिन्ता बढ्ने । |
| सिंह | मन प्रसन्नता । |
| कन्या | गृह सुख । |
| तुला | व्यापारमा हानी । |
| वृश्चिक | कष्ट । |
| धनु | मिष्ठान भोजन । |
| मकर | अधिक व्यय । |
| कुम्भ | अवरोध । |
| मीन | धन नाश । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# हल्लिएकै हो त गणतन्त्रको जग ?



भरतराज पोखरेल

गणतन्त्रले १७ वर्ष पूरा गरेर १८ वर्षको यात्रा तय गरेको छ तर यति नै बेला गणतन्त्रवादीहरूको स्वर मत्थर हुँदै जाँदा विरोधीहरूको स्वर चर्को हुँदै गएको छ । केपी ओली र शेरबहादुर देउवाको नेतृत्व भएको बेला राजावादीहरू किन हौसिएका हुन् ? यति नै बेला राजावादी तात्नुको तात्पर्य के हो ? गणतन्त्र दिवसकै दिन पारेर आन्दोलन सुरु गर्ने हैसियतमा राजावादीहरू कसरी पुगे भन्ने प्रश्न पनि स्वभाविक रूपमा जन्मिएको छ ।

अहिलेको गणतन्त्रको मुख्य आड सशस्त्र आन्दोलनमा रहेको माओवादीलाई शान्तिपूर्ण आन्दोलनमा ल्याएर राजतन्त्रको विपक्षमा खडा हुने शक्ति नै मुख्य हो । माओवादी आन्दोलनलाई शान्तिपूर्ण बाटोमा ल्याउने र शान्तिपूर्ण आन्दोलनमा रहेका तत्कालीन ७ दल गणतन्त्रमा जाने जुन गठजोड बन्यो र १२ बुँदे शान्ति सम्झौता भयो वास्तवमा गणतन्त्रको कोसेढुंगा त्यही हो । त्यो शान्ति सम्झौताको मुख्य भूमिकामा विद्रोहीका तर्फबाट माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' थिए भने अर्कोतिर तत्कालीन कांग्रेस सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, तत्कालीन एमाले महासचिव माधव नेपालहरू नै थिए । तर, अहिले गणतन्त्रका मुख्य शक्तिहरूकै बीचमा पार्टीगत र व्यक्तिगत सन्तुलन केही खल्बलिएको छ । त्यसको संकेत राजावादीहरूको ताहुरमाहुरले पनि देखाएको छ । गणतन्त्रका मुख्य 'स्टेकहोल्डर'कै शक्तिसन्तुलनमा कम्पन आएपछि त्यसको जगमा हलचल आउनु अन्यथा होइन ।

गणतन्त्रका मुख्य नायक भनिएका प्रमुख पात्रहरूमध्ये तत्कालीन विद्रोहीका कमान्डर प्रचण्ड मात्रै अहिले पनि उनको पार्टीको मुख्य भूमिकामा छन् तर पार्टीभित्र उनको पकड खल्बलिएको छ । उनी पार्टीभित्र र बाहिरको शक्तिसन्तुलन मिलाउन पटकपटक चुकेका छन् । गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाउन नसकेकोमा पछुतो मानिरहेका उनी पछिल्लोपटक कम्तीमा पनि कृष्ण सिटौलालाई राष्ट्रिय सभाको अध्यक्ष बनाएर गुन तिर्लान् भन्ने अनुमान गरिएको थियो, त्यसमा पनि उनी चिप्लिए, चिप्ल्याइए । यसले के देखाउँछ भने कि उनी आफैँ बैगुनी र बेइमान छन् या पार्टीमा यिनको पकड गुम्दै गएको छ ।

विगतलाई अलिकति नजरअन्दाज गर्ने हो भने गणतन्त्रका मामलामा गिरिजाप्रसाद कोइरालाका असली उत्तराधिकारी गगन थापा विश्वप्रकाश शर्मा हुन सक्छन्, शेरबहादुर देउवा होइनन् । तत्कालीन भूमिकाका हिसाबले बरु कृष्ण सिटौला हुन् । तर त्यसबेला गणतन्त्रको जग बसाल्ने सरकार– माओवादी शान्ति सम्झौतामा बल्लतल्ल साक्षी बसेका देउवाले गणतन्त्र जोगाइदिन पर्ने भएपछि यो लुलो हुनु अनौठो होइन । गणतन्त्रको जग बसाल्ने सरकार– माओवादी शान्ति सम्झौतको रचना गर्भ मानिएको 'काकताली राजा' ज्ञानेन्द्रको शासन र राजतन्त्रकै विरुद्ध आन्दोलनरत ७ दल र तत्कालीन सशस्त्र विद्रोही माओवादीबीच सहकार्यका लागि भएको १२ बुँदे समझदारीका सूत्रधार अर्को कुनै प्रमुख पात्र थिए भने त्यो हो नेकपा (एमाले)का तत्कालीन महासचिव माधव नेपाल । तर यसको उल्टो, शान्ति सम्झौता ताकाका 'ब्याक बेन्चर'हरूको त्यो पार्टीमा हालिमुहाली मात्रै होइन राइँदाइँ छ । अनि माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतमहरू कुन कुनामा मिल्काइएका छन् ? यसले पनि देखाउँछ हुर्कन नसकेको शिशु गणतन्त्रको हालत । गणतन्त्रको सबालमा विचार र प्रतिवद्धताका हिसाबले माधव नेपाल, झलनाथ खनाल वा वामदेव गौतमहरूका असली उत्तराधिकारी कम्तिमा खड्गप्रसाद शर्मा ओलीहरू होइनन् । योगेश भट्टराईहरू 'ठूलो पार्टी'मा छिँडीको बास भएको बेला भूमिकाको प्रश्न गर्नु नै प्रश्नको अपमान हो । समयको छालले पार्टीलाई नै बगरतिर हुत्याएको बेला गणतन्त्रका लागि सडकमा आगो ओकल्ने रामकुमारी झाक्रीहरू वा घनश्याम भुसालहरू खै भनेर प्रश्न गर्नु पनि कति सान्दर्भिक होला ?

> तत्काल नै कायापलट हुने ढंगले केही नगरेमा अबको केही दशकमा मानवीय सभ्यताले नसोचेको संकट भोग्न पनि सक्ने छ । मानिसको कमजोर स्वास्थ्य अवस्था, जलवायु विनाश, १० औँ लाखौँ जलवायु आप्रवासन तथा महामारीको समस्या पनि देखिन सक्ने छन् ।

पार्टीमा हालिमुहाली भएको बेला सबैले अलिकति खेलोमेलो गरेकै छन् । एमालेमा सर्वेसर्वा भएको बेला माधव नेपालहरूले पनि चुनावको बेला सूर्य चिन्ह अरूलाई पनि प्रयोग गर्न दिएका थिए र केपी ओलीहरूले पनि त्यो सुविधा अरूलाई दिएका छन् । फरक के हो भने हिजो माधव नेपालहरूले पद्मरत्न तुलाधरलाई काठमाडौँमा सूर्य चिन्हबाट चुनाव लडाएका थिए, आज केपी ओलीहरूले कमल थापालाई सूर्य चिन्ह दिए । फरक यही यत्ति हो कि कोमल वलीहरू केन्द्रीय कमिटीमा भएको बेला कमल थापालाई सूर्य चिन्ह दिने निर्णय गर्नु खासै आश्चर्य पनि होइन । गोत्र पहिल्याउँदै गए बरु हृदयेश त्रिपाठीसम्मले सूर्य चिन्हबाट चुनाव लड्नुमा एउटा तर्क भेटिन सक्छ तर कमल थापाको त कता भेटिनु !

गणतन्त्रका लागि अर्को शक्ति भनेको मधेस केन्द्रित दल पनि हुन् । आफ्ना क्षेत्रीय समस्यामा पनि एक ठाउँमा आउन नसक्ने मधेस केन्द्रित दलहरू तत्कालीन अवस्थामा गणतन्त्रका लागि एक ठाउँमा आएका थिए । तर ती पनि आज छिन्नभिन्न भएका छन् । यो पनि गणतन्त्रको आवाज अलि मधुरो हुनुको अर्को कारण हो ।

गणतन्त्रको अर्को 'स्टेक होल्डर' भनेको नेपाली मिडिया हो । तर गणतन्त्रपछिका सरकार र ती सरकार चलाउने पार्टी मिडियामाथि यति पूर्वाग्राही भए कि भनीसाध्यै छैन । विशेष गरी तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको पटकपटकको संसद् विघटनलाई साथ नदिएपछि ओली सरकार र तिनको पार्टीले सरकारी रकममै 'साइबर सेना' पालेर मिडिया र तिनका सम्पादकमाथि व्यक्तिगत रूपमा नै खनिए । त्यतिबेलादेखि बढेको मिडियासँगको दुरी गालीगलौज र आक्षेपको तहमा उत्रियो । ओली राजमा रोपिएको 'मिडिया घृणा' वृक्षमा 'जेलेन्स्कीपन्थी'हरूले यति मलजल गरे कि यसका जरा हाँगा फैलिएर देशै ढाक्लाजस्तो भयो । '१२ भाइ' प्रकरण त्यसको उच्चतम रूप हो । अनाहकमा मिडिया सञ्चालकलाई पक्राउदेखि सम्पादकमाथि व्यक्तिगत अनेक फत्तुर यही गणतान्त्रिक सरकारकै कालमा आएको हो । पात्र फरक होलान् तर प्रवृत्ति उस्तै छ । सूचना प्रविधिको बाढी र निरन्तरको सरकारी प्रहार खेपेको नेपाली मिडिया आफैँ पनि पुरानो गतिमा छैन । छापा माध्यमको बलियो उपस्थिति आज केस्रा केस्रा भएर छिरोलिएको छ, राजनीतिक उथलपुथल नै ल्याउनसक्ने टेलिभिजनका गम्भीर बहस आज 'पडकास्ट' तिर सीमित हुँदै गएका छन् । यति हुँदाहुँदै पनि अनेक आक्षेप सहेर पनि गणतन्त्रको मूल्यमा नेपाली मिडियाले लत्तो छाडेको छैन । यसले पनि लत्तो छाडेको दिनको चित्र कस्तो हुन्छ भन्न सकिन्न ।

नेपाली राजनीति आजको आजै बिग्रेको चाहिँ होइन र त्यसको भागिदार आजका मुख्य हर्ताकर्ता मात्रै पनि होइनन् । २०५१ सालको अल्पमतको आफ्नो सरकार बचाउन राप्रपाको समर्थन लिन अस्वीकार गर्ने मनमोहन अधिकारीको पार्टी नेकपा एमालेले पछि लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनायो, त्यसको 'काउन्टर'मा सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर काग्रेसले आफ्नो पाइन देखायो । २०४६ सालको परिवर्तनबाट प्रजातान्त्रिक व्यवस्था ल्याउन महत्वपूर्ण भूमिका खेल्ने यिनै २ पार्टी थिए । पछि भएभरका पञ्च कुन कुन पार्टीमा पसेर दरबारको पक्षमा निर्णय गराउन भूमिका खेले जगजाहेरै छ । हुँदाहुँदा सूर्यबहादुर थापाका छोरा थापा कांग्रेस भएर शीतलनिवसामा गणतन्त्रका राष्ट्रपतिलाई सल्लाह दिने भइसके, गणतन्त्र हेरेको हेर्‍यै !

काग्रेस एमाले मिलेर बनेको पछिल्लो सरकारका गतिविधि पनि उदेकलाग्दा छन् । मान्छेहरू गभर्नर नियुक्त गर्न सकेनन् भन्छन्, तर नसकेर होइन ओली–देउवा टोलीले नगरेको हो । जानेर वा नजानेर कतै न कतै गणतन्त्रको माया कम र दरबारिया आन्दोलन अलि बढे बढोस् भन्ने ध्येय मिसिएको छ यसमा । सरकारी संस्थानमध्ये सबैभन्दा राम्रोसँग चलाएका कुलमान घिसिङलाई झन्डै ८ वर्ष जागिर खाएर कार्यकाल सकिनु ४ महिना अगाडि बलात् निकाल्नु र राजावादी आन्दोलन चर्किनुमा काकताली मात्रै होइन होला । प्रधानमन्त्री ओलीका भड्काउवादी गैरजिम्मेवार अभिव्यक्ति पनि गणतन्त्र बलियो पार्न आएका होइनन् । राजावादीको आन्दोलनको पूर्वसन्ध्यामा आएको प्रमको भड्किलो अभिव्यक्तिले आन्दोलनलाई उक्साउनेबाहेक अरू के काम गर्ला ! देशको कार्यकारी प्रधानमन्त्रीलाई संवैधानिक निकाय मानवअधिकार आयोगले 'मुख सम्हालेर बोल' भन्ने अवस्था आउनु लाजमर्दो स्थिति हो ।

मुलुकमा गणतन्त्रमाथि नै संकट आउने स्थिति आउन लागिसक्यो तर सत्तालाई यस्ता कुराको कुनै परवाह छैन । सरकार दिनानुदिन अलोकप्रिय हुँदै गएको छ तर सत्ताधारीको दम्भ चुलिएको चुलियै छ । अहिलेसम्म देखिएको संकट व्यवस्थापनमा हो, व्यवस्था माथि होइन । तर यो स्थिति लम्बिँदै गयो भने व्यवस्थामाथि नै संकट आउने छैन भनेर ठोकुवा गर्नसक्ने अवस्था छैन । अहिलेको सत्ता नेतृत्व र सत्ताधारी २ दलको मुख्य नेतृत्व गणतन्त्रप्रति खरो उत्रन नसकेको विगतको कारणले राजावादीहरू सलबलाएको कुरा लुकेको छैन । गणतन्त्रको जगको स्थायित्वको ग्यारेन्टी खोज्ने बेला भएको छ । यस्तो अवस्थामा दोस्रोपुस्ताले बेलैमा हस्तक्षेप नगर्ने हो भने आउने पुस्ताले फेरि दुःख पाउने छ । एमालेमा त दोस्रो पुस्ता जिउँदै छ भन्ने थाहा पाउनेगरी चलमलाएको देखिँदैन, रामकुमारी झाँक्रीहरूलाई गणतन्त्रको बगरमा पुर्‍याएको बेला कांग्रेसका गगन थापाहरूले केही गरे हुने हो । अहिले पनि जनताको असन्तुष्टि गणतन्त्र वा यो व्यवस्थामा होइन व्यवस्थापनमा हो भन्ने कुरा हेक्का राख्न जरुरी छ ।

# भ्रष्टाचारप्रति दोहोरो मापदण्ड



श्रीमन नारायण

भिजिट भिसाको आडमा भइरहेको मानव तस्करी प्रकरणमा गृहमन्त्री रमेश लेखकमाथि प्रश्न उठेको छ । राजीनामा दिनुपर्ने आवाज उनकै पार्टीभित्र उठन थालेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष र तत्कालीन गृहमन्त्री रवी लामिछानेलाई इमान्दारी, नैतिकता, सुशासन र दायित्व बोधको पाठ पढाएर राजीनामा गर्न दबाब दिने लेखक आज स्वयं नै राजनीतिक नैतिकताको घेरामा उभिएका छन् र उनलाई नैतिकताको आधारमा पदबाट राजीनामा गर्न रास्वपाका सांसदहरू चर्को रुपमा संसद्भित्र आवाज उठाइरहेका छन् । गृहमन्त्रीको राजीनामाको माग सरकार विरोधी दलहरूबाट मात्रै गरिएको भए खासै पेचिलो मान्नु पर्ने थिएन, तर नेपाली कांग्रेस भित्रबाटै उठ्नु सामान्य कुरा होइन । पार्टीका बरिष्ठ नेता डा.शेखर कोइरालाले समेत पनि उनलाई राजीनामा दिएर छानबिनमा सघाउनुपर्ने सुझाव दिइरहेका छन् । पार्टी पंक्तिभित्रबाट पनि राजीनामाको माग हुन थालेपछि उनले बिना कुनै बहाना र प्रत्यारोप चुपचाप पदबाट राजीनामा गर्नु नै बुद्धिमानी ठहरिने छ ।

भिजिट भिसामा विदेश जान लागेका गरिब नेपालीसँग दैनिक ५० लाख रुपैयाँसम्म असुल्ने गरिएको घटनामा गृहमन्त्रीमाथिसमेत छानबिनको दबाब बढिरहेको छ । मन्त्री पदमा बस्दा उनले छानबिन प्रभावित गर्न सक्ने तथा प्रमाण लुकाउन सक्ने भएकाले बर्खास्तगीको माग गरी सर्वोच्च अदालतमा रिट निवेदन नै दर्ता गरिएको छ । अधिवक्ता युवराज सफलले पनि गृहमन्त्री लेखकविरुद्ध प्रधानमन्त्री कार्यालयमा उजुरी दिएका छन् । भिजिट भिसाको सेटिङमा प्रत्यक्ष रूपमा उनको सचिवालय मुछिएको र यसमा मन्त्रीकै मिलोमतो रहेकाले उनलाई बर्खास्त गर्न भन्दै उजुरी दिएका छन् । हाल अख्तियारले गृहका सहसचिव तीर्थराज भट्टराई लगायतमाथि छानबिन गरिरहेका छ । भिजिट भिसाको सेटिङ मन्त्रीकै सचिवालयबाट भइरहेको अख्तियारको प्रारम्भिक छानबिनले देखाएको छ । अख्तियारले गरेको अनुसन्धानमा गृह मन्त्रालयका अधिकारीहरूको संलग्नता देखिएको आशंका र सेटिङमा संलग्न कर्मचारीहरूसँग विचौलियाको सम्बन्ध गृहमन्त्रीको सचिवालयसम्म पुगेको आरोप छ । गृहमन्त्री लेखकले भने आफूमाथि लागेको आरोपलाई अस्वीकार गर्दै छानबिनमा सहयोग गर्न तयार रहेको जबाफ दिएका छन् । तर उनी पदमा रहँदा छानबिन निष्पक्ष ढंगले हुनै नसक्ने आरोप विपक्षी दलहरूको रहेको छ । यस साता राजावादीहरूको आन्दोलन पनि तीव्र हुने सम्भावना छ । यस्तोमा गृहमन्त्रीको राजीनामा अनिवार्य हुन जानेछ ।

३ करोड नेपाली जनताको जिउ–धनको रक्षाको जिम्मेवारी बोकेको नेपालको गृह मन्त्रालय नक्कली शरणार्थी बनाउन लागेको, मानव तस्करीमा लागेको र मोटो रकम लिएर भिसा उपलब्ध गराउने गरेको सत्यतथ्य सार्वजनिक भएपछि नेपालको प्रहरी प्रशासनमाथि जनताको कसरी विश्वास बढ्ने ? यसभन्दा अघिका केही गृहमन्त्रीहरू बालकृष्ण खाँण, टोपबहादुर रायमाझी र कृष्णबहादुर महरा पनि यस्तै खाले कृत्यमा संलग्न पाइएका कारण अदालतको तारेख बोकिरहेका छन् । के नेपालका गृहमन्त्रीहरू यसरी नै विवादमा आइरहने हुन् त ? एक जना कथित सुरक्षाविज्ञ पनि मानव तस्करीमा संलग्न पाइएका कारण अहिलेसम्म हिरासतमै छन् । सर्वसाधारण व्यक्ति आफ्नो निजी कामले मन्त्रालयमा प्रवेश गर्न खोज्दा भेट्न खोज्दा सधैँभरि नै 'मन्त्रीज्यू मिटिङमा व्यस्त' रहेको जबाफ पाइन्छ । सोझा मान्छेहरू एक सातासम्म पनि मन्त्रीलाई भेटन सकिरहेका हुँदैनन् तर दलालहरूको भिडले घेरिएका हाम्रा मन्त्रालयहरुमा सर्वसाधारणलाई प्रवेश गर्न कठिन हुने गर्दछ ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाउने हर्कतले अमेरिका र पश्चिमा देशहरुमा नेपालको विश्वसनीयतालाई कमजोर बनाएको छ । पहिला नेपालीको पहिचान सोझा, इमानदार, परिश्रमीका रुपमा हुने गर्दथ्यो, तर अब त नक्कली शरणार्थी खडा गर्ने, पैसाको लेनदेनको आधारमा टुरिस्ट भिसा बनाइदिने लगायतका काम भइरहेका छन् । भ्रष्टाचारका कारण, परिवारवादका कारण, सत्ता मोह र सिद्धान्तविहीनताका कारण देशका जनता नेपालका राजनीतिक दलहरू र तिनका नेताको विरोध गर्दै सडकमा उत्रेका छन् । नेपाली जनता शासन व्यवस्थाको विकल्प खोज्दै सडकमा आइरहेका छन् तर राजनीतिक दलहरूलाई यसको वास्ता छैन । भिजिट भिसाको नाममा मानव तस्करीले सीमा नाघेको अवस्था छ । नेपाली कांग्रेस र नेकपा एमाले पार्टी नेतृत्वको खल्तीको रुमाल भएको अवस्था छ ।

राजनीतिक दलका दोस्रो पंक्तिका र युवा नेताहरू पार्टी नेतृत्वप्रति आस्था प्रकट गर्ने प्रतिस्पर्धामा लागेका छन् । नेतृत्वको कमी कमजोरीलाई औँल्याउने साहस अब राजनीतिक दलका नेताहरूमा रहेन । केबल नेतृत्वप्रति वफादारी सावित गर्नुलाई नै पार्टीप्रतिको दायित्व मान्ने काम भइरहेको छ । भ्रष्टाचारको सबालमा राजनीतिक दलहरूको मापदण्ड व्यक्ति अनुसारको हुने गर्दछ । पार्टी नेता भएर पनि हुँदैन, आफनो गुटको पनि हुनुपर्छ । राजनीतिक नैतिकताको कसीमा गृहमन्त्री कमजोर धरातलमा उभिएका छन् ।

राजनीतिका ३ वटै संकटबाट नेपाल गुज्रिरहेको छ । विश्वासको संकट, विचारको संकट र चरित्रको संकटबाट नेपालको राजनीति ग्रसित छ । सिद्धान्त, इमानदारी र नैतिकताको कुरा गर्नेहरू असान्दर्भिक हुँदै गएका छन् । दलहरू पनि र पार्टी नेतृत्व पनि आफूप्रति वफादारहरूको भिड खडा गरेर पार्टी संगठनमाथि आफ्नो कब्जा जमाउन खोजेका छन् । र पार्टी संगठनमा प्रवेश गर्नेहरूको सामाजिक जीवन, चरित्र, योग्यता र आयस्रोत पत्ता लगाउने प्रयास कुनै पनि राजनीतिक दलले गर्दैनन् । राजनीतिमा विकृति उत्पन्न हुनुमा सबै दल जिम्मेवार छन् । कर्मचारी र राजनीतिकर्मीहरूको मिलोमतोमा हुने गरेको भ्रष्टाचार र अनियमितताले देशलाई आर्थिक रूपले कंगाल बनाइदिएको छ ।

गत वर्ष राजधानी काठमाडौँबाट प्रकाशित एक नेपाली राष्ट्रिय दैनिकले विगत केही दशकमा देशमा भएका भ्रष्टाचारका १०१ घटनाबारे उल्लेख गरेको थियो । जसमा भ्रष्टाचारका कारण नेपाललाई करिब ३ खर्ब रुपैयाँको हानिनोक्सानी भएको उल्लेख थियो । त्यसैगरी हजारौँ हेक्टर जग्गा बलजफ्तिपूर्वक कब्जा गरिएका उदाहरणहरू छन् । नेपालको विकास किन भएन ? भन्ने प्रश्नको सोझो जबाफ त हामीले पटकपटक छान्ने गरेका जनप्रतिनिधि र नेपाल सरकारका कर्मचारीको तर्फबाट नै आउने हो । कर्मचारीको सहयोग, समर्थन र सहमतिविना जनप्रतिनिधिले भ्रष्टाचार गर्न सक्दैनन् ।

नयाँ नेपाल बनाउने, देशमा समाजवाद लागू गर्ने, सर्वहारा, गरिब, मजदुर, किसान, दलित, उपेक्षित, पीडित, मधेसी र कर्णालीजस्ता पिछडिएका वर्ग एवं क्षेत्रको उत्थान गर्ने वाचा गरेका नेताहरूले इमानदारीपूर्वक काम गरेका भए नेपाली जनता पनि कुनै विकसित देशका नागरिकसरह हुने थिए । नेपालका नेताहरू भव्य महल, चम्किलो गाडी, विदेशीको जस्तो जीवनशैली र आफ्नो घरलाई इन्द्रको दरबारजस्तो सजाएर आफूलाई विशिष्ट कोटीका र देवलोकका मानिस ठान्छन् ।

नेपालमा जति बढी भ्रष्टाचार भएका छन्, त्यति रुपैयाँबाट त देशमा विश्वविद्यालयसम्मको शिक्षा निःशुल्क हुन सक्दथ्यो । देशमा विश्वस्तरीय सस्तो र सुविधायुक्त दर्जनौँ अस्पताल बन्न सक्दथ्यो, विद्यालय भवन बन्न सक्दथ्यो । उद्योगधन्धा खुल्न सक्दथ्यो । खानेपानीको समस्या समाधान गर्न सकिन्थ्यो, ऊर्जा उत्पादन तीव्र गतिमा हुन सक्दथ्यो तर भ्रष्टाचारका कारण त्यो सम्भव भएन । लाउडा एयर, चाइना साउथ वेस्ट प्रकरण, वायुसेवा नियमको एयरबस प्रकरण, रेडक्रसमा अनियमितता, गरिबी निवारण कोष भ्रष्टाचार, सर्पकाण्ड, सिमेन्ट खानी, कृषि परियोजना, लडाईं शिविर, सहकारी ठगी, फोरजी, ओम्नी, कर फर्स्यौट, एपेक्स बैंक, सिक्टा सिँचाइ, टेरामक्स, सुनकाण्ड, बाइडबडी, माथिल्लो तामाकोसी, ललिता निवास, माथिल्लो तामाकोसीमा अर्बौंको घोटाला भएका छन् ।

दैनिक हजारौँ स्वदेशी तथा विदेशी ओहोरदोहोर गर्ने ठाउँ हो विमानस्थल । खासगरी विदेशमा बस्ने नेपालीहरूले देश बिग्रियो, बर्बादै भयो भन्ने प्रतिक्रिया दिनुको एउटा कारक विमानस्थलको अध्यागमन कार्यालयको गतिविधि हो । यस्तो गतिविधि नियन्त्रण गर्ने मुख्य जिम्मेवारी पनि गृह मन्त्रालयकै हुन्छ । किनकी गृह मन्त्रालयसँग सिआइबी, गुप्तचर विभाग लगायतका संयन्त्रहरू छन् । सीमित साधन स्रोत भएको अख्तियारका कर्मचारीहरूले समेत दैनिक त्यति ठुलो रकम असुली हुने धन्दा फस्टाइसकेको थाहा पाउँदा सिआइबी, गुप्तचर विभाग बेखबर थिए वा उनीहरूले गृहमन्त्रीलाई जानकारी गराएनन् ? अथवा जानकारी पाउँदा पाउँदै पनि गृहमन्त्री लेखकले वास्ता गरेनन् ? यो प्रकरणको छानबिन यही विन्दुबाट सुरु गरिनु आवश्यक छ ।

■ जलवायु परिवर्तनको कहर

# लोप हुँदै माटोले छाएका घर

■ नवीन लामिछाने



मनाङ । हिमाली क्षेत्रमा पानी पर्दैन भन्ने कथन पछिल्लो समय फेरिएको छ । विगतमा पानीको आवश्यकता नै हिउँले पूर्ति गर्ने हिमाली जिल्ला मनाङमा अहिले वर्षा हुन्छ । जसले गर्दा यहाँका माटाका छानो भएका घर मासिन थालेका छन् ।

परम्परा तथा मौलिकता झल्किने गरी रैथाने सीप, ज्ञान र प्रविधिको प्रयोगबाट बनाइएका घरको छत नै माटोको राखिन्थ्यो । माटो जमाएर बनाइएका घर जलवायु परिवर्तनको चेपुवामा परेर कंक्रिटले बन्न थालेका छन् । वर्षायाम लागेसँगै माटाका घर डरैडरमा छन् ।

विगतको तुलनामा मनाङमा औसतभन्दा अधिक वर्षा र लगातार झरी पर्न थालेपछि माटोले बनाइएका परम्परागत घरको छतले धान्न सक्ने अवस्था छैन । जसले गर्दा यहाँका घर पानीले भिजेर चुहिन थालेका छन् । पहिले माथिल्लो मनाङमा वर्षा नै हुँदैनथ्यो । अहिले विशेष गरी नार्पाभूमि गाउँपालिकाका नार र फूमा रहेका यस्ता पुरातन सांस्कृतिक शैलीमा निर्माण गरिएका घर वर्षाका कारण नासिँदै गएको गाउँपालिकाका अध्यक्ष कोञ्जो तेन्जिङ लामाले बताए ।

'प्रकृतिसँग जुध्न सकिँदैन । प्रकृतिलाई फेर्न पनि सकिँदैन । जलवायु परिवर्तनले प्रत्यक्ष रूपमा प्रभाव पारेको देखिन्छ । परम्परागत तथा मौलिकता नै मासिने अवस्थामा पुगेको छ । यसका साथै परम्परागत संस्कृतिलाई समेत असर गरेको महसुस हुन्छ', उनले भने । विगतमा माथिल्लो मनाङमा वर्षा नहुने हुँदा यस्ता घर नै पहिचान बनेकामा अहिले फेरिँदै गएको उनको भनाइ छ ।

सदरमुकाम चामेमा पुराना परम्परागत घर देखिन छाडेका छन् । विकासको क्रमसँगै आधुनिकताले छोप्दै जाँदा नासोँ तथा चामे गाउँपालिकामा अधिकांश घर आरसिसी गरी निर्माण भएका पाइन्छन् । तर, मनाङ डिस्याङ गाउँपालिका र नार्पाभूमि गाउँपालिकामा भने पुरातन शैलीका सांस्कृतिक सम्पदा अझै पनि देख्न सकिन्छ ।

आफ्ना सन्ततिका लागि पूर्वजले बनाएका ऐतिहासिक सम्पदा, स्मारक, गुम्बा, छोर्तेन तथा देवस्थलको अस्तित्व नासिँदै जान थालेका छन् । एकातिर जलवायु परिवर्तनको प्रभावले घट्दो हिमपात, बढ्दो तापक्रम र वर्षाले मानिस तथा पशु चौपायाको स्वास्थ्य, सामाजिक, सांस्कृतिक धरो नासिने, रैथाने सीप, पहिचान तथा ज्ञान नासिने गरेको छ भने अर्कातर्फ जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा हानि–पुऱ्याउने गरेको छ ।

हिउँ र पानी कम पर्ने चक्र फेरिएपछि हिमाली जीवनशैली र संस्कृतिमा पनि असर परेको अध्यक्ष लामाले बताए । पर्यावरणीय प्रभावका कारण जीवनयापन, वातावरणीय अवस्था तथा आर्थिक–सामाजिक–सांस्कृतिक अवस्थामा फेरबदल हुँदै गएको छ । 'पर्यटकीय 'हब'का रूपमा परिचित मनाङमा आउने विदेशी पर्यटक तिलिचो जान मात्रै आउँदैनन् । उनीहरू यहाँको जीवनशैलीको अध्ययन गर्न पनि आउँछन्, हामीले गुम्बा, छार्तेन, माटाका घरलगायत मौलिक पहिचान बनेको मनाङवासीको संस्कृति संरक्षण गर्नुपर्छ', नार्पाभूमिका अध्यक्ष लामाले भने ।

उनले नार्पाजातिको संस्कृति, रीतिरिवाज संरक्षण गर्न प्रतिबद्ध रहेको बताए । नार्पाभूमिमा गाउँ छाड्दा साइत हेरेर मात्र निस्किने तथा छोर्तेन घुमेर गाउँ छिर्ने चलन अहिले पनि जीवन्त रहेको छ । गाउँको प्रवेशद्वारका रूपमा अहिले पनि छोर्तेन देख्न पाइन्छ । यी परम्परागत गुम्बा छोर्तेन यहाँका सांस्कृतिक सम्पत्ति हुन् । संरक्षणको अभावमा यहाँका गुम्बा, छोर्तेन तथा माटाका घरको छानो चुहिएर दलिन, खम्बा र निदाल कुहिएर मक्किएका छन् । चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले अधिक वर्षा हुँदा यहाँका बासिन्दाले कंक्रिटका घर बनाउन बाध्य भएका बताए । 'विगतमा जस्तो पानीको आवश्यकता हिउँले पूरा गर्दैन । भारी वर्षा हुन्छ । जसले चिसो ठाउँ भएकाले वर्षाबाट बच्न माटाको घर फेर्न बाध्य भएका छौँ', उनी भन्छन्, 'चामे–५ मा केही परम्परागत मौलिक घर थिए । अहिले ती पनि नासिँदै गएका छन् । जति वर्ष फेरिन्छ, त्यति वर्षा बढ्दा समस्या भएको छ ।'

बाक्लो गारो भएको माटोको घरभित्र बस्दा जाडोमा न्यानो र गर्मीमा शीतल महसुस हुन्छ । यस्ता घरमा बस्दा जाडोयाममा चिसोजन्य रोगले छुँदैन । तर, आधुनिकता छुँदै गर्दा आरसिसी घर बन्ने क्रम जारी छ । यस्ता घरमा गर्मीमा बढी गर्मी र जाडोमा बढी जाडो हुन्छ । विज्ञका अनुसार माटोले बनेका घरले तातो चिसो सोसेर राख्छ । जसले गर्दा जाडोमा न्यानो र गर्मीमा शीतल हुन्छ । यी पुराना सम्पदाको संरक्षणका लागि तीनै तहका साथै सम्बन्धित निकाय सचेत हुन आवश्यक छ । विशेषगरी जलवायु परिवर्तन न्यूनीकरण तथा हरित वृद्धिमा सरकारको चासो दिन सकेमा यहाँको जीवनशैलीलाई मुख्य रूपमा टेवा पुग्नेछ ।

# अबका ४ वर्ष तापक्रम वृद्धि यथावत

## सन् २०२५-२०२९ औसत तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसभन्दा माथि हुने सम्भावना ७० प्रतिशत : राष्ट्रसंघ

■ एजेन्सी



काठमाडौं । संयुक्त राष्ट्रसंघले सन् २०२५ देखि सन् २०२९ सम्म विश्वको औसत तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसभन्दा बढी हुने सम्भावना ७० प्रतिशत रहेको चेतावनीयुक्त सन्देश दिएको छ ।

राष्ट्र संघीय मौसम र जलवायु एजेन्सी विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ) ले प्रकाशित गरेको वार्षिक जलवायु रिपोर्ट अनुसार सन् २०२३ र २०२४ मा रेकर्ड गरिएका २ सबैभन्दा ताता वर्षपछि पृथ्वीको तापक्रम अरू ४ वर्षसम्म यही स्तरमा रहने अपेक्षा गरिएको छ ।

'हामीले भर्खरै रेकर्डमा १० सबैभन्दा ताता वर्षहरू अनुभव गरेका छौँ', उक्त रिपोर्टमा डब्लुएमओका उपमहासचिव को ब्यारेटले भनेका छन्, 'दुर्भाग्यवश, यो डब्लुएमओ रिपोर्टले आगामी वर्षहरूमा राहतको कुनै संकेत प्रदान गर्दैन र यसको अर्थ हाम्रो अर्थव्यवस्था, हाम्रो दैनिक जीवन, हाम्रो परिस्थितिकीय प्रणाली (इकोसिस्टम) र हाम्रो ग्रहमा बढ्दो नकारात्मक प्रभाव पर्नेछ ।'

सन् २०१५ को पेरिस जलवायु सम्झौताले विश्वव्यापी तापक्रमलाई पूर्व–औद्योगिक स्तरभन्दा २ डिग्री सेल्सियसभन्दा कम र सम्भव भएमा १ दशमलव ५ डिग्री सेल्सियसभन्दा कममा सीमित गर्ने लक्ष्य राखेको थियो ।

मानवताले औद्योगिक रूपमा कोइला, तेल र ग्यास जलाउन सुरु गर्नुअघि सन् १८५०–१९०० को औसतको तुलनामा लक्ष्यहरू गणना गरिएको छ । कोइला, तेल र ग्यासले कार्बनडाइअक्साइड ग्यास उत्सर्जन गर्दछ । हरितगृह ग्यास मुख्यतया जलवायु परिवर्तनका लागि जिम्मेवार छ ।

अधिक आशावादी १ दशमलव ५ डिग्री सेल्सियस लक्ष्य त्यो हो, तर जलवायु वैज्ञानिकहरूको बढ्दो संख्याले त्यो लक्ष्य अब प्राप्त गर्न असम्भव ठान्छ, किनकि कार्बन उत्सर्जन अझै बढिरहेको छ ।

डब्लुएमओको पछिल्ला अनुमानहरू धेरै विश्वव्यापी केन्द्रहरूको पूर्वानुमानको आधारमा बेलायतको मौसम विज्ञान कार्यालयको राष्ट्रिय मौसम विज्ञान सेवाले संकलन गरेको हो । एजेन्सीले सन् २०२५ र २०२९ को बीचमा प्रत्येक वर्षका लागि विश्वव्यापी औसत सतहको तापक्रम पूर्व–औद्योगिक औसतभन्दा १ दशमलव २ डिग्री सेल्सियस र १ दशमलव ९ डिग्री सेल्सियसको बीचमा हुने पूर्वानुमान गरेको छ ।

एजेन्सीले सन् २०२५–२०२९ अवधिमा औसत तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसभन्दा बढी हुने सम्भावना ७० प्रतिशत रहेको बताएको छ । 'यो सन् २०२० को दशकको अन्त्य वा सन् २०३० को दशकको सुरुमा दीर्घकालीन आधारमा १ दशमलव ५ डिग्री सेल्सियस पार गर्ने हाम्रो अनुमानसँग मेल खान्छ', मेनाथ विश्वविद्यालयमा आइरिश जलवायु विश्लेषण र अनुसन्धान एकाइ समूहका निर्देशक पिटर थोर्नले भन्छन्, '२ देखि ३ वर्षमा यो सम्भावना सतप्रतिशत हुन मेरो अनुमान छ ।'

डब्लुएमओका अनुसार सन् २०२५ देखि २०२९ सम्मको कम्तीमा १ वर्ष रेकर्ड गरिएको सबैभन्दा तातो वर्ष (सन् २०२४) भन्दा बढी हुने सम्भावना ८० प्रतिशत छ । प्राकृतिक जलवायु परिवर्तनलाई सहज बनाउन धेरै विधिहरूले दीर्घकालीन तापक्रमको मूल्यांकन गर्ने डब्लुएमओका जलवायु सेवा निर्देशक क्रिस्टोफर हेविटले पत्रकार सम्मेलनमा बताए ।


**Badigad Rural Municipality**

**Office of Rural Municipal Executive**

**Gwalichaur, Baglung**

**Gandaki Province,Nepal.**

**Invitation for Sealed Quotation for the procurement and delivery of Sanitary pad.**

Sealed Quotation No: BRM/SQ/G/02/208 1-082

**Date of Publication : 2082-02-15**

1. The Badigad Rural Municipality, Baglung invites sealed quotations from registered Suppliers for the Procurement and delivery of Sanitary pad.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Badigad-5, Baglung Baglung Gwalichaur, 9857676444 , badigadruralmunicipality@gmail.com. OR {may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidding Documents may be purchased from the office PPMO, eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 15-06-2025 12:00 during office hours.
4. Bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP ie www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account:
   **i.** Name of the Bank :Prabhu Bank Ltd., **ii.** Name of Office :Badigad Rural Municipality, Baglung,
   **iii.** Office Code no :80445505, **iv.** Office Account No :1420115804700071,
   **v.** Rajaswa (revenue) Shirshak No :14229.
5. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 15-06-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15-06-2025 14:00 at the office of Badigad Rural Municipality, Badigad-5, Gwalichaur, Baglung, Gandaki Province, Nepal.
7. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50000 , which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Account No.[14201 15804700041] at [Prabhu Bank Ltd. ,Badigad Baglung and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
8. The sample of sanitary pad must be submitted to the office Of badigad rural municipal executive within 5 days of the bid day. otherwise bid will not be considered for evaluation.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

*Mukti Paudel*
*Chief administrative office*



**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा**

**बोलपत्रको छनौटको आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०२/१५**

यस पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानको मिति २०८२/०१/१२ को सौर्य दैनिकमा प्रकाशित निम्नानुसारको बोलपत्र आव्हान सम्बन्धि सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि. न | ठेक्का नंवर / खरिदको विवरण | बोलपत्रदाताको नाम, ठेगना | कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | PoAHS/G/NCB-48/2081-82 (re) Procurement of server and network configuration for hospital | श्री Cloud Tech Solutions Pvt. Ltd. Kathmandu | रु ५३,५१,३००/- (अक्षरुपि त्रीपन्न लाख एकाउन्न हजार तीन सय रुपैया मात्र) | सारभुत रुपमा प्रभावग्राही बोलपत्र |

**नि. उपकुलपति**

# भारतमा कोरोना संक्रमणले ज्यान गुमाउनेको संख्या १२ पुग्यो



■ एजेन्सी

नयाँ दिल्ली । भारतमा कोरोना संक्रमण भयाभव बन्दै गएको छ । कोरोना संक्रमणका कारण त्यहाँ बुधबार साँझसम्म १२ जनाको मृत्युसमेत भइसकेको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् । भारतका प्रान्तहरू महाराष्ट्र, राजस्थान, पश्चिम बंगाल, कर्नाटक र मध्य प्रदेशमा गरी १२ जना कोरोना संक्रमितको मृत्यु भएको हो ।

देशका प्रायः सबै प्रान्तमा कोरोना संक्रमणको असर देखिएको छ । त्यहाँका चिकित्सकसहरूले अहिले फैलिएको सब भेरिएन्ट धेरै संक्रामक रहेको तथा कम घातक रहेको बताएका छन् ।

कर्णाटक राज्य सरकारले भिडभाडमा मास्क प्रयोग गर्न अनुरोध गरेको छ । त्यहाँ फेरी भ्याक्सिन लगाउने विषयमा पनि छलफल भएको छ । दिल्लीकी मुख्य मन्त्री रेखा गुप्ताले अहिले आत्तिन पर्ने कुनै कारण नभएको बताएकी छन् । उनले सबै अस्पताल तयार अवस्थामा रहेको बताएकी छन् । कर्णाटक राज्यमा संक्रमित मध्ये ८० प्रतिशत बैंगलोर सहरका छन् । कर्णाटकमा कोरोना भ्याक्सिनको बुस्टर डोज नलगाइएका कारण यो समस्या रहेको जनाइएको छ ।

# युक्रेनको मस्को लक्षित आक्रमण

■ एजेन्सी

लन्डन । युक्रेनबाट रुसी राजधानी मस्कोलाई लक्षित गरी दर्जनौं ड्रोन प्रहार गरिएको छ । यसका कारण राजधानीभित्र र बाहिर उडानहरूमा अवरोध सिर्जना गरिएको छ । बुधबार बिहानसम्म सयौं युक्रेनी ड्रोनहरू रूसमा प्रवेश गरेको त्यहाँका अधिकारीहरूले बताएका छन् ।

रुसको रक्षा मन्त्रालयले आफ्नो सेनाले पछिल्लो चरणको लामो दुरीको आक्रमणका क्रममा राजधानी मस्कोसहित १२ क्षेत्रहरूमा २९६ युक्रेनी ड्रोनहरू खसालेको बताएको छ । 'यस क्षेत्रमा कम्तिमा ४२ वटा ड्रोन खसालिएको छ' मस्कोका गभर्नर आन्द्रेई भोरोब्योभले टेलिग्राममा भने । उनले राजधानीबाट लगभग ४० माइल दक्षिणमा रहेको चेखोभ सहरका ३ वटा घरहरूमा क्षति पुगेको बताए ।

राजधानीका ४ अन्तर्राष्ट्रिय विमानस्थलहरू मध्ये एक – मस्कोको शेरेमेत्येभो अन्तर्राष्ट्रिय विमानस्थलले पनि पछिल्लो ड्रोन आक्रमणको समयमा लगाइएको उडान प्रतिबन्धका कारण यात्रुहरूलाई ढिलाइ हुने चेतावनी दिएको छ । केही सातादेखि मस्कोका विमानस्थलहरूमा नियमित अवरोधहरू देखिएका छन् । युक्रेनको राष्ट्रिय सुरक्षा तथा रक्षा परिषद्को एउटा अंग रूपमा कार्यरत काउन्टर–डिसइन्फर्मेसन सेन्टरका प्रमुख एन्ड्री कोभालेन्कोले टेलिग्राममा भने– मंगलबार राति भएको आक्रमणमा 'केही राम्रा हिटहरू' भए ।

कोभालेन्कोले भने, 'मस्कोबाट लगभग ७० माइल उत्तरमा रहेको दुबना सहरमा रहेको उड्डयन, क्षेप्यास्त्र र ड्रोन प्रविधिको उत्पादनमा संलग्न दुबना मेसिन–बिल्डिङ प्लान्टलाई लक्षित गरिएको थियो ।

फेसिलिटीमा सफल आक्रमण गरिएको भन्ने कोभालेन्कोको दाबीलाई पुष्टि गर्न नसकिएको एबिसी न्युजले उल्लेख गरेको छ । रुसले पनि रातभर युक्रेनमा आफ्नै लामो दुरीको आक्रमण जारी राखेको छ । युक्रेनको वायुसेनाले रुसबाट ६ वटा क्षेप्यास्त्र र ८८ वटा स्ट्राइक ड्रोन प्रहार भएको जनाएको छ । युक्रेनकै दाबीअनुसार ७१ ड्रोनलाई गोली हानेर खसालिएको छ ।

# अमेरिकामा बालबालिका तथा गर्भवती महिलालाई कोभिडको खोप नदिइने




■ एजेन्सी

वासिगटन डिसी । अमेरिकी स्वास्थ्य मन्त्री रोबर्ट एफ केनेडी जुनियरले मंगलबार एक भिडियो जारी गर्दै स्वस्थ बालबालिका र गर्भवती महिलाहरूलाई अब कोभिड–१९ विरुद्धको खोप लगाउन सिफारिस नगरिने घोषणा गरेका छन् । सामाजिक सञ्जाल प्लेटफर्म एक्समा पोस्ट गरिएको ५८ सेकेन्डको भिडियोमा केनेडीले यो कुरा बताएका हुन् ।

रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी)को आधिकारिक सिफारिसहरूमा यी परिवर्तन गरिएको उनले बताए । यद्यपि, यस भिडियोमा कुनै पनि सिडिसी अधिकारी उपस्थित थिएनन् ।

रोचक कुरा त के छ भने सिडिसीले यस विषयमा टिप्पणी गर्न अस्वीकार गरेको छ । उसले उल्टै यस मामिलामा केनेडी र स्वास्थ्य मन्त्रालयलाई सम्पर्क गर्न भनेको छ ।

अमेरिकी स्वास्थ्य विज्ञहरूले अहिलेसम्म ६ महिनाभन्दा माथिका सबै मानिसहरूलाई प्रत्येक वर्ष कोभिड–१९ विरुद्धको बुस्टर डोज लिन सल्लाह दिइरहेका छन् । सिडिसीको सल्लाहकार टोलीको बैठक जुनमा बस्दै छ । यसले यस वर्षको अन्त्यमा कसलाई खोप लगाउने भन्ने निर्णय गर्ने बताइएको छ ।

केनेडीले यो बैठक नै कुरेनन् । उनले कुनै स्पष्ट वैज्ञानिक तथ्यांकबिना नै हरेक वर्ष बच्चाहरूलाई कोभिड खोप सिफारिस गरिँदै आएको बताए । भिडियोमा, उनीसँगै खाद्य तथा औषधि प्रशासन (एफडिए)का प्रमुख डा.मार्टी मकारी र राष्ट्रिय स्वास्थ्य संस्थान (एनआइएस)का प्रमुख डा.जय भट्टाचार्य पनि थिए ।

# स्पेसएक्सको स्टार सीपको परीक्षण उडान असफल

■ एजेन्सी

न्युयोर्क । स्पेसएक्सको प्रोटोटाइप स्टारसिप मंगलबार हिन्द महासागरमा विस्फोट भएको छ । यो विस्फोटले अर्बपति एलन मस्कको मंगल ग्रहमा बसोबास गर्न बनाएको सपनामा धक्का पुगेको छ । अहिलेसम्म निर्माण गरिएको



सबैभन्दा ठुलो र शक्तिशाली प्रक्षेपण यान मंगलबार साँझ कम्पनीको स्टारबेस सुविधाबाट उडेको थियो । यसअघिका २ प्रयास असफल भए पनि मंगलबारको उडान सफल हुनेमा धेरै जना आशावादी देखाए ।

बुधबार उडेको यान आफ्नो अघिल्लो २ प्रयासभन्दा धेरै टाढा उडेको भए पनि यसमा चुहावट भएपछि नियन्त्रणबाहिर घुम्न थालेको थियो । उडेको ३० मिनेट मानै यसमा समस्या आएको थियो । मंगल ग्रहमा मानव उपस्थितिका लागि भएको यो नवौं परीक्षण हो । मिसन टोलीहरूले अपेक्षित विस्फोटको बल घटाउन इन्धन निकालेका थिए । 'स्टारसिपले द्रुत रूपमा अनिर्धारित विघटन अनुभव गऱ्यो', स्पेसएक्सले सामाजिक सञ्जालमा पोस्ट गरेको छ ।


### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सुचना

कम्पनी ऐन बमोजीम मिति २०७५।११।२९ मा दर्ता भएको प्रा.लि.नं.२१०६३४ भएको **कट एज टेक्नोलोजी एण्ड सोलुसन्स (प्रा. लि.)** को २०८२।०२।१४ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

**लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४१९६**
**कीर्तिपुर न.पा.वडा नं.-०४, काठमान्डौ**
**सम्पर्क नम्बरः९८४९७१४८६७**

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति : २०८२।२।१५**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्दी भएको गोलिया काठ लिलाम प्रक्रिया द्वारा लिलाम बढाबढ गर्नु पर्ने भएको ले घाटगद्दीमा मौज्दात रहेको जात,सल्लो ए ग्रेड २०१ थानको ३५५०।२४ क्युफि, बि ग्रेड १८१ थानको २०९४।२२ क्युफि काठ लाई शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न पर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री मसुरखेत सामुदायिक वन उपभोक्ता समूह**
**चुरे गा.पा.०४ ,कैलाली**

### माइग्रेशन हरायो

२०८२।०१।०२ कपनबाट एयरपोर्टसम्म जाँदा +२ को माइग्रेशन हराएको हुँदा कुनै पनि महानुभावहरुले भेटाएमा तलको ठेगाना तथा नजिकैको प्रहरी चौकीमा सम्पर्क गराउनु हुन अनुरोध गर्दछु ।

नाम : **अन्जली नाछिरिङ राई**
ठेगाना : **बु.न.वडा नं.१०, कपन**
रजिष्ट्रेशन नं : ८०३२७०८००७
रोल नं. : २२७२०८९८
सम्पर्क नं : ९७६४५९६७०९

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०२/१५**

यस सामुदायिक वन उपभोक्ता समुहको घटगद्दीमा मौजात रहेको खोटेसल्लो प्रजाति ग्रेड ए गोलिया संख्या ८० को १५८९.६२, ग्रेड बी गोलिया संख्या १५८ को १५९२.५९ गरी जम्मा २३८ गोलिया संख्याको ३१८२. २२ क्वीफिट काठ र २ चट्टा सल्लोको दाउरालाई शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स. को कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस समूहको कार्यालयमा दाखिला गर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना यस सा.व.उ.स. को कार्यालयमा टाँस गरिएको जानकारी गराइन्छ ।

**अध्यक्ष**
**श्री सालघारी सामुदायिक वन उपभोक्ता समूह**
**चुरे गा.पा. ३ कैलाली**

### सर्टिफिकेट हरायो

मिति २०८२/०१/०२ गते गौशालाबाट कपनसम्म जाँदा मेरो +२ को माइग्रशेन, ट्रान्सक्रिप्ट र सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नाम : पुजा कटेल**
**ठेगाना : कपन, काठमाडौं**
**रजिष्ट्रेशन नं. ७९३२७२३६०१३४**
**सिम्बोल नं. : २२७४१५२३**
**सम्पर्क नं. : ९८२७७३३९४५**

### श्री बर्दिया जिल्ला अदालतबाट जारी भएको ३० (तीस) दिने सूचना

निवेदक जिल्ला बर्दिया, बढैयाताल गा.पा.वडा नं.८ बस्ने वर्ष ५७ की जुना पौडेल र ऐ.ऐ. बस्ने वर्ष ५९ को शिव कुमार पौडेलले निजको देवर/भाई ऐ.ऐ. बस्ने भवानी सिंह पौडेलको नाति जंग बहादुर सिंह पौडेलको छोरा रामजी पौडेल तपसीलको मिति र स्थानवाट वेपत्ता भएकोले निज रामजी पौडेल जान सक्ने संभावित स्थानहरुमा खोजतलास गर्दासमेत फेला नपरेकोले मुलुकी देवानी संहिता २०७४ को दफा ४० को उपदफा ४ बमोजिम निज रामजी पौडेलको मृत्युको न्यायिक घोषणा गरी पाउँ भनी निवेदन दिएको हुनाले निज कहीं कतै जीवित रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस अदालतमा उपस्थित हुनुहोला । उपस्थित नभई म्याद गुजारी बसे कानून बमोजिम हुनेछ ।

**तपसील**

| क्र.सं. | नाम | वेपत्ता मिति | बेपत्ता भएको स्थान |
|---|---|---|---|
| १. | रामजी पाडेल | २०५१।०२।२७ | जिल्ला बर्दिया, साविक कालिका गा.वि.म. बडा नं. ५ हाल ऐ.ऐ. बढैयाताल गा.पा.वडा नं.८ मुनालबस्तीको आफ्नै घरबाट भारत दिल्लीमा जान्छु भनी निस्की गई हालसम्म फर्की नआएको । |


## स्रोतको दबाबका...

### कर्मचारीको तलब वृद्धि

त्यस्तै, कर्मचारीको तलब वृद्धिको विषय सर्वाधिक चर्चामा रहेको छ । स्रोतको दबाब रहे पनि तलब वृद्धि हुने सम्भावना रहेको बताइएको छ । सरकारले कर्मचारीको आधारभूत तलब कम्तीमा १० प्रतिशत वृद्धि गर्ने र महँगी भत्तालाई निरन्तरता दिने तयारी गरेको बुझिएको छ ।

### लगानी प्राथमिकता

अर्थ मन्त्रालयको ८ बुँदे मार्गदर्शनमा उत्पादनमूलक क्षेत्रहरू (कृषि, उद्योग, पर्यटन) मा लगानीलाई प्राथमिकता दिने उल्लेख गरेको छ । यी क्षेत्रमा रोजगारी सिर्जना र आर्थिक वृद्धिलाई प्रोत्साहन गर्न विशेष कार्यक्रमहरू समावेश गर्ने बताइएको छ ।

### सहुलियतपूर्ण कर्जा

साना तथा मझौला उद्यम (एसएमई) लाई सहयोग पुऱ्याउने उद्देश्यले अर्थ मन्त्रालयले सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई परिष्कृत गरी पुनः सुरु गर्ने तयारी गरेको छ । यस्ता कार्यक्रममा पारदर्शिता र प्रभावकारिताको महालेखाले प्रश्न उठाएको छ । त्यस्तै, नीति तथा कार्यक्रममा समेटिएको 'कमाउँदै–पढ्दै' नीतिले विद्यार्थीहरूलाई आर्थिक आत्मनिर्भर बनाउने र 'जेन जी' पुस्तालाई स्टार्टअपमा प्रोत्साहन गर्ने लक्ष्य राखेको छ ।

### सामाजिक सुरक्षा

बजेटमा उल्लेख्य स्थान ओगट्न पुगेको सामाजिक सुरक्षा व्यवस्थित गर्नुपर्ने आवाज उठिरहेको छ । विशेष गरी ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपांगता भएका व्यक्तिहरूलाई लक्षित गरी नयाँ कार्यक्रम बजेटमा समावेश हुन सक्ने अर्थ मन्त्रालय स्रोतले जनाएको छ । बजेटमार्फत वृद्ध भत्ता पाउने उमेर बढाउने तयारी गरिएको छ ।

## अमेरिकाद्वारा विश्वभर...

आफूसँग असहमत त्यस्ता शैक्षिक प्रतिष्ठानमाथि ट्रम्पले आर्थिक प्रतिबन्धदेखि विदेशी विद्यार्थी भर्नामा रोक लगाउनेसम्मका आदेश जारी गरेका छन् । कतिपय विद्यार्थीलाई अमेरिकाबाट निकाला गरिएको छ भने अन्य सयौं विद्यार्थीको भिसा रद्द गरिएको छ । अधिकांश अमेरिकी शैक्षिक संस्थाहरू तिनको आम्दानीको उल्लेखनीय हिस्साका निम्ति विदेशी विद्यार्थीमा निर्भर हुन्छन् किनकी तिनले प्रायः बढ्ता शुल्क तिर्छन् ।

### कति जान्छन् नेपाली विद्यार्थी ?

शिक्षा मन्त्रालयको पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्दा अमेरिकाका लागि एनओसी लिनेहरूको संख्या घटबढ भइरहेको देखिन्छ । कोभिड महामारीका बर्षहरू बाहेक मन्त्रालयबाट विदेश अध्ययन अनुमति पत्र (नो अब्जेक्सन लेटर–एनओसी) लिने विद्याथीहरू सरदर बार्षिक ६ हजारदेखि १६ हजारसम्म छ । जसअनुसार २०७७ सालमा १ हजार ५४२ जना, २०७८ सालमा ८ हजार ५८ जना, २०७९ सालमा ६ हजार ५४२ जना, २०८० सालमा १६ हजार १६६ जना र २०८१ सालको फागुन मसान्तसम्म ८ हजार ३८ जनाले एनओसी लिएका छन् ।


**Malaysia मा रोजगार** RI Kawalan Pro Sdn. Bhd.

पुनःविज्ञापन, पुनः स्वीकृती मितिः २०८२/२/१४ पूर्व स्वीकृती मितिः २०८०/१२/०९ चलानी नं.६०२१७०८६ LT No. : 302153

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 67 | काममा दक्ष | 1500 | ४८,३३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ जेष्ठ २५ गते (8 June, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Lamborda Security System (M) Sdn. Bhd.

पुनः विज्ञापन, पुनः स्वीकृती मितिः २०८२/२/१४ पूर्व स्वीकृती मितिः २०८०/११/१४ चलानी नं. ६०२१५५८० LT No. : 299690

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 54 | काममा दक्ष | 1500 | ४८,३३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ जेष्ठ २३ गते (6 June, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

Kailash International Manpower Pvt. Ltd.
Samakhushi-26, Kathmandu, Tel-4957734, 4981922, 4983944
Gov.Lic.No. 317/059/060 Email : kailashmanpower@gmail.com, Web : www.kailashmanpower.com.np

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!**
**शून्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारीको अवसर !!**

रोजगारदाता कम्पनी : आबु दावी नेशनल होटेल्स् (क्याटरिङ), युएई
Employer Company : ABU DHABI NATIONAL HOTELS (CATERING), UAE

पूर्व स्वीकृति मिति : 2023/09/03 Lt No.: 291955 चलानी नं.: 60207116

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्युनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 1 | 0 | [illegible] | 800 | २९,७४४ | कम्पनीको नियमअनुसार | ८ घण्टा | ६ दिन | क. नियमअनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

Vision & Value Overseas Pvt. Ltd.
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com



## लम्कीचुहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### कैलाली, सुदूपश्चिम प्रदेश, नेपाल
### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि**

१. विक्रेताले विक्री वितरण हुने सामानको मूल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले गरेको नापतौल तथा नाप्ने, तौलिने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री विवरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (स्यानेटाईजर) र तापोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्नेछ ।
९. बिमारी परेका वा झाडापखला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकार्यसकेपछि नियमितरुपमा फेरबदल गर्नुपर्दछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्छ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियरको तापक्रममा राख्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## तुर्माखाँद गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### अछाम, सुदूपश्चिम प्रदेश, नेपाल
### उपभोक्ता हित संरक्षणमा जारी सूचना



**उद्योग तथा व्यवसायका लागि**

१. विक्रेताले विक्री वितरण हुने सामानको मूल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले गरेको नापतौल तथा नाप्ने, तौलिने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री विवरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (स्यानेटाईजर) र तापोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्नेछ ।
९. बिमारी परेका वा झाडापखला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकार्यसकेपछि नियमितरुपमा फेरबदल गर्नुपर्दछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्छ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियरको तापक्रममा राख्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# आयोजना बैंकमा ११७ नयाँ आयोजना थपिए




■ सौर्य समाचार

काठमाडौँ । राष्ट्रिय आयोजना बैंक (प्रोजेक्ट बैंक) मा यस वर्ष ९७ अर्बभन्दा बढी लागतका ११७ आयोजना समावेश गरिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले राष्ट्रिय आयोजना बैंकमा परेका आयोजनालाई मात्रै वार्षिक बजेट छुट्याउनुपर्ने व्यवस्था गरेको छ । नियमावलीको सोही व्यवस्था कार्यान्वयनका लागि आगामी आर्थिक वर्षको बजेट आउनुअघि यो सङ्ख्यामा नयाँ आयोजना प्रविष्ट गरिएको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीको सचिवालयले प्रेस विज्ञप्तीमार्फत जनाएको छ ।

आयोगले गत फागुनमा राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ जारी गरेको थियो । उक्त मापदण्डले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि चैत मसान्तसम्म प्रोजेक्ट बैंकमा आयोजना प्रविष्टि गरिसक्नुपर्ने व्यवस्था गरेको थियो । तोकिएको समयमा आयोजना प्रविष्टि गर्न नसकिएपछि वार्षिक बजेट सार्वजनिक हुने २ दिन अर्थात् यही जेठ १३ गतेसम्मका आयोजना हालिएको हो ।

'यही जेठ १३ गतेसम्म राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा १ हजार ३२७ आयोजनाहरू प्रविष्ट भएका छन् । जसमध्ये ३ करोड लागतका १ हजार १४१, ३ करोडदेखि ५ करोड लागतका ७९, ५ करोडदेखि १० करोड लागतका ४४, र १० करोडदेखि १ अर्बसम्मका २३ वटा आयोजना प्रविष्ट भएका छन्,' आयोगका उपाध्यक्षको सचिवालयले भनेको छ ।

आयोगका अनुसार रु एक अर्बभन्दा बढी लागत भएका कूल ४० आयोजनामध्ये भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सबैभन्दा बढी १९ वटा आयोजना बैंकमा प्रविष्ट गराएको छ । त्यस्तै, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका ११ आयोजना प्रविष्ट भएका छन् । ' आयोजना बैंकमा हालसम्म प्रविष्ट भएका एक हजार ३२७ आयोजनाको अनुमानित कूल लागत रु नौ खर्ब २० अर्ब रहेको देखिन्छ । जसमध्ये नयाँ आयोजनाको लागत ९७ अर्ब १९ करोड, क्रमागत आयोजनाको रु आठ खर्ब २३ अर्ब र अध्ययनको चरणमा रहेका आयोजनाको रु ३२ अर्ब ६४ करोड अनुमानित लागत रहेको छ,' प्रेस विज्ञप्तीमा भनिएको छ ।

प्रोजेक्ट बैंकमा परेकामध्ये ११७ (८.८१ प्रतिशत) नयाँ आयोजना, ८९ (६.७० प्रतिशत) क्रमागत आयोजना र १ हजार १२१ (८४.४७ प्रतिशत) अध्ययनका आयोजना रहेका छन् । कूल प्रविष्ट भएका आयोजनामध्ये सहरी विकास मन्त्रालयका एक हजार १४७ (८६.५८ प्रतिशत), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका ८२ (६.१७ प्रतिशत), गृह मन्त्रालयका ६१ (४.५९ प्रतिशत) आयोजना रहेका छन् ।

राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्डमा ३ करोडभन्दा बढी लागत भएका आयोजना मात्र आयोजना बैंकमा प्रविष्ट गर्नुपर्ने भए पनि चालु प्रकृतिका तथा सालबसाली रूपमा कार्यान्वयन हुने आयोजना प्रवृष्टि गर्नु नपर्ने व्यवस्था छ । यस वर्ष ३ करोडभन्दा कम लागतका आयोजना प्रविष्ट नभएको जनाइएको छ । यस प्रावधानको कार्यान्वयनले सार्वजनिक वित्त व्यवस्थापनमा कुशलता हासिल हुने र पुँजीगत खर्च क्षमतामा सुधार आउने अपेक्षा गरिएको छ । आयोजना बैंकमा प्रविष्ट भएका आयोजनालाई नयाँ वर्षको मध्यमकालीन खर्च संरचना र बजेटमा समावेश गर्दा प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।

# बुटवल–नारायणघाट सडक निर्माणमा ढिलाइ

## सौराहाको पर्यटन व्यवसाय प्रभावित

■ सौर्य समाचार

चितवन । पश्चिम नेपाललाई संघीय राजधानी काठमाडौँसँग जोड्ने पूर्व–पश्चिम राजमार्गअन्तर्गत बुटवल–नारायणघाट सडकखण्ड स्तरोन्नतिको काम ढिलो हुँदा चितवनका होटल व्यवसाय धरासायी बनेको छ । तोकिएको समयसीमाभित्र स्तरोन्नतिको काम पूरा नहुँदा बुटवल–नारायणघाट सडकखण्ड आसपासका होटलसहित देशको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित सौराहाका होटल व्यवसायीसमेत प्रभावित भएका हुन् ।

प्रभावित होटल व्यवसायीहरूले सो सडकखण्ड प्रयोग गरी यात्रा गर्ने आमसर्वसाधारणसहित नेपालको पर्यटन उद्योगमा प्रमुख हिस्सा ओगट्ने भारतीय पर्यटकसमेत चितवनका पर्यटकीयस्थलहरूको भ्रमण गर्नबाट वञ्चित हुन पुगेपछि त्यसको प्रत्यक्ष असर सौराहाका होटल व्यवसायीमा परेकाले जारी सडक स्तरोन्नतिको काम यथासक्य छिटो सम्पन्न गर्न नेपाल सरकारसहित सम्बद्ध निर्माण व्यवसायीसँग अनुरोध गरेका छन् ।

क्षेत्रीय होटल संघ चितवन (हान)ले पटकपटक म्याद थप्दा पनि सो बाटोको स्तरोन्नतिका काम पूरा गर्न सम्बद्ध निर्माण व्यवसायीले तदारुकता नदेखाएको भनी गुनासो व्यक्त गर्दै प्राथमिकताका साथ निर्माण कार्य पूरा गर्न सरोकारवाला पक्षको ध्यानाकर्षण गरेको स्पष्ट गरेको छ । यसै सन्दर्भमा नेपाल सरकारको तर्फबाट सो सडकखण्ड प्रयोग गर्ने हजारौँ जनताले बेहोर्नुपरेको पीडा, दुःख, कष्टलाई आत्मसात् गरी स्तरोन्नतिको काम जतिसक्दो छिटो पूरा गर्न पटकपटक ताकेता गर्दै आएको छ तर अपेक्षा गरिएअनुसार काम नभएको अवस्था छ ।

उक्त सडकखण्ड स्तरोन्नतिका कारण घन्टौँसमय सडकमा लाइनमा बस्नुपर्ने भएपछि अधिकांश सवारीसाधन असजिलै भए पनि सिद्धार्थ राजमार्ग प्रयोग गरी पोखरा जाने क्रम बढेसँगै पछिल्ला दिनमा चितवनको होटल व्यवसायसहित समग्र आर्थिक गतिविधि प्रभावित भएको यथार्थलाई दृष्टिगत गरी बुटवल–नारायणघाट सडक निर्माणलाई प्राथमिकता दिनुपर्ने सुझाव पर्यटनविज्ञ डा.विश्व सुवेदीको छ ।

क्षेत्रीय होटल संघ चितवनका अनुसार निश्चित ' प्याकेज'सहित सुनौली, रुपेडियालगायतका पश्चिम नाका हुँदै नेपाल भ्रमणमा आउने अधिकांश भारतीय पर्यटक सबैभन्दा पहिला भगवान गौतमबुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गर्दछन् ।

भरतपुर महानगरपालिकाका सल्लाहाकारको भूमिकामा रहेका डा.सुवेदीले भ्रमणका क्रममा खर्च गर्नसक्ने आर्थिक हैसियत भएका भारतीय पर्यटकहरू यसरी बुटवल–पाल्पा–स्याङ्जा हुँदै पोखरा जानथालेपछि अप्ठ्यारोमा परेका चितवनसहित आसपासका होटल व्यवसायीको न्यायोचित गुनासोसहितको माग सम्बोधन गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गराएका छन् । पोखराबाट पर्यटन व्यवसाय सुरु गरी हाल ' हान'का अध्यक्ष रहेका ओम पाण्डेले पर्यटकीय नगरी पोखराको घुमघाम पूरा गरी मुक्तिनाथको दर्शन गरेपछि पुनः पोखरा आई पृथ्वी राजमार्ग हुँदै काठमाडौँ जान थालेपछि चितवनको पर्यटन व्यवसाय हाल संकटमा परेको स्पष्ट गर्दै बुटवल–नारायणघाट सडकखण्ड स्तरोन्नतिलाई यथासक्य छिटो पूर्णता दिन अनुरोध गरे । उनका अनुसार 'टुर प्याकेज'अन्तर्गत काठमाडौँ आउनेक्रममा भारतीय पर्यटकहरू केबलकार चढी गोरखास्थित प्रसिद्ध मनकामना माईको पनि दर्शन गर्दछन् ।

युवा होटल तथा पर्यटन व्यवसायी रमेश सिलवालका अनुसार काठमाडौँबाट भरतपुर आउने–जाने जहाज भाडा तुलनात्मक रूपमा महँगो भएको, गत साल आएको अत्यधिक वर्षका कारण पृथ्वी राजमार्गसहित चितवन जोड्ने अधिकांश सडकमार्ग बिग्रे–भत्केको, कर्जा भुक्तानी, नवीकरण तथा थप कर्जा लिनका लागि तोकिएबमोजिमको व्यावसायिक कारोबार गरेको हुनुपर्ने बैंकिङ नीतिका कारण अपेक्षा गरेभन्दा धेरै सस्तोमा केही होटलले पर्यटक राख्ने गरेका छन् ।

त्यस्तै, बन्द–हड्ताल र आन्दोलनजस्ता व्यवसाय विरोधी गतिविधिका कारण निश्चित दिनको 'प्याकेज'अन्तर्गत नेपाल भ्रमणमा आएका पर्यटकको रोजाइमा परे पनि अक्सर चितवनस्थित पर्यटकीय क्षेत्र घुम्नबाट उनीहरू वञ्चित हुनुपर्दाको असर सौराहाको व्यवसायमा परेको उनले बताए ।

पर्यटन व्यवसायी सिलवालका अनुसार पश्चिम नेपालको विभिन्न सिमानाबाट नेपाल प्रवेश गर्ने अधिकांश भारतीय पर्यटक नेपालका विभिन्न धार्मिक तथा पर्यटकीयस्थलहरूको घुमघाम र दर्शन गरी काठमाडौँको यात्रा तय गर्दछन् । काठमाडौँको पशुपतिनाथ, गुह्येश्वरी, बौद्ध, बुढानीलकण्ठ, साँगास्थित महादेवको मन्दिर दर्शन गरी 'साइट सिन'मा रमाउँदै उनीहरू बसन्तपुर क्षेत्रसहित 'चाइना टाउन'मा किनमेल गर्न रुचाउँछन् ।

सौराहाको होटल व्यवसायको विकास, विस्तार र प्रवर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गरेका रेस्टुराँ एन्ड बार एसोसिएसन सौराहाका पूर्वअध्यक्ष दीपेन्द्र खतिवडाले बुटवल–नारायणघाट सडकखण्डको बाटो स्तरोन्नतिले पूर्णता नपाउने, भारतीय पर्यटक बोक्ने सवारी साधनबाट अनधिकृत रूपमा रकम असुल्ने प्रवृत्ति न्यूनीकरण तथा नियन्त्रण नहुने, विभिन्न बहानामा गरिने विरोध, जुलुस, धर्नाजस्ता व्यवसाय विरोधी गतिविधिले प्रश्रय पाइराख्ने हो भने सौराहासहित चितवनको पर्यटन व्यवासय धरासायी हुने बताए । युनाइटेड हात्ती सहकारी संस्था सौराहाका अध्यक्षसमेत रहेका पर्यटन व्यवसायी खतिवडाले हाल बागमारा, चित्रसेन, कुचकुचे, जनकौली र कुमरोज सामुदायिक बनमा निजी क्षेत्रका ४४ वटा हात्तीसहित जिप सफारीको व्यवस्था रहेको जानकारी दिए । उनले भने, 'मुलुककै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित सौराहा घुम्न आउने पर्यटकको रुचि हात्तीमा चढी जंगल सफारी गर्नु नै हो, यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान रहेको 'हात्ती'को खरिद–बिक्री, पालनपोषण र व्यवस्थापनमा अझैसम्म स्पष्ट नीति नहुनु दुःखको विषय हो ।'

# छोटकरी

## शिवम् सिमेन्टको 'नो कम्प्रोमाइज' अभियान




काठमाडौँ । शिवम् सिमेन्टले आफ्नो चर्चित 'नो कम्प्रोमाइज' ब्रान्ड अभियानको दोस्रो संस्करण सार्वजनिक गरेको छ । 'नो कम्प्रोमाइजको वाचा गर्न सजिलो छैन, तर जसले गर्छ उसको शिर सधैँ ठाडो हुन्छ' भन्ने सन्देश बोकेको यो नयाँ अभियानले गुणस्तरप्रति शिवम् सिमेन्टको दृढ अडानलाई अझ सशक्त रूपमा प्रस्तुत गरेको कम्पनीको दाबी छ ।

स्थापनाकालदेखि नै ओपिसी सिमेन्ट मात्र उत्पादन र बिक्री गर्दै आएको शिवम् सिमेन्टले 'क्वालिटीको मामलामा नो कम्प्रोमाइज', 'गुणस्तरको पहिचान हो शिवम्', 'भरोसा अटुट सम्बन्धको' जस्ता नाराहरुबाट आफ्नो ब्रान्ड पहिचान बनाएको छ ।

## महालक्ष्मी विकास बैंकद्वारा ३१ महिला उद्यमीलाई सम्मान

काठमाडौँ । महालक्ष्मी विकास बैंकले ३१औँ वार्षिकोत्सवका अवसरमा ३१ महिला उद्यमीलाई सम्मान गरेको छ । बैंकले ४ देखि १० जेठसम्म महिनाव्यापी रुपमा वार्षिकोउत्सव मनाउने क्रममा देशभरिका शाखामार्फत उनीहरूलाई सम्मान गरिएको जानकारी दिएको छ । बैंकका अनुसार वित्तीय पहुँच, आर्थिक विकास, सामाजिक प्रगति तथा लैंगिक समानताको मूल प्रवाहमा ल्याउने उद्देश्यसहित उक्त सम्मान गरिएको हो । यस कार्यबाट उद्यमशीलतासमेत प्रवर्द्धन गर्न सहयोग पुग्ने बैंकको विश्वास छ ।

## सिटिजन्स बैंक र गोल्डेन हस्पिटलबीच समझदारी




काठमाडौँ । सिटिजन्स बैंक इन्टरनेसनल र बिराटनगरस्थित गोल्डेन हस्पिटल प्रालिबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पत्रअनुसार सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले गोल्डेन हस्पिटलमा १० प्रतिशत सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

## वेस्ट ह्याकाथन आयोजना गर्दै एनसेल फाउन्डेसन

काठमाडौँ । विश्व वातावरण दिवस २०८२ को अवसरमा नेपालमा पहिलोपटक 'बिन देयर ह्याक्ड द्याट' थिममा वेस्ट ह्याकाथनको आयोजना हुने भएको छ । राष्ट्रिय स्तरको यो कार्यक्रमले प्रविधि विज्ञ, सिर्जनशील व्यक्तिहरू, उद्यमीहरू र जलवायुका अभियन्ताहरुलाई समेटेर फोहोर व्यवस्थापनको बढ्दो समस्यालाई प्रविधि र सिर्जनशीलताका माध्यमबाट समाधान गर्ने लक्ष्य राखेको छ । यो विशेष कार्यक्रम २२ जेठमा बुढानीलकण्ठ नगरपालिकाको सभाहलमा आयोजना हुँदै छ जहाँ देशका प्रतिभाशाली समाधानकर्ताहरू फोहोरलाई अवसरका रुपमा परिवर्तन गर्ने कार्यमा संलग्न हुने कम्पनीले जनाएको छ ।

## सस्तो टिकेट र स्विस मिलिट्रीबीच सहकार्य




काठमाडौँ । अनलाइन ट्राभल प्लेटफर्म सस्तो टिकेटले अन्तर्राष्ट्रिय रुपमा ख्यातिप्राप्त प्रिमियम लगेज ब्रान्ड स्विस सेनासँग आधिकारिक सहकार्य घोषणा गरेको छ । उक्त सहकार्यमार्फत गुणस्तरीय ट्राभल ब्याग तथा लगेजहरू अब निक्कै किफायती मूल्यमा उपलब्ध हुने बताइएको छ । उक्त सहकार्यअन्तर्गत, सस्तो टिकेटमार्फत फ्लाइट बुक गर्ने यात्रुलाई स्विस मिलिट्रीको लगेज तथा ब्याकप्याक कलेक्सनमा ४० प्रतिशतसम्म छुट प्राप्त हुनेछ ।

## नेपालगन्जदेखि दिल्ली र हरिद्वारसम्मको टिकट बससेवामा

काठमाडौँ । बससेवाले भारतका प्रमुख धार्मिक तथा व्यापारिक केन्द्रहरु दिल्ली र हरिद्वारसम्म बसमा यात्रा गर्ने यात्रुका लागि अब अनलाइनबाटै टिकट काट्ने सेवा सुरु गरेको छ । भेरी यातायात प्रालिले सञ्चालनमा ल्याएको लक्जरी बसलाई 'बससेवा' को पहलमा नेपालगन्जबाट दिल्ली र हरिद्वारसम्म अनलाइन सुविधा सुरु गरेको विज्ञप्तिमा उल्लेख छ ।

बससेवाले पूर्वदेखि पश्चिमसम्म देशको राजधानी काठमाडौँसहित विभिन्न मुख्य गन्तव्यमा अनलाइन टिकेटिङ सेवा सञ्चालन गर्दै आएको छ । यात्रुको आवश्यकतालाई मध्यनजर गर्दै कम्पनीले भारतका गन्तव्यहरुसम्म पनि यो सेवा विस्तार गरेको हो ।

## नेपाल इन्स्योरेन्सको अध्यक्षमा साउद



काठमाडौँ । नेपाल इन्स्योरेन्स कम्पनीको सञ्चालक समितिको अध्यक्षमा चन्द्रसिंह साउद सर्वसम्मतिबाट चयन भएका छन् । कम्पनीको १२ जेठमा बसेको सञ्चालक समितिको बैठकले साउदलाई सर्वसम्मतिबाट अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो । साउद नेपाल स्टक एक्स्चेन्ज (नेप्से)का पूर्वसिइओ हुन् । त्यस्तै, कम्पनीको १२ जेठकै बैठकले रिक्त रहेको सञ्चालक पदमा संस्थापक सेयरधनी नेपाल बैंकको तर्फबाट समता पन्तलाई कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व मनोनयन गरिएको जनाएको छ ।

## मकरी गाड हाइड्रोले आइपिओ जारी गर्ने

काठमाडौँ । मकरी गाड हाइड्रोपावर लिमिटेडले आइपिओ निष्काशन गर्ने भएको छ । कम्पनीले प्रतिशेयर अंकित मूल्य १०० रुपैयाँ दरका ५९ लाख ४० हजार कित्ताले हुन आउने रकम ५९ करोड ४० लाख रुपैयाँ बराबरको साधारण सेयर सर्वसाधारणमा जारी गर्ने भएको हो । उक्त



क्रममा मकरी गाड हाइड्रोपावर लिमिटेडकातर्फबाट प्रमुख कार्यकारी अधिकृत करन चन्द र सानिमा क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत भीष्मराज चालिसेले सम्झौता पत्रमा हस्ताक्षर गरे । मकरी गाड हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित दार्चुला जिल्ला अपि हिमाल गाउँपालिका–५ स्थित मकरी खोलाको पानीको बहाव सदुपयोग गरी १० मेगावाट क्षमताको मकरी गाड जलविद्युत् आयोजना निर्माण गरि विद्युत् उत्पादन गरिरहेको छ ।

## सिद्धार्थका ग्राहकलाई लाइल्याक वेलनेसमा छुट

काठमाडौँ । सिद्धार्थ बैंक र लाइल्याक वेलनेस एन्ड स्पा बौद्धबीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहकहरूले लाइल्याक वेलनेस एन्ड स्पा काठमाडौँमा बैंकको प्लेटिनम डेबिट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा सम्पूर्ण सेवामा १० प्रतिशत सम्मको छुट प्राप्त गर्न सक्नेछन् । यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

## क्याटल र फोटोन मोटरबीच सम्झौता

काठमाडौँ । क्याटल र फोटोन मोटरले आफ्ना १० वर्षे रणनीतिक साझेदारीका लागि १ सम्झौतामा हस्ताक्षर गरेका छन् । गत फेब्रुअरी ८ तारिखमा चीनको फुजियान प्रान्तको निङ्दे सहरमा आयोजित एक समारोहमा सम्झौता गरेका हुन् । सम्झौता अनुरूप अब दुवै कम्पनीले




व्यावसायिक सवारी साधनहरुलाई इलेक्ट्रिफिकेसन गर्ने काम सँगै गर्नेछन् । उनीहरुले प्रविधि विकास, अन्तर्राष्ट्रिय बजार विस्तार, सवारीसाधन र ब्याट्री सेवा र सम्पूर्ण उद्योग प्रणाली निर्माणमा आ–आफ्नो क्षमता प्रयोग गरेर फलदायी साझेदारी गर्ने योजना बनाएका छन् । यो साझेदारी चीनको २ ठूला कम्पनीहरू फोटोन मोटर (व्यावसायिक सवारी निर्माणकर्ता) र क्याटल (पावर ब्याट्री बनाउने कम्पनी) बीचको सहकार्य होजसले ग्रिन इनर्जीतर्फको रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

## सानिमा रिलायन्स धन सञ्चय जीवन बिमा योजना




काठमाडौँ । सानिमा रिलायन्स लाइफ इन्सोरेन्सले धन सञ्चय जीवन बिमा योजना ल्याएको छ । बचतका साथै अन्य थुप्रै सुविधाहरू पाउन सकिने कम्पनीले जनाएको छ । बिमा योजनाबाट आफूले सक्रिय आम्दानी गर्न नसक्ने समयमा समेत आर्थिक सुरक्षा पाउन सकिने कम्पनीले जानकारी दिएको छ ।

कम्पनीका अनुसार यो बिमा योजनामा बिमितले अतिरिक्त शुल्क भुक्तानी गरेर ३ किसिमका थप सुविधा प्राप्त गर्न सक्नेछन् । जसअन्तर्गत बिमितले दुर्घटना मृत्यु सुविधा, पूर्ण स्थायी असक्तता र बिमा शुल्क छुट सुविधा प्राप्त गर्नेछन् ।

# हिमालयन जाभा बास्केटबलमा हाउन्ड्स एकेडेमीको छैटौं जित




■ सौर्य समाचार

काठमाडौं । हिमालयन जाभा बास्केटबल लिग (एचजेबिएल) मा हाउन्ड्स एकेडेमीले छैटौं जित हात पारेको छ । यस्तै सामाखुसी युथ क्बलले सातौं खेलमा आएर पहिलो जित निकालेको छ ।
कीर्तिपुर कभर्डहलमा मंगलबार भएको खेलमा हाउन्ड्सले कीर्तिपुरमाथि ८८–८३ को रोमाञ्चक जित हात पार्‍यो । जितपछि १३ अंक जोडेर हाउन्ड्स शीर्ष स्थानमै छ । कीर्तिपुर ७ खेलबाट ९ अंक जोडेर पाँचौं स्थानमा छ ।

पहिलो क्वाटर कीर्तिपुरले २४–२३ ले अग्रता लिएको थियो । दोस्रो क्वाटरमा हाउन्ड्सले पुनरागमन गर्दै २४–२० ले आफ्नो पक्षमा पार्‍यो र ४७–४४ को अग्रता बनायो । हाउन्ड्सले तेस्रो क्वाटर पनि २४–१८ ले आफ्नो पक्षमा पारेपछि ७१–६२ को अग्रता बनाएको थियो । चौथो तथा अन्तिम क्वाटर कीर्तिपुरले २१–१७ ले आफ्नो पक्षमा पारे पनि हार टार्न पर्याप्त भए ।

हाउन्ड्सका सौरभ श्रेष्ठ मोस्ट भ्यालुएबल प्लेअर घोषित भए । कीर्तिपुरका लागि निश्चल महर्जनले २८ अंक स्कोर गरे पनि जिताउन सकेनन् । हाउन्ड्सका लागि विजय बुर्जाले सर्वाधिक २२ अंक जोडे ।

मंगलबारै भएको अर्को खेलमा सामाखुसीले रोएललाई ८७–८० ले पराजित गर्दै पहिलो जित हात पारेको छ । पहिलो क्वाटरमा सामाखुसी र रोएल दुवैले समान १८ अंक जोडेका थिए । दोस्रो क्वाटर रोएलले २५–२३ ले आफ्नो पक्षमा पार्दै हाफ टाइममा ४३–४१ को अग्रता बनायो । तर त्यसपछि २ क्वाटरमा सामाखुसीले पुनरागमन गर्दै खेल जित्यो । तेस्रो क्वाटर २०–१४ ले आफ्नो पक्षमा पारेको सामाखुसीले चौथो क्वाटर २७–२३ ले आफ्नो पक्षमा पारेको थियो ।

सामाखुसीको जितमा २३ अंक स्कोर गरेका प्रज्वल महर्जन मोस्ट भ्यालुएबल प्लेअर घोषित भए । रोएलका लागि प्रसङ्ग ध्वज मास्केले २६ अंक स्कोर गरे पनि जितका लागि पर्याप्त भए ।

पहिलो जित हात पारेको सामाखुसी अन्तिम स्थानमै छ । पाँचौं हार बेहोरेको रोएलको ७ खेलबाट ९ अंक भएको छ र चौथो स्थानमा छ ।

# नेपालका लागि स्कटल्यान्डको शृंखला सर्वाधिक महत्त्वपूर्ण





■ सौर्य समाचार

काठमाडौं । नेपाली क्रिकेट टोलीले आउँदो जुन पहिलो साता आइसिसी विश्वकप लिग–२ अन्तर्गत स्कटल्यान्डमा गएर स्कटल्यान्ड र नेदरल्यान्डसँग एकदिवसीय शृंखला खेल्दै छ । तयारीको क्रममा नेपाली टोलीले बेलायतमा विभिन्न काउन्टी क्लबहरूसँग अभ्यास खेलहरू खेलिसकेको छ । इंग्ल्यान्ड र स्कटल्यान्डको अवस्था उस्तै हुने तय गरेर नेपालले ती अभ्यास खेलहरूलाई महत्व दिएको हो ।

नेपाली टोलीले सबै अभ्यास खेलहरूमा जित निकाल्दै अभ्यास खेलमा सकारात्मक प्रदर्शन गरेको छ । यसकारण स्कटल्यान्डमा गएर पनि राम्रो खेल प्रदर्शन गर्ने सम्भावना देखाएको छ । यदी स्कटल्यान्डमा पनि सफल प्रदर्शन गर्न नसकेमा शीर्ष–४ मा रहने नेपालको सम्भावना कम हुने छ ।

नेपालले ४ वटा फरक टोलीसँग अभ्यास खेल खेलेको थियो । कार्डिफको न्यु पोर्ट टोली, एमसिसी र ग्लामोर्गानसँग एकदिवसीय अभ्यास खेलेको नेपाली टोलीले ग्लोसेस्टरशायरको टोलीसँग टी–२० अभ्यास खेल खेल्यो ।

सुरुआती अभ्यास खेलमा नेपालले कार्डिफको न्यु पोर्ट टोलीलाई ३ विकेटले हराएको थियो । दोस्रो अभ्यास खेलमा नेपालले मेरिलबोन क्रिकेट क्लब (एमसिसी)माथि १२३ रनको फराकिलो जित निकालेको थियो ।

ग्लोसेस्टरशायरको दोस्रो रोजाइको टिमसँग भएका दुवै टी–२० खेलमा जित नेपाल विजयी भएको थियो ।

अन्तिमा एकदिवसीय अभ्यास खेलमा नेपालले ग्लामोर्गानको दोस्रो रोजाइको टिमलाई डर्कवर्थ लुइसको आधारमा ५० रनले हरायो । नेपाली क्रिकेट टोलीको मुख्य समस्याका रुपमा रहेको ब्याटिङ यस अभ्यास खेलमा राम्रो देखिएको छ । घाँसे पिचमा ब्याटिङ गर्न केही कठिन हुने परिस्थितका बीच नेपाली ब्याटरहरूले स्तरीय प्रदर्शन गरे ।

कार्डिफसँगको पहिलो अभ्यास खेलमा १८–५ को अवस्थामा पुगेर पनि खेल जितेको नेपाली टोलीले त्यसपछिका खेलमा भने ब्याटिङमा संघर्ष गर्नुपरेन । साझेदारीहरू बनाउँदै नेपाली ब्याटरहरूले राम्रो योगफल खडा गरेर खेल जितेका थिए ।

नेपालका लागि मध्यक्रममा कप्तान रोहित पौडेल, आरिफ शेख, भीम सार्की र दीपेन्द्रसिंह ऐरीले अभ्यासमा राम्रो प्रदर्शन गरेका छन् ।

जुनको पहिलो सातादेखि स्कटल्यान्डमा विश्वकप लिग–२ अन्तर्गत स्कटल्यान्ड, नेदरल्यान्ड र नेपालबीचको एकदिवसीय शृंखला हुँदै छ । यस शृंखला नेपालका लागि महत्वपूर्ण रहेको छ ।

लिग–२ को अंकतालिकामा नेपाल पुछारमा छ । त्यसै लिग–२ को शृंखलाअघि भएको यस अभ्यासले खेलाडीहरूलाई स्कटल्यान्डको कठिन पिचमा खेल्न अभ्यस्त गराएको छ । त्यसले गर्दा नेपालले लिग–२ को यस शृंखलामा केही अंक हासिल गरेर फर्कन सक्छ ।

बेलायतबाट स्कटल्यान्ड पुगिसकेको नेपालले लिग–२ अघि स्कटल्यान्डको 'ए' टोलीसँग थप २ अभ्यास एकदिवसीय खेल खेल्ने छ । लिग–२ शृंखलाअन्तर्गत नेपालले २ जुनमा स्कटल्यान्डसँग खेल्ने छ भने ४ जुनमा नेदरल्यान्डसँग खेल्ने छ ।

८ जुनमा स्कटल्यान्डसँग तथा १० जुनमा नेदरल्यान्डसँग खेल्ने छ । १२ खेल खेलेको नेपालको ६ अंकसहित पुछारमा छ । अमेरिका २० खेलमा २८ अंकसहित शीर्ष स्थानमा छ । नेदरल्यान्डको २० खेलमा २६ अंक छ । ओमानको २० खेलमा २४ तथा स्कटल्यान्डको १६ खेलमा २० अंक छ । क्यानडाको २० खेलमा २० तथा नामिबियाको २० खेलमा १४ अंक छ । संयुक्त अरब इमिरेट्सको १६ खेलमा ६ तथा नेपालको १२ खेलमा ६ अंक छ ।

## कला

# मिस युनिभर्स अब रियालिटी सोकै स्वरूपमा

■ सौर्य समाचार

काठमाडौं । मिस युनिभर्स नेपाल २०२५ को लागि दर्ता औपचारिक रूपमा खुला गरिएको छ । ग्लोबल ग्ल्यामर भेन्चरको आयोजनामा बुधबार काठमाडौंस्थित हिल्टन होटलमा आयोजित विशेष कार्यक्रममा यो घोषणा गरिएको हो ।

यो वर्ष प्रतियोगिता ८ भागमा आधारित 'रियालिटी टिभी सो' को रूपमा प्रस्तुत गरिने जानकारी कार्यक्रममा गराइयो । यस माध्यमबाट दर्शकहरूले प्रतियोगीहरूको यात्रा, चुनौती र परिवर्तनलाई नजिकबाट अनुभव गर्न सक्ने आयोजकले जनाएको छ ।

कार्यक्रममा मिस युनिभर्स नेपालकी राष्ट्रिय निर्देशक संगीता पुरीले सम्पूर्ण ब्रह्माण्डमा नेपाली महिलाहरूको असीम क्षमता उजागर गर्ने प्लेटफर्म भएको बताइन् । प्रतियोगिताको समावेशी र लोकतान्त्रिक स्वरूपबारे जानकारी दिंदै उनले भनिन्, 'तपाईं जस्तो हुनुहुन्छ, त्यही नै तपाईंको सौन्दर्यता हो ।'

उनले अगाडि थपिन्, 'हामी सबै पृष्ठभूमिका महिलाहरूलाई स्वागत गर्दछौं । यो मञ्च आत्मविश्वास देखाउने, अवसर समाउने र सम्पूर्ण ब्रह्माण्डमा नेपाली महिलाहरूको असीम क्षमता उजागर गर्ने प्लेटफर्म हो ।'

दर्ता प्रक्रिया १५ जेठदेखि १५ असारसम्म खुला रहनेछ । इच्छुक सहभागीहरूले खल्ती एप, मिस युनिभर्स नेपालको वेबसाइट वा सोसल मिडिया प्लेटफर्ममार्फत दर्ता गर्न सक्नेछन् । सहभागी महिला कम्तीमा १८ वर्ष उमेर पुगेको र प्लस टु वा सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ ।




प्रतियोगिता समावेशी मूल्यमा आधारित रहेकाले उचाइ, तौल वा वैवाहिक स्थितिमा कुनै प्रतिबन्ध नराखिएको आयोजकले जानकारी दिएको छ । नेपाली नागरिकसँगै गैरआवासीय नेपाली महिलाहरूले पनि प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् ।

कार्यक्रममा मिस युनिभर्स नेपाल २०२५ सम्पदा घिमिरे, अन्तर्राष्ट्रिय श्रम संगठन नेपालका देश निर्देशक नुमान ओजकान, मिस युनिभर्स राष्ट्रिय निर्देशक संगीता पुरी, कोरियोग्राफर दिक्पाल कार्की तथा मिस युनिभर्स नेपालकी अध्यक्ष साबी पुरीको विशेष उपस्थिति रहेको थियो ।

प्रतियोगिताका टप प्रतिस्पर्धिहरूले साउन महिनामा २५ दिने इन्टेन्सिभ ट्रेनिङ प्राप्त गर्नेछन् भने भदौमा क्लोज क्याम्प सञ्चालन हुनेछ । ग्राण्ड फिनाले भदौमा महिनामा आयोजना गरिनेछ ।

मिस युनिभर्स नेपालले यस वर्ष समाजसेवा र सामाजिक कल्याणका क्षेत्रमा अन्तर्राष्ट्रिय श्रम संगठनसँग सहकार्य गर्ने घोषणासमेत गरेको छ ।

# युथ राष्ट्रिय क्रिकेट कर्णालीमा

■ सौर्य समाचार


सुर्खेत । यू–१६ क्रिकेट राष्ट्रिय प्रतियोगिता १९ देखि ३१ जेठसम्म कर्णाली प्रदेशमा हुने भएको छ । नेपाल क्रिकेट संघको आयोजना र कर्णाली प्रदेश क्रिकेट संघको सह–आयोजनामा प्रतियोगिता हुन लागेको हो । सन् २०२५ मा हुने एसिसी यू–१६ इस्ट जोन कप–२०२५ लाई मध्यनजर राखेर प्रतियोगिता हुन लागेको हो ।

हाल कर्णाली प्रदेशले क्रिकेटमा ठुलो उपलब्धि हासिल गरिरहेको र कर्णाली प्रदेशको सुर्खेतमा पहिलोपटक आयोजना हुन लागेको र प्रतियोगिताले यस प्रदेशको आर्थिक गतिविधिसँगै खेल क्षेत्रको विकासमा टेवा पुग्ने नेपाल क्रिकेट संघका केन्द्रीय कोषाध्यक्ष तथा कर्णाली प्रदेशका अध्यक्ष पदमबहादुर खड्काले बताए ।

'यस प्रतियोगिताबाट यू–१६ को पुरुष टिमका लागि राष्ट्रिय खेलाडी छनौट गर्ने लक्ष्य राखिएको छ', उनले भने, 'सातै प्रदेशका खेलाडीहरूको सहभागिता रहनेछ ।'




खेल लिग चरणमा हुने, सातै प्रदेशबाट सहभागिता रहने र जम्मा २१ खेल हुने प्रतियोगिता संयोजक श्रीधर केसीले जानकारी दिए । उनका अनुसार सुर्खेतको कालिञ्चोक क्रिकेट मैदान र वीरेन्द्रनगर मैदानमा खेल हुने छन् ।




# 'महाभोज'को प्रदर्शन स्थगित




■ सौर्य समाचार

काठमाडौं । बिहीबार प्रदर्शनको तयारी गरिएको 'महाभोज' तत्काललाई स्थगित गरिएको छ । 'देशभर फैलिएका विभिन्न आन्दोलन तथा विषम परिस्थिति' लाई कारण देखाउँदै निर्माता हिमाल कडरियाले प्रेस विज्ञप्ति जारी गर्दै प्रदर्शन स्थगित गरिएको जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'पछिल्लो समय देशभर फैलिएका विभिन्न आन्दोलन तथा विस्तारित विषम परिस्थितिका कारण आमजनजीवन प्रभावित भइरहेको अवस्थालाई दृष्टिगत गर्दै, चलचित्र 'महाभोज' को प्रदर्शन नेपाल तथा नेपाल बाहिरका सबै देशहरूमा हाललाई स्थगित गरिएको जानकारी गराउँदछौं ।'

चलचित्रप्रति दर्शकहरूले देखाएको उत्साह र समर्थनप्रति आभार प्रकट गर्दै निर्माताले मुलुकको संवेदनशील परिस्थितिमा दर्शकको सुरक्षालाई पहिलो प्राथमिकतामा राखिएको विज्ञप्तिमा जनाइएको छ । अवस्था सामान्य भएपछि नयाँ प्रदर्शन मिति सार्वजनिक गरिने बताएको छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी

सौर्य दैनिक

गणतन्त्रका १७ वर्ष
परिदृश्य

वर्ष १३ अंक ९९ बिहीबार, १५ जेठ २०८२ SOURYA NATIONAL DAILY Thursday, 29 May 2025 पृष्ठ : ८ मूल्य रू. ५



कृष्ण उप्रेती

## स्वार्थ प्रेरित राजनीतिले
# धरमरमा गणतन्त्र

गणतन्त्रका यी १७ वर्षमा ४ पटक आमनिर्वाचन भयो (गणतन्त्र घोषणाअघि २०६४ सालमै निर्वाचन भए पनि सोही निर्वाचनले बनाएको संविधानसभा २०७० सालसम्मै रह्यो) । प्रधानमन्त्री भने १४ पटक फेरिए । खिलराज रेग्मीको अध्यक्षतामा बनेको अन्तरिम सरकारबाहेक १३ पटक प्रधानमन्त्री फेरिँदा ३ वटा दलले आलोपालो गरे । जनताले ल्याएको गणतन्त्रलाई नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले पालैपालो प्रधानमन्त्री फेर्ने मञ्चका रूपमा प्रयोग गरे ।

यी १७ वर्षमा ३ पटक माओवादीबाट पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बने भने ४ पटक एमालेबाट केपी शर्मा ओली र २ पटक कांग्रेसबाट शेरबहादुर देउवाले सत्ताको बागडोर हातमा लिए । त्यसैगरी एमालेकै माधवकुमार नेपाल र झलनाथ खनाल (हाल नेकपा एस), कांग्रेसबाट सुशील कोइराला, माओवादीबाट बाबुराम भट्टराई (हाल नेसपा, नयाँ शक्ति) ले पनि १/१ पटक प्रधानमन्त्री बन्ने मौका पाए । तर, बिडम्बना जसको नेतृत्वमा सरकार बने पनि आमनागरिकले अनुभूत नै गर्न पाएनन् । सधैँ पार्टी र सत्ताको नेतृत्वमा रहिरहने नेताहरूको इच्छाका कारण गणतन्त्रका १७ वर्ष कुर्सीको खेलमै बिते ।

२०६५ देखि २०७२ सालसम्म संविधान निर्माण र शान्ति प्रक्रियाका मुद्दा उठाएर दलहरूले राजनीतिक रोटी सेके । २०७२ सालपछि अहिलेसम्म तिनै नेताहरू संविधान र संघीयताको कार्यान्वयन चरण भन्दै जनजीविकाका सवाल किनारा लगाउँदै आफ्नै अभीष्ट पूरा गर्ने दाउ खोजिरहेकै छन् । व्यवस्था बदलियो, प्रणाली फेरियो, तर भुइँमान्छेको जीवनस्तर अझै फेरिएन । स्थिरताका लागि ल्याइएको प्रणालीले नै अस्थिरतालाई मलजल गरेको भन्दै अहिले नागरिक स्तरबाट आवाज उठ्न थालेको छ । प्रणाली हाँक्ने नेतृत्व इमानदर नभइदिँदा अहिले गणतन्त्रको विकल्प खोजी गर्नेहरूको आवाज गाइँगुइँबाट ठुलै हल्लामा परिणत हुँदै छ ।

नेपालमा गणतन्त्र स्थापना कुनै राजनीतिक परिवर्तनका लागि मात्र थिएन, समाजको समग्र हित र विकासका लागि थियो । तर, १७ वर्षअघिको त्यो परिवर्तनलाई अहिले केही दल र तिनका शीर्ष नेताले आफूअनुकूल प्रयोग गर्ने गरेका छन् । जसका लागि परिवर्तन ल्याइएको हो, उनीहरूले नै त्यसलाई नजिकबाट अझै पनि अनुभव गर्न पाएका छैनन् ।

### नेतृत्व नसुध्रिए जुनै प्रणाली पनि निरीह !

पहिलो संविधानसभादेखि २०७९ सालसम्म आउँदा ४ पटक निर्वाचनको कसीबाट दलहरू निस्किए । तर, ती ४ वटै निर्वाचनमा दलहरूप्रति नागरिकले पूर्ण विश्वास गर्न सकेको देखिएन । त्यसैले कुनै पनि राजनीतिक दल स्पष्ट बहुमतका साथ सरकार बनाउने र पूर्ण कार्यकाल सत्ता सञ्चालन गर्ने अवस्थामा पुग्न सकेनन् । २०७४ सालको निर्वाचनमा मतदाताले २ ठुला कम्युनिस्ट पार्टी एमाले र माओवादीलाई त्यो अवसर दिएको थिए । तर, दलहरूले मतको कदर गर्न नसक्दा देशले नै ठुलो दुर्घटना भोग्नुपऱ्यो ।



२०७४ सालको निर्वाचनमा एमाले र माओवादी गठबन्धन गर्दै चुनावमा होमिएका थिए । जनताले पनि उनीहरूको गठबन्धन रुचाए । त्यसबेला एमालेले प्रतिनिधिसभाको २७५ सिटमध्ये १२१ र माओवादीले ५३ सिटमा जित निकाले । कांग्रेस भने जम्मा ६३ सिटमा समेटियो । चुनावलगत्तै २०७५ सालमा २ दलबीच एकता भएर नेकपा बन्यो, र १८४ सिटसहित तत्कालीन नेकपाले स्पष्ट दुई तिहाइको सरकार बनायो । प्रदेशतर्फ पनि नेकपाकै सरकार थियो । तर, शीर्ष नेतृत्व (हरू) राजनीतिप्रति इमानदार र देशप्रति बफादार नहुँदा जनताको मतको पनि कदर हुन सकेन ।

पार्टीको आन्तरिक कलहले संसद् विघटनको दुष्प्रयास र पार्टी विभाजनले दुई तिहाइको सरकार पनि टिक्न सकेन । त्यसैले प्रणाली गलत भन्ने विचारलाई यो एउटा घटनाले नेपाली जनतालाई घरिघरि झस्काउने गर्छ । हजार खर्चमा हुने चुनाव लाख हुँदै करोडसम्म पुगिसकेको छ भने चुनावकै लगानी उठाउन मन्त्री बन्न तम्सिएकाहरूकै कारण नेपालको राजनीतिक प्रणाली र गणतन्त्रात्मक व्यवस्था धर्मराइरहेको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

### नेताकै कारण धरापमा गणतन्त्र !

गणतन्त्रात्मक व्यवस्था र विश्वकै उत्कृष्ट संविधानको संयोजनले नेपाल उदार र स्वतन्त्र मुलुक बनेको छ । तर, विश्वमै उदाहरणीय व्यवस्था ल्याएर पनि जनताले भने सन्तोषको सास फेर्न सकेका छैनन् । सामाजिक सञ्जालदेखि सडकसम्म व्यवस्थाभन्दा पनि व्यवस्थापकविरुद्ध उठ्ने आवाज दिनप्रतिदिन बढ्दै गएको छ । जसले गर्दा अहिलेको व्यवस्थाप्रति नै प्रश्नचिह्न खडा भएको छ ।

हरेक दिन भ्रष्टाचारका नयाँ–नयाँ घटना, हरेक निकायमा राजनीतिक भागबन्डाको खुलमखुला 'बार्गेनिङ', राजनीतिक प्रतिशोधमै रुमलिएको राजनीति, कुर्सीकै लागि तँछाडमछाड, युवाको विदेश पलायनको मानसिकता विकासलगायतले व्यवस्था राम्रो भए पनि त्यसमा नागरिक रम्न सकेका छैनन् । यसबीचमा देख्ने गरी भएको परिवर्तन भनेको राजनीतिक परिवर्तन मात्र हो । एउटै पार्टीबाट ५ पटकसम्म प्रधानमन्त्री भए । एउटै व्यक्ति ३/३ पटकसम्म प्रधानमन्त्री भए । भएभरका सबै राजनीतिक दलले मन्त्रीको स्वाद लिए ।

> विश्वमै उदाहरणीय र अनुपम व्यवस्था भएर पनि जनता भने सन्तोषको सास फेर्न सकेका छैनन् । दलका शीर्ष नेता र तिनको निगाह पाउने कार्यकर्ताबाहेक आमनागरिकले वास्तविक गणतन्त्र अनुभूत गर्न पाएका छैनन्

राजनीतिक दल र तिनका नेताहरूको गल्तीका कारण गणतन्त्रमाथि नै प्रश्न उठाउनु स्वाभाविक होइन । तर, गणतन्त्र स्थापनापछि राजनीतिक दलका नेताहरूमा देखापरेको अवसरवाद, अनैतिकता, भ्रष्टाचार, कुशासन, बेथिति राज्य प्रणालीमै जोडिएका विषय भएको र त्यसको अन्त्यका लागि फेरि अर्को नागरिक 'आन्दोलन'को खाँचो रहेको विश्लेषकहरू औंल्याउँछन् । कागजमा र नेताका लागि गणतन्त्र आए पनि जनताका लागि नआएको र राजनीतिक दलहरूको ध्येय पनि कार्यकर्ता व्यवस्थापन र आफ्नो व्यवस्थापनमा सीमित हुँदा गणतन्त्रको अस्तित्वमाथि नै संकट मडारिएको छ । अब पनि नेतृत्व नसुध्रिए या त यिनीहरूबाटै गणतन्त्र विस्थापित हुन्छ, होइन भने गणतन्त्रले नै उनीहरूको विस्थापन गर्ने निश्चित छ ।

## नेतृत्वको 'फर्मान'ले घाँटी निमोठिएको दलहरूको आन्तरिक लोकतन्त्र
## पार्टीपिच्छे तहगत संरचना
# निर्णयमा 'शीर्ष' कै बोलबाला !



विक्रम रत्न

जहानियाँ राणा शासन र एकात्मक राजतन्त्रात्मक व्यवस्थाविरुद्ध बिगुल फुकेर उदाएका राजनीतिक दलहरूमै आन्तरिक लोकतन्त्र भने घाँटी थिचिएको अवस्थामा छ । राणा शासनविरुद्ध लडेर आएको सबैभन्दा पुरानो तथा सबैभन्दा ठुलो दल नेपाली कांग्रेसदेखि पछिल्लो आमनिर्वाचनपछि उदाएका वैकल्पिक भनिने दलसम्म आन्तरिक लोकतन्त्र निस्तेज पारिएको छ/पारिँदै छ ।

छन त सबै दलका संगठनात्मक संरचना छन, पदाधिकारी पनि सोहीअनुसार निर्वाचित वा मनोनित गरिएकै छ । तर, जसै निर्णयको बेला आउँछ, शीर्ष नेतृत्वको स्वार्थ हाबी भइहाल्छ । यसले लोकतन्त्रको दुहाई दिएर नथाक्ने दलहरू स्वयंले लोकतान्त्रिक परिपाटी र व्यवस्थाकै धज्जी उडाइरहेका छन् ।

वर्तमान संघीय संसद्मा १४ दलको प्रतिनिधित्व छ । ती सबै दलको निर्णयमा नेतृत्वकै मनोमानी हुने विषय सार्वजनिक भइरहेकै हो । पार्टी हित वा राष्ट्र हितका लागि नेतृत्वको इच्छाविपरीत फरक मत राख्नेहरू दण्डित हुनुपर्ने तितो यथार्थ छ । ठुला भनिएका कांग्रेससहित नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) मा पनि आन्तरिक लोकतन्त्र नाजुक अवस्थामा छ । यी दल पार्टी संयन्त्रले होइन, शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डकै इच्छा र इसारामा चलिरहेका छन् । फरक मत राख्नेहरू कि त कारबाहीको डन्डा भोग्न बाध्य बनाइए कि त दलगत राजनीतिसँगै अवसरबाट समेत किनाराकृत बनाइए ।

दलका नेताहरुले भन्ने गरेको 'बलिदानी र त्यागबाट उपलब्ध लोकतन्त्र/गणतन्त्र' के यिनै 'शीर्ष'हरूकै लागि मात्रै थियो त ? भन्ने प्रश्न पार्टी पंक्तिसँगै आमजनताबाट उठ्न थालेको छ । 'शीर्ष'हरूकै फर्मानमा चल्ने पार्टी र तिनै पार्टीको फर्मानमा चल्ने राज्यले आमनागरिकलाई लोकतन्त्र/गणतन्त्रको अनुभूति दिलाउन सम्भव छ ? भन्ने अर्को पेचिलो प्रश्न तेर्सिएको छ ।

२०७९ सालको आमनिर्वाचनपछि उदाएका र वैकल्पिक भनिएका राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीभित्रको आन्तरिक लोकतन्त्र पनि बिजोगलाग्दै छ । गणतान्त्रिक मुलुकमा राजसंस्था पुनर्स्थापनाको मुख्य एजेन्डा बोकेर पनि जनमत बढाउँदै




गएको राष्ट्रिय प्रजातन्त्र पार्टीको अवस्था पनि भिन्न छैन । नेताहरूलाई लागेको छ– 'म नै पार्टी । म नै सरकार । अनि म नै राज्य ।' यसले लोकतान्त्रिक शासन व्यवस्था, गणतान्त्रिक शासन व्यवस्थाकै धज्जी उडाएको छ ।


पार्टी कमिटीलाई शीर्ष नेताहरूले कब्जा गरिरहेका छन् । राज्य संयन्त्रको दुरुपयोग गरेर डर, त्रास देखाएरै भए पनि नेता/कार्यकर्तालाई आफ्नो पक्षमा पार्न उद्यत् छन् । यसले सिंगो राजनीतिप्रति नै चिन्ता जन्माएको छ ।

पूर्वप्रधानमन्त्री झलनाथ खनाल प्रजातन्त्रवादी अथवा कम्युनिस्ट पार्टी भन्नेहरू सबैले पार्टीभित्रको आन्तरिक लोकतन्त्र समाप्त पारेको टिप्पणी गर्छन् । नेता केन्द्रित संगठन निर्माण गर्नु, नेताको देवत्वकरण र कार्यकर्ताको अपमान गर्ने प्रवृत्ति बढेकामा उनको चिन्ता छ । 'पार्टीको नेता हुनेबित्तिकै आफूलाई सामन्तजस्तो, प्रभुत्वशाली व्यक्तिका रूपमा लिने गरिएको छ । उनीहरूमा वैचारिक, सांस्कृतिक र चिन्तनगत सामन्तवादको प्रतिबिम्ब छ,' उनी भन्छन्, 'राष्ट्रको अग्रगतिका निम्ति यी विषय अवरोध हुन् । यिनलाई नपन्छाई न पार्टी विकसित हुन्छन्, न देश विकास हुन्छ ।'

दलका नेताहरूमा गणतान्त्रिक सोचको विकास हुन नसकेको बताउँछन्– विश्लेषक कृष्ण पोखरेल । शीर्ष नेताहरूको पदप्रतिको आशक्तिका कारण दलभित्रको लोकतन्त्र संकटमा परेको उनको धारणा छ । 'नेताहरूमा निश्चित समयमा पद छाड्ने र नयाँलाई प्रवेश गराउने योजना भएन, चाहे दलमा होस् वा सरकारमा । यसले समस्या उत्पन्न भइरहेको छ,' उनले भने ।

जनतामा निराशा बढ्नुमा पुरानो पुस्ताका नेताहरूले स–सम्मान नेतृत्वबाट बर्हिगमन नहुनु मुख्य कारण भएको उनले बताए । 'संसदीय व्यवस्थाको आधारभूत मान्यता भनेको निर्वाचनमा दाबी गरेअनुरूपको मत ल्याउन नसक्दा, दलको अवस्था खस्किँदा, संख्या घट्दा नेतृत्व हस्तान्तरण गर्नुपर्छ । हामीकहाँ त्यो भएन,' उनले भने ।

त्रिभुवन विश्वविद्यालयका राजनीतिशास्त्र विभाग प्रमुख ईश्वरीप्रसाद कँडेल माथिल्लो तहका नेताले तल्लो तहका नेतालाई गन्दै नगन्ने प्रवृत्ति परम्परागत सोचको विकसित रूप भएको टिप्पणी गर्छन् । शीर्ष नेताहरूले आफूलाई राज्य र कार्यकर्तालाई आदेशपालक ठान्दा समस्या निम्तिएको उनको भनाइ छ । उनले राजनीतिक दलहरूभित्र लोकतान्त्रिक विधि व्यवहारतः लागू हुन नसकेको बताए । 'तलकाको आदेश माथिकाले मान्नुपर्छ भन्ने दिमाग उनीहरूमा पसिसकेको छैन । पार्टीहरूले आन्तरिक लोकतन्त्रलाई सुदृढ गराउन जुन रूपमा कार्यकर्तालाई स्वतन्त्र छाड्नुपर्थ्यो, नछाडेका कारण विद्रोहको स्थितिसमेत सिर्जना हुन सक्छ,' उनले भने, 'दलहरूमा आन्तरिक लोकतन्त्र सुदृढ बनाउन चाकडी प्रथाको पनि अन्त्य गर्नु जरुरी छ ।'



गणतन्त्रका १७ वर्ष
परिदृश्य
ख | बिहीबार १५ जेठ २०८२ | Thursday, 29 May 2025 | सौर्य दैनिक | SOURYA NATIONAL DAILY | www.souryaonline.com

## अनुदान र रेमिट्यान्सको भर पर्दा
# सधैं संक्रमणमै अर्थतन्त्र



**केशव भट्ट**

लोकतान्त्रिक गणतन्त्रजस्तो विश्वकै उत्कृष्ट शासन व्यवस्थामा पनि देशको आर्थिक क्षेत्रले अपेक्षित गति लिन सकेन । समय र प्रविधिका कारण बढेको आकारका आधारमा पञ्चायतकालसँग तुलना गर्दै अर्थतन्त्र सुधारियो भन्नेबाहेक आशातीत प्रगति छैन ।

अस्थिर सरकार, आर्थिक परनिर्भरता, आयातमुखी र रेमिट्यान्समुखी अर्थतन्त्रको भर पर्दा आन्तरिक उत्पादन वृद्धि र दिगो अर्थतन्त्रको आधार खोजी हुन सकेको छैन । गणतन्त्र स्थापनापछि मात्रै नेपाल २ पटक एफएटिएफको 'ग्रे लिस्ट'मा परिसकेको छ । गणतन्त्रपछि ग्रामीण अर्थतन्त्र लगभग निमिट्यान्न छ । रेमिट्यान्स र ऋण अर्थतन्त्र फस्टाएको छ । विकास खर्चभन्दा बढी ऋण तिर्न खर्च गर्नुपर्ने अवस्था छ । संक्रमणकाल, भूकम्प, कोरोना महामारी, बाढीपहिरोजस्ता विपद्ले पनि अर्थतन्त्रको ओरालो यात्रामा सघाए ।

आव २०६२/६३ मा नेपालको जिडिपीमा कृषि क्षेत्रको योगदान ३८ प्रतिशत रहेकामा २०८०/८१ सम्म आइपुग्दा २४ प्रतिशतमा झरेको छ । जबकि २०५२/५३ मा कृषि क्षेत्रको योगदान ४० प्रतिशतभन्दा माथि थियो । गणतन्त्रपछि सेवा क्षेत्रको योगदान भने बढेको छ । २०६२/६३ मा जिडिपीको करिब ४२ प्रतिशत हिस्सा रहेको सेवा क्षेत्र २०८०/८१ मा ६३ प्रतिशत हाराहारी पुगेको छ । हाल नेपालको जिडिपीको आकार ५७ खर्ब ४ अर्ब रुपैयाँ छ ।

रोजगारी अभावमा युवा विदेश पलायनको क्रम तीव्र हुँदा राजनीतिक बेथिति उत्कर्षमा छ । राजनीतिक बेइमानीविरुद्ध आवाज उठाउन सक्ने पुस्ता देशबाट रित्तिँदै जाँदा राज्य सत्तासँगै अर्थतन्त्र पनि बिचौलियाको हातमा पुगेको छ । राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड उद्योग र कृषि नभएर रेमिट्यान्स र सेवा क्षेत्र बनेको छ ।




### टाउको दुखाइ बन्दै सार्वजनिक ऋण

विकासका लागि सार्वजनिक ऋण लिनु सामान्य भए पनि नेपाल भने चालु खर्च धान्न र ऋण तिर्न पनि ऋण लिनुपर्ने अवस्थामा छ । ऋणको आकार जिडिपीको तुलनामा ४६ प्रतिशतभन्दा बढी छ । जबकि, २०७१/७२ मा ऋणको आकार जिडिपीको तुलनामा २५.६५ प्रतिशतमात्रै थियो ।

### आर्थिक वृद्धिमा उतारचढाव

परनिर्भर अर्थतन्त्रका कारण आर्थिक वृद्धि पनि अस्थिर छ । विदेशी ऋण र अनुदान सहयोग बढेको वर्ष बढ्ने र सहयोग कम हुनासाथ वृद्धि दर एकदमै न्यून विन्दुमा पुगेको देखिन्छ । यसमा केही हदसम्म प्राकृतिक प्रकोप तथा अन्य कारण पनि सहायक भए पनि सत्ता सञ्चालकको अदूरदर्शी नीति नै मुख्य कारण रहेको बताइन्छ ।

### चालु खर्च र पुँजीगत खर्चबीचको खाडल

चालु खर्चको आकार अस्वाभाविक रूपमा बढ्दा विकास निर्माण भने ओझेलमा परेको छ । स्रोतको दबाब र चालु खर्चकै लागि बजेटको अधिकांश हिस्सा खर्च हुँदा पुँजीगत खर्चका लागि नगन्य रकम छुट्याउने गरिएको छ । छुट्ट्याएको बजेट पनि रकमान्तर गरेर चालु खर्चमा ल्याउनुपर्ने बाध्यता छ । आव २०८०/८१ मा सरकारको कुल खर्च १४ खर्ब ८ अर्ब हुँदा जम्मा १० खर्ब ८२ अर्ब राजस्व संकलन भएको छ । १४ खर्ब हाराहारीको व्यापारमा ११ खर्ब घाटा छ । कर छुटका नाममा उस्तै बेथिति छ ।

## गणतन्त्रमा वित्तीय क्षेत्र झन् संकुचित

**नरबहादुर थापा**
**पूर्वकार्यकारी निर्देशक, राष्ट्र बैंक**



बिस्तारै फस्टाउँदै गएको वित्तीय क्षेत्र गणतन्त्र स्थापनासँगै संकुचित पारियो । विविधतायुक्त बैंकिङ बिजनेस मोडल ओझेलमा पार्दै नेपाललाई युनिभर्सल बिजनेस बैंकिङ मोडलमा लगियो । वित्तीय संस्थाहरू आममानिसको पहुँचबाहिर पुगे । ठुला व्यवसायीले सहजै ऋण पाउने, साना उद्यमीले नपाउने भएपछि मिटरब्याजीको बिगबिगी बढ्यो । बैंकमा पहुँच नपुग्नेहरू सहकारीतर्फ आकर्षित भए । सहकारी क्षेत्रले फट्को पनि मार्‍यो । तर, आवश्यक नियमन तथा नियन्त्रण नहुँदा सहकारी क्षेत्र नै डामाडोल भयो ।

बिग मर्जरको नीतिले वित्तीय संस्थाहरू एकीकृत हुँदै काठमाडौं केन्द्रित भए । परिमाणमा कर्जा बढेको देखिए पनि संख्यात्मक हिसाबले घट्यो । उद्यमी घटे, बेरोजगारी बढ्यो । मेगा मर्जरको नीतिले विकास बैंक ८८ बाट १७ मा झरे, ७९ वित्त कम्पनी १७ मा झरेर काठमाडौं केन्द्रित भए । जसको प्रभाव ग्रामीण अर्थतन्त्रमा पर्‍यो । अनावश्यक मर्जर नीतिले समग्र वित्तीय क्षेत्र नै कमजोर भयो । वित्तीय पहुँच भनेको खाता खोल्नु मात्रै होइन, कर्जामाथिको पहुँच पनि हो । उद्यमशीलता, रोजगारी तथा स्वरोजगारलाई जोडेर हेर्ने हो भने कर्जामाथिको पहुँच विस्तार नहुँदासम्म बैंकिङ क्षेत्र र अर्थतन्त्रमा सशक्तीकरण हुन सक्दैन ।


## कचनकवल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### झापा, कोशी प्रदेश, नेपाल

**कचनकवल गाउँपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश**

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । ● खानेपानीका मुहानहरु सदैव सफा राखौं । ● जथाभावी फोहोर नफालौं । ● शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । ● चर्पीमा मात्र दिसापिसाव गरौं । ● सफासँग हात धोएर खाना खाने गरौं । ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । ● घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । ● विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

## दुहवी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### दुहवी, सुनसरी
### कोशी प्रदेश, नेपाल

**दुहवी नगरपालिकाद्वारा जनहितमा जारी सूचना**

**डेङ्गु रोगको केही प्रमुख लक्षणहरूः**

एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मासपेशी/ जोर्नीहरु दुख्ने, वाक वाकी लाग्ने वा वान्ता हुने र आफ्नो दैनिकी खानपानमा रुची नलाग्ने इत्यादि ।



(माथि उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस् ।)

**डेङ्गु रोगबाट बच्ने/रोकथाका उपायहरुः**



● पुरा बाहुला भएको लुगा लगाउने ।
● झुलभित्र मात्र सुत्ने ।
● घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने झुल लाउने ।
● घर, कार्यालय एवम् सार्वजनिक ठाउँमा पानी जम्न नदिने ।
● खाल्डा खुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
● गमलाको प्लेट, फूलदानी, कुलर आदिको पानी कम्तिमा हप्तामा एक पटक फेर्ने ।
● पानी जम्मा गर्ने भाडोलाई लामखुट्टे छिर्न नसक्ने गरी गरी छोप्ने ।

**तसर्थ लामखुट्टेको टोकाइबाट बच्नु नै, डेङ्गुबाट बच्ने एक मात्र उपाय हो ।**

# गणतन्त्रलाई अझै परिष्कृत र परिमार्जित गर्नुपर्छ



माधवकुमार नेपाल
पूर्वप्रधानमन्त्री

भ्रष्टाचार, सेवा प्रवाहमा लापरबाही, न्यायमा पहुँचको कमी, अपारदर्शिता, राजनीतिक अस्थिरताका कारण गणतन्त्रप्रति प्रश्न उठ्न थालेको छ

गणतन्त्रको स्थापनाको १८औं वर्ष प्रवेशको दिन जनताको संघर्ष, बलिदान र संकल्पलाई स्मरण गर्ने गौरवपूर्ण स्मृतिलाई सम्मान गर्ने दिन हो । निरंकुश राजतन्त्र र शाह वंशीय परिपाटी अन्त्य गरेर जनता सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गरिएको दिन पनि हो । लोकतान्त्रिक आन्दोलनको ऐतिहासिक र विजयी यात्राको परिणाम स्वरूप २०६५ जेठ १५ गतेका दिन संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको घोषणा गरिएको थियो । नागरिकलाई शासन सत्ताको केन्द्रमा राख्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

तर, आज जब हामी गणतन्त्र स्थापनाको १८ बर्से मोडमा आइपुगेका छौं, यति छोटो अवधिमै गणतन्त्रप्रति प्रश्न उठाइनु गम्भीर विषय बनेको छ । यसमा दोष प्रणालीलाई दिनु उपयुक्त र जायज देखिँदैन । राजनीतिक दल, नेता र सामान्यतया सरकारको समग्र मूल्यांकन गर्ने र प्रत्येक ५ वर्षमा उनीहरूको भाग्य र भविष्यको निर्धारण गर्ने जिम्मेवारी आमजनताको क्षेत्राधिकारभित्र तय भइसकेपछि दोष व्यवस्था र गणतन्त्रलाई दिन मिल्दैन ।

संसारका कुनै पनि व्यवस्था आफैंमा पूर्ण रूपमा दोषमुक्त छैनन् । अहिलेको गणतन्त्रलाई अझै परिष्कृत र परिमार्जित गर्नुपर्छ । हाम्रो संविधानले समाजवाद उन्मुख आर्थिक परिपाटीको कुरा गरेको छ । तर, समाजवादी व्यवस्थाका मुख्य पक्ष एवं जनताका मौलिक हक र अधिकारलाई व्यवहारमा लागू गर्ने काम नै हुन सकेको छैन । त्यसकारण प्रणालीभन्दा पनि प्रणाली संस्थागत गर्नुपर्ने जिम्मेवार नेतृत्व र दलले सही दृष्टिकोण र चरित्र प्रदर्शन गर्दै अपेक्षित गतिका साथ अघि नबढ्नु नै मूल कारण हो ।

नेपालको गणतन्त्र पूर्ण रूपमा परिपक्व भएको छ भनेर भन्न अझै सकिन्न । किनभने गणतन्त्र केवल एक राजनीतिक व्यवस्था मात्र होइन– यो विचार, व्यवहार र संस्कारको समुच्च रूप हो । जनतासँगको इमानदार प्रतिबद्धता, सेवा प्रवाहमा पारदर्शिता, परिणाममुखी काम, जबाफदेहिता र सहभागिताले मात्र गणतन्त्रको आधार बलियो हुन्छ । तर, आज सत्तामा पुगेका कतिपय नेताहरू नै गणतन्त्रका मूल मर्म र भावना तथा मूल्य र मान्यताबाट विचलित भएकाले नै जनतामा नैराश्य, असन्तुष्टि र वितृष्णा देखिन थालेको छ ।

भ्रष्टाचार, सेवा प्रवाहमा लापरबाही, न्यायमा पहुँचको कमी, अपारदर्शिता, राजनीतिक अस्थिरता, दलभित्रको गुटबन्दी र जनताबाट विमुखता– यी सबै गणतन्त्रप्रति प्रश्न उठाउने प्रमुख कारणका रूपमा देखिएका छन् । नेतृत्वले जनचाहना र जनअपेक्षालाई उच्च प्राथमिकतामा राखेर आचरण नगरेमा जनताले जतिसुकै सुन्दर प्रणालीमाथि प्रश्न उठाउने अवस्था सिर्जना हुन्छ ।

हामीले ल्याएको यो गणतन्त्र लाखौं जनताको आन्दोलन, हजारौं सहिदको बलिदान र भावी पुस्ताको आशा, अपेक्षा र विश्वासको परिणाम हो । त्यसैले मुलुकको नेतृत्व गर्नेहरूले व्यवस्था परिवर्तनसँगै जनताका आशाहरूलाई पूरा गर्नेतर्फ प्रभावकारी कदम चाल्न नसक्दा कतै उनै नेताहरूबाटै गणतन्त्र खतरामा त छैन ? भनेर प्रश्न उठिरहेको छ । जनताको विश्वास गुमाएर कुनै पनि शासन व्यवस्था दिगो हुन सक्दैन । यसर्थ, हामी सबैले यो गणतन्त्रलाई बचाउन, बलियो बनाउन र संस्थागत गर्न आत्मसमीक्षा गर्नुपर्ने बेला आएको छ । जनता र समाजलाई परिवर्तन र रूपान्तरण गर्दै उनीहरूलाई उन्नत, समृद्ध र सुखी बनाउँदै देशको प्रतिष्ठा र मानलाई माथि उठाउन सामग्रिक सोच राख्दै परिणाममुखी र दूरदृष्टियुक्त काम गरेर जनताको विश्वास जित्नु आवश्यक छ । गणतान्त्रिक व्यवस्थालाई अझै उन्नत बनाउन हामीले हाम्रो देशलाई वैज्ञानिक समाजवादी प्रणालीमा नै लैजानुपर्छ र यो समाजवादी प्रणाली नेपाली विशेषता अनुरूपकै हुनुपर्छ ।

यस सन्दर्भमा, म सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा आह्वान गर्न चाहन्छु– हामीले हासिल गरेको यो मूल्य र उपलब्धिको रक्षा गर्दै समृद्धिको यात्रालाई अघि बढाउन यहाँहरूको सक्रियता एवं सहभागिता समेत आवश्यक छ । हामीले केवल आलोचना, दोष र निराशा छर्ने मात्र होइन, सुधार र परिवर्तनको साझा एजेन्डा निर्माण गर्दै अघि बढ्न आवश्यक छ ।


अन्तमा, १८औं गणतन्त्र दिवसको अवसरमा सम्पूर्ण देशबासीमा हार्दिक शुभकामना व्यक्त गर्दछु । गणतन्त्र सुदृढ होस्, लोकतन्त्र जनमुखी होस् र समाज समावेशी तथा न्याय समानतामा आधारित बनोस् भन्ने कामना गर्दछु ।

बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ, कोशी प्रदेश, नेपाल

गढी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

उद्योग तथा व्यवसायका लागि
१. विक्रेताले विक्री वितरण हुने सामानको मूल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले गरेको नापतौल तथा नाप्ने, तौलिने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री विवरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (स्यानेटाईजर) र तापोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्नेछ ।
९. बिमारी परेका वा झाडापखला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकार्यसकेपछि नियमितरुपमा फेरबदल गर्नुपर्दछ ।
११. खनेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्छ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियरको तापक्रममा राख्नु पर्नेछ ।






## गणतन्त्र संस्थागत गर्न
# देखिएका अवरोधहरू



**पुष्पकमल दाहाल प्रचण्ड**
पूर्वप्रधानमन्त्री

> गणतन्त्रको अभ्यासका क्रममा देखिएका कमजोरीलाई जबरजस्त रुपमा व्यवस्थाविरोधी देखाउन खोजिएको छ


महान् 'जनयुद्ध'लगायत विभिन्न कालखण्डमा चलेका नेपाली जनताका महान् आन्दोलन र बलिदानबाट केन्द्रीकृत सामन्तवादी राज्यसत्ताको अन्त्य गर्दै गणतन्त्र स्थापना गर्न सफल भयौँ । अग्रगामी सोच राख्ने र यथास्थितिवादी चिन्तनबीच लामो संघर्षपछि सहमतिका आधारमा संविधान जारी भयो । तत्कालीन परिस्थितिमा अधिकतम उपलब्धि हासिल गर्दै समावेशी, संघीय, लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्न सफल भयौँ । यद्यपि, हामीले शासकीय संरचना र उपेक्षित, उत्पीडित वर्ग तथा समुदायका अधिकारसँग सम्बन्धित कतिपय विषयमा फरक मत राखेका थियौँ ।

हामी २५० वर्षभन्दा बढी समयदेखि एकात्मक सामन्तवादी राज्य संरचनामा थियौँ । त्यसर्थ गणतन्त्रको अभ्यास गर्ने क्रममा संविधान कार्यान्वयनका लागि राज्यका नियम, कानुन, संरचना, परिपाटी सबै क्षेत्रमा गुणात्मक परिवर्तनको अनिवार्यता थियो । तर, संविधान कार्यान्वयनको दिशामा संसद्वादी दलहरू इमानदार बन्न सकेनन् । संविधानले परिकल्पना गरेअनुरुप ३ वटै तहको अधिकार क्षेत्र बाँडफाँटका लागि कार्यविस्तृतीकरणको नीतिगत व्यवस्थालाई मूर्त रूप दिन सकेनौँ । हाम्रो जोड संविधान कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणमा थियो । तर, दलाल र बिचौलियाहरूको स्वार्थ नमिलेपछि हामी सरकारबाट बाहिरिनुपर्‍यो र अहिले यी सबै काम अलपत्र परेका छन् । जसले गर्दा शिक्षक, कर्मचारीलगायत हरेक तह र तप्का आन्दोलनमा उत्रिनुपरेको छ ।

संविधानले सिंहदरबारको अधिकार गाउँघरमा त पुर्‍यायो, तर त्योअनुरुप कानुनी, नीतिगत र संरचनागत आधार बन्न नसक्दा पुनरुत्थानवादीहरूले प्रश्न उठाउने मौका पाए । यसर्थ हामीले गणतन्त्रलाई अझै संस्थागत गर्न सकेका छैनौँ । संविधानलाई पूर्ण कार्यान्वयन गर्न सकिए मात्रै गणतन्त्र परिपक्व हुन्छ । स्थानीय तह, प्रदेश र संघले संविधानअनुरुप स्रोत, शक्ति र अधिकारको निर्बाध उपभोग गर्न पाएपछि बल्ल हामी गणतन्त्रलाई पूर्ण आकारमा देख्न सक्छौँ । यसको समीक्षा गर्ने ठाउँमा पुग्छौँ । यो एउटा पक्ष भयो ।

हामीले संविधान निर्माणको क्रममा नै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्र प्रमुख र पूर्ण समानुपाति निर्वाचन प्रणालीको मुद्दा उठाएका थियौँ । संविधान जारी हुँदा फरक मतका रूपमा यो दर्ज छ । अहिले आएर हामीले उठाएको मुद्दा सही थियो भन्ने पुष्टि भएको छ । हामी यति खर्चिलो निर्वाचन प्रणालीमा छौँ कि सामान्य जनताले चुनाव लड्ने आँट नै गर्दैनन् । अनि यसले संस्थागत, राजनीतिक र नीतिगत भ्रष्टाचार मौलाउँछ । चुनाव लड्न जे पनि गर्नैपर्ने, मन्त्री बन्नैपर्ने, सांसद बन्नैपर्ने अनि पदमा पुगेपछि स्वार्थ समूहको चंगुलमा पर्ने अवस्था सिर्जना भएको छ ।

त्यसैले संविधान संशोधन गर्ने हो भने राजनीतिक स्थायित्वका लागि या देखापरेका अन्य समस्या हल गर्न थ्रेसहोल्ड समाधान होइन, बरु प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्र प्रमुख, पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ । यसले मात्रै संविधानको सही कार्यान्वयनमार्फत गणतन्त्रलाई अझ उन्नत गणतन्त्रमा, जनताको गणतन्त्रमा सुदृढ गर्न सकिन्छ ।



एउटा गम्भीर आत्मसमीक्षा गर्नुपर्ने पक्ष के हो भने गणतान्त्रिक नेपालको संविधान कार्यान्वयन गर्न राजनीतिक दल र नेतृत्व जसरी संवेदनशील भएर लाग्नुपर्थ्यो, त्यो हुन सकेन । यसले गर्दा प्रतिक्रियावादी र पुनरुत्थानवादी तत्वहरूले यो भन्ने मौका पाएका छन् । उनीहरूले संविधान कार्यान्वयन र गणतन्त्रको अभ्यासका क्रममा देखिएका कमजोरीलाई जबरजस्त रूपमा व्यवस्था विरोधी देखाउन खोजेका छन् । गणतन्त्रप्रति जुन स्तरमा अपनत्व ग्रहण गरेर यसलाई सफल बनाउन लाग्नुपर्ने हो, त्यो स्तरको प्रतिबद्धता र संवेदनशीलता परम्परागत संसद्वादी दलहरूबाट देखिएन । इतिहासमा गणतन्त्र नचाहने तत्वहरूले शीर उठाउने मौका पाएका छन् । पछिल्लो समयमा नेपाली कांग्रेस र नेकपा (एमाले)को गठबन्धन सरकारका गतिविधिहरूले यो भाष्य निर्माण गर्न झनै भूमिका खेलेको छ ।

## यथास्थितिवाद र जनआक्रोशको
# कोपभाजनमा गणतन्त्र



**झलनाथ खनाल**
पूर्वप्रधानमन्त्री

> अहिले गणतन्त्रमाथि कहींबाट खतरा छ भने यथास्थितिवादी पार्टीहरूबाटै छ

नेपालमा २०६२/६३ सालमा जुन क्रान्ति सम्पन्न गर्‍यौँ, त्यो पुँजीवादी जनवादी क्रान्ति हो । त्यसले नेपालमा पुँजीवादी गणतन्त्रको स्थापना गर्‍यो । त्यो क्रान्तिले पहिलो पटक नेपालबाट सामन्तवाद उन्मूलन गर्‍यो । राजतन्त्र उन्मूलन गर्‍यो । गणतन्त्र स्वाभाविक रूपमा सामन्ती निरंकुश राजतन्त्रात्मक शासनभन्दा एक खुट्किलो प्रगतिशील व्यवस्था हो । नेपाललाई धर्मतन्त्रात्मक, त्यसमा पनि हिन्दु राज्य बनाउन खोजिएको थियो, त्यसलाई समाप्त पारेर गणतन्त्रले धर्मनिरपेक्ष राष्ट्रमा रूपान्तरण गरिदियो । यी परिवर्तन धेरै महत्वपूर्ण र दूरगामी हुन् ।

तर, यति परिवर्तन नै गणतन्त्र स्थापनाको पूर्ण लक्ष्य थिएन । जनताले आफ्नो जीवनमा आमूल परिवर्तन हुने अपेक्षा गरेका थिए । त्योअनुरूप परिवर्तनको दिशातर्फ, खास गरी संविधान निर्माणपछि राजनीतिक पार्टीहरू, जो सत्तामा पुगे, ले गणतन्त्रले अपेक्षा गरेको र गणतन्त्रात्मक युगमा सामाजिक, आर्थिक, सांस्कृतिक रूपान्तरणको एउटा कदम पनि चाल्न सकेनन् । त्यसैले गणतन्त्र अहिले पनि बडो कमजोर अवस्थामा खडा छ ।

अब हामीले चाहेको गणतन्त्र भनेको समाजवादी गणतन्त्र हो । अब नेपाली समाज समाजवादी क्रान्तितिर रूपान्तरणको युगमा प्रवेश गरेको छ । समाजवादी गणतन्त्र भनेको श्रमिक वर्गको नेतृत्वमा, आमकिसान, निम्न पुँजीपति वर्गसहित ९० प्रतिशतभन्दा बढी रहेको श्रमिक वर्गका जनताको नेतृत्वको लोकतन्त्र हो, समाजवादी लोकतन्त्र । समाजवादी अर्थतन्त्रमार्फत् समाजवादी लोकतन्त्र निर्माण गरिन्छ ।

संविधान निर्माणपछि बनेको सरकारले पहिलो काम क्रान्तिकारी भूमि सुधार गर्नुपर्ने थियो । भूमिहीनलाई सम्पत्तिको मालिक बनाउनुपर्ने थियो । देशलाई राष्ट्रिय औद्योगिकीकरणको, राष्ट्रिय उद्योगधन्दाहरूको व्यापक सञ्जाल विकास गराउनुपर्ने थियो । शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तन गर्नुपर्ने थियो । रोजगारी सिर्जना गर्ने कुराको ग्यारेन्टी गर्नुपर्ने थियो । समाजवादमुखी शिक्षा पाउने वातावरण बनाउनुपर्ने थियो । गरिबी उन्मूलन गर्नुपर्ने थियो । यी कामतर्फ कुनै पनि सरकार जान सकेनन् । त्यो एजेन्डाका बारेमा सत्तामा रहेका कुनै पनि पार्टीले अहिलेसम्म पनि सोचेको देखिँदैन ।

यी कामहरू पूरा हुन नसकेका कारण जनतामा चरम निराशा छ । आक्रोशित छन् । अराजकता फैलिने हो कि भन्ने खतरा पैदा भएको छ । सरकारमा बसेका ठुला पार्टीहरू जसरी यथास्थितिवादको बाटोमा हिँडेका छन्, त्यसका कारण जनतामा असन्तोष फैलिएको छ । अब यो यथास्थितिवादलाई तोडेर कम्युनिस्ट आन्दोलनले आफूलाई पुनर्गठन गर्नुपर्छ । दलाल पुँजीवादको पिछलग्गु र दलाल प्रवृत्तिबाट आफूलाई मुक्त गर्नुपर्छ । कम्युनिस्ट आन्दोलनले सर्वहारा, श्रमजीवी जनताको प्रतिनिधिका रूपमा देशलाई आमूल परिवर्तन गर्ने दिशामा अघि बढ्नुपर्छ । सम्पूर्ण जनता र राष्ट्रको इच्छाअनुकूल अर्थतन्त्र र कृषिमा आमूल परिवर्तन गर्ने, राष्ट्रिय औद्योगिकीकरणको दिशामा अघि बढ्ने, शिक्षा, स्वास्थ्य, सांस्कृतिक क्षेत्रमा व्यापक परिवर्तन गर्ने, राष्ट्रियतालाई संरक्षण गर्ने बृहत् कार्यक्रम लिएर अघि बढे मात्रै गणतन्त्रलाई सदृढ गर्दै समाजवादी गणतन्त्रतर्फ लान सकिन्छ ।

नेताहरूका कारण गणतन्त्र खतरामा छ भन्ने अभिव्यक्तिहरू सुनिन्छन् । त्यो अभिव्यक्ति शतप्रतिशत ठिक हो । संविधान निर्माण भइसकेपछि नेतृत्व गर्ने नेताहरूले नै यो देशलाई गलत दिशातर्फ लगेकाले, सामाजिक, आर्थिक, सांस्कृतिक रूपान्तरण गर्न नसकेकाले, राष्ट्रियता जोगाउने बाटो पनि ठिक ढंगले लिन नसकेकाले अहिले गणतन्त्रमाथि कहीँबाट खतरा छ भने यथास्थितिवादी राजनीतिक पार्टीहरूबाटै छ । पुनरुत्थानवादीहरू त धमिलो पानीमा माछा मार्न जाल लिएर निस्केका मात्रै हुन् ।

# यथार्थको धरातल
## र महत्वाकांक्षाको मापन



**खिलराज रेग्मी**
पूर्वअध्यक्ष, मन्त्रिपरिषद्

> नागरिकको अवस्थामा अपेक्षित सुधार हुन नसक्दा व्यवस्थालाई नै दोषी देख्नु उपयुक्त र वाञ्छनीय होइन

इतिहासको विभिन्न कालखण्डमा जनअधिकार र आत्मसम्मानका लागि जनताले गरेका संघर्ष, विद्रोह र आन्दोलनको पृष्ठभूमि र जनताको चाहना, आकांक्षा र सहभागितामा भएको २०६२/२०६३ को जनआन्दोलन नै गणतन्त्र स्थापनाको मुख्य आधार बन्यो । जनाकांक्षा र जनअपेक्षाअनुरूप नै २०६५ साल जेठ १५ गतेको संविधानसभाको पहिलो बैठकले 'संघीय लोकतान्त्रिक गणतन्त्र' घोषणा गरेको थियो ।

२०७२ असोज ३ मा संविधानसभाबाट नेपालको संविधान जारी भएपछि संवैधानिक र व्यावहारिक अभ्यास समेतले नेपालमा गणतन्त्र संस्थागत हुन पुग्यो । देश शासन व्यवस्थाको नयाँ चरण र नयाँ युगमा प्रवेश गर्‍यो । लोकतान्त्रिक गणतन्त्र बहुलवादी र बहुल विचारले ठाउँ पाउने व्यवस्था भएकाले आफ्ना विचार र अभिव्यक्ति नागरिकले राख्नु स्वाभाविकै हो । भिन्न विचार आउँदैमा अन्यथा सोच्ने, बुझ्ने कुरा होइन । मूलतः सार्वभौम जनता नै सबै कुराको निर्णायक शक्ति हुन् ।

हाम्रो गणतन्त्रको अभ्यास पनि त्यति लामो छैन । मूलतः नेपालको संविधान २०७२ जारी भएपछि २०७४ सालमा भएको स्थानीय, प्रदेश र संघीय निर्वाचनपछि मात्र ठोस र कार्यगत रूपमा संवैधानिक व्यवस्था क्रियाशील भयो । यो अवधि भनेको नितान्त छोटो अवधि हो । कतिपय कानुनी व्यवस्था र संरचनागत कुराहरू अझै पनि निर्माण हुन बाँकी छन् र सशक्त रूपमा कार्य हुन सकिरहेको छैन । अभ्यास, कमीकमजोरी सुधार्दै, गर्दै जाने हो र परिष्कृत बनाउँदै जाँदा गन्तव्यमा पुगिने हो । एकै पटक गन्तव्यमा पुगिएन भन्ने कुरा महत्वाकांक्षा र अपेक्षाको विषय होला । व्यवहारतः गन्तव्य र उद्देश्य अनुरूप हाम्रो क्रियाकलाप अघि बढेकै छन् जस्तो लाग्छ । गति सुस्त र चाहेजस्तो हुन नसक्नु बेग्लै कुरा ।

जसबाट जति अपेक्षा गरिन्छ, उसैप्रति आलोचना र असन्तुष्टि पोखिनु मानवीय स्वभाव हो । विकास र प्रविधिले फट्को मारेको विश्व व्यवस्थामा हाम्रा नागरिक चेतना र अपेक्षा उच्च छ । हाम्रो क्षमता र साधन स्रोतले ती अपेक्षा र आकांक्षा पूरा गर्न सकिरहेको छैन । तर, उत्पादकत्व र रोजगारी वृद्धितर्फ पर्याप्त काम हुन नसक्दा अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन । आमनागरिक र विशेष गरी युवा वर्गमा निराशा बढ्दो छ ।

समाज रूपान्तरण र समृद्धिको बाटो राम्ररी पकड्न नसक्दा नै नकारात्मक टिप्पणी र भाष्य निर्माणले प्रश्रय पाइरहेको जस्तो लाग्छ । नागरिकको अवस्थामा अपेक्षित सुधार हुन नसक्दा व्यवस्थालाई नै दोषी देख्नु उपयुक्त र वाञ्छनीय होइन । आजको चुनौती व्यवस्थाको होइन, नागरिकको अवस्थामा सुधार र परिवर्तनको हो भन्ने देखिन्छ, बुझिन्छ । अवश्य पनि नेतृत्व गर्नेले जस/अपजसको भार बोक्नुपर्ने हुँदा संवेदनशील भएर जनअपेक्षा र निराशा चिर्दै देशलाई समृद्धि र अग्रगमनतर्फ लैजानु आजको आवश्यकता हो ।


**प्रदेश सरकार**
**खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**इटहरी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**जनहितमा जारी सन्देश**

सुरक्षित पानी पिऊ, यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका विधि: उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने, सोडिस गर्ने आदि विधि प्रयोग गरेर पानी मात्र पिऔं । पानीका मुहान संरक्षण गरौ । पिउने पानी चुहावट देखिएमा सरोकारवाला निकायमा जानकारी दिऔं । स्वच्छ पिउने पानी उपभोग गर्न पाउनु नागरिकको अधिकार हो ।

नियमित रुपमा साबुनपानीले हात धुंदा श्वासप्रश्वास एवं निमोनिया संक्रमण तथा झाडापखालामा कमी ल्याउन सकिने र इबोला, हेपाटाइटिस, सार्स जस्ता जीवाणुहरुद्वारा लाग्ने रोगबाट पनि बच्न सकिने हुँदा जोखिमपूर्ण अवस्थाहरु जस्तै चर्पी प्रयोग गरे पछि, बालबालिकाको दिशा धोएपछि, हात फोहोर भएपछि, खाना बनाउनु, खाना खानु र खुवाउनु अगाडि बाहिरवाट घर फर्किएपछि बिरामीको हेरचाह पछी साबुनपानीले नियमित रुपमा २० सेकेण्डसम्म मिचिमिचि हात धुने बानी बसालौं ।

खोक्दा हाछ्यु गर्दा कुहिनेले वा टिस्यु पेपरले नाक, मुख छोपौ । अनावश्यक रुपमा नाक, मुख, आँखा वा अनुहारलाई हातले नछोऔं ।

कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खानेपानीको स्रोत, पोखरी, ताल तलैया, नदि, समुदायिक वातावरण सफा र स्वच्छ राखौ ।

## अस्थिरताको पराकाष्ठा

# १७ वर्षमा ४ निर्वाचन, १४ प्रधानमन्त्री !




गणतन्त्रको यो १७ बर्से उमेरमा देशमा ४ पटक निर्वाचन भयो (गणतन्त्र घोषणाअघि २०६४ सालमै निर्वाचन भए पनि सोही निर्वाचनले बनाएको संविधानसभा २०७० सालसम्मै रह्यो) भने १४ पटक प्रधानमन्त्री फेरिए । गणतन्त्र घोषणा गर्दाका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई छाड्ने हो भने त्यसयता ३ पटक माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, ४ पटक एमाले अध्यक्ष केपी शर्मा ओली र २ पटक कांग्रेस सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गरे भने एमालेकै माधवकुमार नेपाल र झलनाथ खनाल, कांग्रेसका सुशील कोइराला, माओवादीका बाबुराम भट्टराई र खिलराज रेग्मी (मन्त्रिपरिषद् अध्यक्ष) १/१ पटक प्रधानमन्त्री भए । १७ वर्षमा करिब ७ वर्ष ७ महिना एमालेको हातमा सत्ता रह्यो भने ४ वर्ष ८ महिना माओवादी र ३ वर्ष ९ महिना कांग्रेसको नेतृत्वमा सरकार सञ्चालन भयो ।

गणतन्त्र स्थापनापछि २ भदौ, २०६५ मा पुष्पकमल दाहाल 'प्रचण्ड' पहिलो जननिर्वाचित प्रधानमन्त्री बने । ११ जेठ, २०६६ सम्म ९ महिना प्रधानमन्त्री बनेका उनले त्यसपछि राजीनामा दिए । देशको ठुलो दलका रूपमा माओवादी उदाए पनि बहुमत नहुँदा पहिलो संविधानसभाको ५ बर्से कार्यकालमा प्रचण्डसहित ५ जना प्रधानमन्त्री बने । प्रचण्डपछि ११ जेठ, २०६६ देखि २३ माघ, २०६७ सम्म १ वर्ष ८ महिना तत्कालीन एमालेका माधवकुमार नेपाल प्रधानमन्त्री बने । त्यसपछि २३ माघ, २०६७ देखि १२ भदौ, २०६८ सम्म एमालेकै झलनाथ खनाल ७ महिना प्रधानमन्त्री भए ।

त्यसपछि माओवादीका डा. बाबुराम भट्टराई १२ भदौ, २०६८ देखि ३० फागुन, २०७० सम्म १ वर्ष ६ महिना प्रधानमन्त्री भए । उनको कार्यकालसँगै पहिलो संविधानसभाको समयसीमा पनि समाप्त भयो । त्यसपछि दोस्रो संविधानसभाको निर्वाचन गराउन स्वतन्त्र व्यक्तिलाई प्रधानमन्त्री बनाइयो । उक्त अन्तरिम सरकारको नेतृत्व तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीले गरे । रेग्मी १ चैत, २०७० देखि २८ माघ, २०७० सम्म ११ महिना मन्त्रिपरिषद् अध्यक्ष बने । रेग्मीकै नेतृत्वमा दोस्रो संविधानसभा निर्वाचन भयो ।

दोस्रो संविधानसभा निर्वाचनपछि कांग्रेसको नेतृत्वमा सरकार बन्यो । प्रधानमन्त्री बने– सुशील कोइराला । कोइराला २८ माघ, २०७० देखि २५ असोज, २०७२ सम्म करिब १ वर्ष ८ महिना प्रधानमन्त्री रहे । उनै कोइराला प्रधानमन्त्री हुँदा नेपालले संविधानसभाबाट बनेको पहिलो संविधान पाएको थियो । परिवर्तित राजनीतिक घटनाक्रमका कारण करिब ४ वर्षपछि सत्ता फेरि एमालेकै हातमा पर्‍यो । प्रधानमन्त्री बन्ने मौका पाए, एमालेका केपी शर्मा ओलीले । ओली २५ असोज, २०७२ देखि २० साउन, २०७३ सम्म ११ महिना प्रधानमन्त्री बने । ओलीपछि प्रचण्ड करिब ८ वर्षपछि सत्तामा फर्किए । उनी २० साउन, २०७३ देखि २३ जेठ, २०७४ सम्म दोस्रो कार्यकालका लागि १० महिना प्रधानमन्त्री बने । प्रधानमन्त्रीबाट प्रचण्ड बाहिरिँदै गर्दा पहिलो आमनिर्वाचनको मिति नजिकिँदै थियो । निर्वाचनका लागि कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भयो । २३ जेठ, २०७४ देखि ३ फागुन, २०७४ सम्म ८ महिना प्रधानमन्त्री बनेका उनले सफलतापूर्वक आमनिर्वाचन गए ।

तर, पहिलो आमनिर्वाचनबाट एमाले पहिलो दल बन्यो र माओवादी दोस्रो । त्यसपछि फेरि ओली नेतृत्वमा माओवादीसहितको सरकार बन्यो । यहीबीचमा एमाले र माओवादीबीच एकता भएर नेकपा गठन भयो । ओली ३ फागुन, २०७४ देखि ३० वैशाख, २०७८ सम्म करिब ३ वर्ष ३ महिना प्रधानमन्त्री बने । गणतन्त्र स्थापनापछि सबैभन्दा लामो समयसम्म ओली नै प्रधानमन्त्री बने । तर, नेकपासँगको विवाद चरम उत्कर्षमा पुगेपछि सनकका भरमा ओलीले संसद् विघटन गरिदिए । संसद् विघटन भएपछि पनि करिब १ महिना उनै ओली तेस्रो पटकका लागि प्रधानमन्त्री नियुक्त भए । त्यसबेला उनी ३१ वैशाख, २०७८ देखि २९ असार, २०७८ सम्म प्रधानमन्त्री बनेका थिए ।

> गणतन्त्र स्थापनापछि सबैभन्दा लामो समयसम्म ओली नै प्रधानमन्त्री बने । तर, नेकपाको विवाद चरम उत्कर्षमा पुगेपछि सनकका भरमा ओलीले संसद् विघटन गरिदिए

ओलीले २/२ पटक संसद् विघटन गरेपछि यो विषयले राजनीतिक रूपमा ठुलै हलचल मच्चायो । यो विषयले सर्वोच्चमै प्रवेश पाएपछि ओली सत्ताच्यूत भए । र, सर्वोच्चको परमादेशमा कांग्रेसका शेरबहादुर देउवा पुनः प्रधानमन्त्री भए । पहिलो आमनिर्वाचन गराएका देउवा फेरि दोस्रो आमनिर्वाचन गराउने भूमिकामा आए । त्यसबेला उनी २९ असार, २०७८ देखि १० पुस, २०७९ सम्म १ वर्ष ५ महिना प्रधानमन्त्री रहे । दोस्रो आमनिर्वाचनमा कांग्रेस र माओवादीले गठबन्धन गरेका थिए । तर, सरकार गठनको समयमा यी २ दलबीच असन्तुष्टि चुलिएपछि प्रचण्डले एमालेसँग सहकार्य गरे । र, १० पुस, २०७९ मा फेरि एक पटक प्रधानमन्त्री बने । पटक–पटक गठबन्धन फेर्दै प्रचण्डले ३१ असार, २०८१ सम्म १ वर्ष ७ महिना प्रधानमन्त्रीको कुर्सी ओगटिरहे । पटक–पटक फेरिएको गठबन्धनबाट आजित बनेका कांग्रेस र एमाले अन्त्यमा एकजुट भए । त्यसपछि कांग्रेसको समर्थनमा केपी शर्मा ओली चौथो पटकका लागि प्रधानमन्त्री बने । ३१ असार, २०८१ बाट करिब १० महिनादेखि ओली प्रधानमन्त्री छन् ।






## विश्वकै सर्वोत्तम प्रणालीप्रति

# प्रश्न उठ्नु गम्भीर



गुरुराज घिमिरे
नेता, नेपाली कांग्रेस

> यो प्रणाली खराब होइन, यसलाई खराब मान्दैनौं । यसको अभ्यासका क्रममा राजनीतिक दल, दलका नेतृत्व र सरकारमा पुगेका नेतृत्वले गरेको काम र अभ्यासका कारण त्यस्तो भ्रम परेको छ

दुनियाँको अभ्यासमा आएको राजनीतिक प्रणालीमध्ये लोकतान्त्रिक गणतन्त्र अथवा गणतन्त्रात्मक शासन प्रणालीलाई सबैभन्दा उत्तम प्रणाली मानिन्छ । योभन्दा उन्नत प्रणाली अर्को छैन भन्ने विश्वास गरिन्छ र यो दुनियाँका अभ्यासहरूले पनि देखाएको छ । हामीले पनि २०६२/०६३ सालको जनआन्दोलनमार्फत् संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्‍यौं र त्यसैको बाटोमा हिँडिरहेका छौं ।

२०६५ जेठ १५ गते संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भयो र २०७२ सालमा नयाँ संविधान जारी भएसँगै यसको संस्थागत भयो । संस्थागत भएको पनि १० वर्ष भइसक्यो । तर, यसको अभ्यासमा केही कमी र समस्या भने देखिएको छ । यो प्रणाली नै खराब हो भन्ने कोणबाट पनि केही तर्कहरू आउन थालेका छन् । तर, यो प्रणाली खराब होइन, यसलाई खराब मान्दैनौं । यसको अभ्यासका क्रममा राजनीतिक दल, दलका नेतृत्व र सरकारमा पुगेका नेतृत्वले गरेको काम र अभ्यासका कारण त्यस्तो भ्रम परेको छ । कुनै–कुनै कोणबाट यसको अपमान गर्ने प्रयास भएको छ । यो प्रणालीको मूल्य, मान्यता, सिद्धान्त र चरित्रजस्ता सबै कुरा उत्तम मानिन्छ, त्यो हो पनि । यो प्रणालीलाई सही व्यक्तिको हातमा जिम्मा दिने हो भनेचाहिँ यसले राम्रो परिणाम दिन सक्छ भन्ने विश्वास छ ।

यो जनताको अपार समर्थनबाट स्थापना भएको प्रणाली हो । यसको परिकल्पना, मर्म र भावनाअनुसार हामीले व्यवहारमा उतारी यसको व्यवस्थालाई इमानपूर्वक कार्यान्वयन गर्ने हो भने यसले मुलुकलाई सकारात्मक परिणाम दिन्छ । तर, राजनीतिक दलमा रहेको खुट्टा तान्ने प्रवृत्ति, दलभित्रका अन्तरद्वन्द्व, अस्वस्थ प्रतिस्पर्धा, सत्ता केन्द्रित राजनीति र सत्तालाई सर्वोपरि ठान्ने प्रवृत्तिका कारण यसमा केही समस्या देखिएको  ।

यद्यपि, समस्या प्रणालीमा होइन, सञ्चालन गर्ने पद्धतिमा हो । त्यसैले राजनीतिक दलहरूले सत्तालाई सर्वोपरि नठानेर जनताको जीवनलाई सुखद् र सहज बनाउने, देशको प्रतिष्ठा उठाउने र लोकतन्त्रको भविष्य सुरक्षित गरी नयाँ पुस्ताको भविष्य सुरक्षित गर्ने कुरालाई मुख्य प्राथमिकता बनाउने हो भने यसप्रति आशा, जनताको भरोसा बढेर विश्वासिलो बन्नेछ ।

हामीले निसंकोच भन्नैपर्छ– त्यो दिशातर्फ अहिलेको राजनीति अभिमुख भएको छैन । राजनीतिक दलका क्रियाकलाप त्यसतर्फ केन्द्रित नभएकाले केही समस्या देखापरेका छन् । त्यसैले हामीले यसमा व्यापक सुधार गर्नुपर्ने आवश्यकता छ । अहिलेको मौजुदा क्रियाकलाप र गतिविधिले यसलाई बलियो बनाउँदै छैन । समस्या बढाउँदै छ र अनेक प्रकारका प्रश्न उठेका छन् ।

अझ पुरानो व्यवस्था अथवा सक्रिय राजतन्त्रका पक्षपाती भनिनेहरूले प्रश्न उठाउने हिम्मत गर्न थालेका छन् । त्यो ठाउँ हामी आफैँले दिएको हो । हिजो गणतन्त्र स्थापनाका कारक राजा आफैं बने । राजाको निरंकुशता त्यसको कारक बन्यो । आज गणतन्त्रमाथि प्रश्न उठाउने ठाउँ हामी आफैँले दिएका छौं । त्यसैले यसलाई सुधार गरेर लैजान सकियो भने अझै पनि गणतन्त्रमा आशा गर्ने ठाउँ छ । अहिले नै हामीले निराश हुनुपर्ने अवस्था छैन ।

लोकतान्त्रिक गणगतन्त्रका आदर्श सिद्धान्त र यसका मान्यताहरूलाई हामीले व्यवहारमा अनुभूत हुने गरी काम गर्नुपर्छ । सिद्धान्तमा एउटा देखाउने, व्यवहारमा अर्को अभ्यास गर्न थालियो भने त्यसले सही परिणाम दिँदैन र त्यो व्यवस्थाप्रतिको इमानदारी हुँदैन । लोकतान्त्रिक गणतन्त्र भनेको जनताको व्यापक सहभागितामा चल्ने राजनीतिक प्रणाली हो । यो सबैले अपनत्व गर्ने गरी चल्नुपर्छ र त्यसको अनुभूति सबैले गर्न पाउनुपर्छ । त्यो अनुभूति अहिले भएको छैन, यो यथार्थ हो । यति मात्रै होइन, यो व्यवस्था स्थापना भएको देशमा यसलाई समाज कहाँ पुर्‍याउने भन्ने हाम्रो मिसन हुनपर्छ । आउने ५० वर्षमा नेपाललाई कहाँ पुर्‍याउने भन्ने हाम्रो दीर्घकालीन उद्देश्य पनि हुनपर्छ । ५–५ वर्षमा निर्वाचनको अभ्यास गरेर फगत प्रणालीको रटान लगाउने हो भने देखाउने दाँत मात्रै हुन्छ । त्यसैले यसलाई व्यवहारमा उतार्ने दिशामा अघि बढ्नुपर्छ । यो हामी सबैको जिम्मेवारी हो । अहिले पनि निराश भएर होइन, यसैमा आशावादी भएर यसको संस्थागत विकासमा लाग्नुको विकल्प छैन ।

# निर्विकल्प गणतन्त्र



रामकुमारी झाक्री
नेतृ, नेकपा एस

> अहिले गणतन्त्रभन्दा निरंकुशतन्त्र ठिक हो भन्ने जनमत बनाउन प्रयास हुँदै छ । यस्ता कुराको निकै दुरुपयोग भएको छ । यसमा हामीले खबरदारी गर्नुपर्छ

लोकतान्त्रिक गणतन्त्र उन्नत व्यवस्था भएकाले यो सबैभन्दा राम्रो छ । यो व्यवस्थाप्रति निराशावादी हुनुपर्ने वा शंका गर्नुपर्ने अवस्था आइसकेको छैन । हामीले जुन उद्देश्यका साथ गणतन्त्र ल्याएका थियौं, त्यो पूर्ण नहुन सक्छ । त्यसलाई पूर्णता दिने भनेको हामी सबै गणतन्त्रवादीले हो । यसमा आशंका गर्ने वा निराश हुनुपर्ने अवस्था कत्ति पनि छैन । यही व्यवस्थाबाट जनताको समृद्धि खोज्ने हो ।

संविधानमार्फत् गणतन्त्र संस्थागत भएको १ दशक भयो । यो अवधिमा यसलाई सञ्चालन गर्ने सवालमा नेतृत्वबाट केही कमी र समस्या भए होलान् । त्यसैका आधारमा कसैलाई लाग्न सक्छ– कतै यो व्यवस्था नै खराब पो हो कि ! तर, त्यो सही होइन, यो प्रणाली खराब हुनै सक्दैन । कहीँकतै यसलाई हेर्ने र बुझ्ने सवालमा भ्रम छ भने त्यसलाई चिर्नुपर्छ । यसको अपमान गर्ने गरी बोलिनु वा हेरिनु परिवर्तनप्रतिको अपमान हुनेछ । यो दुनियाँकै उत्तम व्यवस्था भएकाले कमीकमजोरी सच्याउँदै अघि बढ्नुपर्छ ।

यसलाई सञ्चालन गर्ने सवालमा इमान भएन र मुख्य राजनीतिक दलमै वैमन्यस्य भयो भने समस्या आउन सक्छ । त्यस्तो अवस्था आउन नदिन मुख्य दलहरू जिम्मेवार हुनपर्छ । दल र तिनका नेताले निजी स्वार्थभन्दा माथि उठेर व्यवस्था र मुलुकप्रति समर्पित भए लाग्ने हो भने जनताको जीवन समृद्ध बनाउन सकिन्छ । गणतन्त्रको विकल्प अरू व्यवस्था हुनै सक्दैन । कसैलाई लागेको होला– गणतन्त्रको विकल्प पुरानै निरंकुश वंशज परम्पराको व्यवस्था वा अन्य कुनै प्रकारको तानाशाह व्यवस्था होला भन्ने । तर, यो अहिलेको नयाँ पुस्ताले कुनै पनि हालतमा स्वीकार गर्दैन ।

कसैकसैलाई भ्रम छ– हामीले नेतृत्वको आलोचना गरिरहँदा व्यवस्थाविरुद्ध बोल्यो भनेर । त्यो होइन, हामी नेतृत्व सच्चिएर जुन उद्देश्यले गणतन्त्र ल्याइएको थियो, त्यहीअनुसार व्यावहारिक रूपमा जनताको हितमा काम गर्नुपर्छ भन्ने पक्षमा हो । आलोचनाले सुध्रिन र काम गर्न सहज बनाउँछ भन्ने हामीले बुझेका छौं । अहिले स्कुलका पुस्तकदेखि कलेज/विश्वविद्यालयका पाठ्यक्रममा समेत गणतन्त्र, यसको मूल्य र मान्यताका बारेमा पढाइ हुन्छ । यसले मान्छेमा व्यवस्थाप्रति सचेत गराएको छ र त्यसअनुसार नेतृत्व हिँड्नुपर्छ भन्ने बुझाएको छ ।

तर, समस्या कहाँ भयो भने, सिस्टम पढाइयो, इतिहास पढाइएन । त्यसका बारेमा पनि जानकारी गराउनुपर्छ । इतिहास कसैका लागि गर्वको विषय छ भने कसैका लागि घृणाजन्य होला । हामीले यसबारेमा सही ढंगले बुझाउन सक्नुपर्छ । हरेक राजनीतिक परिवर्तन, त्यसका दौरान भएका क्रान्ति र आन्दोलनबारेमा पनि सचेत गराउन सक्नुपर्छ ।

अहिले गणतन्त्रभन्दा निरंकुशतन्त्र ठिक हो भन्ने जनमत बनाउन प्रयास हुँदै छ । यस्ता कुराको निकै दुरुपयोग भएको छ । यसमा हामीले खबरदारी गर्नुपर्छ । कहीँकतै जनतालाई गलत सूचना प्रवाह गर्ने प्रयास भइरहेको छ, अब मुलुकमा केही हुँदैन भनेर अहिले गणतन्त्र विरोधीहरुले एकखालको अभियान नै चलाइएको छ । यसमा सञ्चारमाध्यम पनि प्रयोग भएका छन् । नेपालमा केही हुँदैन, देश रित्तिँदै छ भन्ने भाष्य बनाइँदै छ ।

अझै पनि गणतन्त्रमा चुनौती छ भन्ने अवस्था छैन । केही पात्रका कारण समस्या भएको हो । अब ती पात्र सच्चिने कि सक्किने भन्ने अवस्था छ । यसमा आशावादी हुने ठाउँ धेरै छ । आज मात्रै होइन, भोलिका दिनमा पनि यसमा चुनौती होला भन्ने लाग्दैन । गणतन्त्रमा चुनौती भएर वा असफल भएर राजतन्त्र वा कुनै पनि प्रकारको निरंकुशता स्थापना हुन सक्दैन । गणतन्त्र असफल भएर निरंकुशता आएको इतिहास विरलै छ । तर, यसविरुद्ध मान्छेले किन बोलेका छन् भन्नेमा चाहिँ समीक्षा गर्नैपर्छ । नेतृत्वको व्यवहार, सत्तामा हुँदा रामराज्य नै छ भन्ने, बाहिरिँदा छटपटाहट हुने जस्ता कुराले पनि यसमा काम गरेको छ । तर, गणतन्त्रको फूलबारीमा कुनै चुनौती आएमा हामी समाधान गर्न सक्छौं ।







गणतन्त्रका १७ वर्ष
परिदृश्य
www.souryaonline.com
SOURYA NATIONAL DAILY
सौर्य दैनिक
बिहीबार १५ जेठ २०८२
Thursday, 29 May 2025


## राजनीतिक बेइमानीका बीच फट्को मारेको

# आर्थिक-सामाजिक सुरक्षाको पाटो

राजनीतिक दलहरूले आफ्नो स्वार्थ पूरा गर्ने र भोट बैंकको मानसिकताका साथ अघि सारेका केही मुद्दाले अनायासमै भए पनि समाजको मुहार फेरिएको छ । दलहरूकै हैँसेमा पहिचानका मुद्दा उठेका छन्, गरिबको पहिचान हुन थालेको छ, विभिन्न सामाजिक कुरीति, कुसंस्कार तथा अन्धविश्वास जस्ता कुरामा आमनागरिकले खुलेर बोल्न थालेका छन् । हामीले यसलाई गणतन्त्रको उपलब्धि मान्नैपर्छ ।

राज्य सञ्चालनमा सबै वर्ग, समूह, क्षेत्रको सहभागिताको सुनिश्चितता गर्न समानुपातिक र समावेशी सिद्धान्तअनुसार महिला दलितलाई विशेष आरक्षणको व्यवस्था गरिएको छ भने शिक्षा, स्वास्थ्यलगायत विषयलाई पनि मौलिक हकअन्तर्गत राखिएको छ । समाज परिवर्तनको मूल आधार मानिएका यी विषयमा नेपालले छोटो समयमा निकै फट्को मारेको छ । यो गणतन्त्रात्मक व्यवस्था र राजनीतिक दलका नेतृत्वहरूको देन हो, यसमा कुनै संशय छैन ।

संविधान जारी भएसँगै देश वित्तीय संघीयतामा गयो । ३ तहका सरकार बनेसँगै सिंहदरबारको अधिकार गाउँसम्म पुग्यो । आर्थिक उन्नतिको रुपरेखा कोर्न यो ठुलो परिवर्तन भएको अर्थविद्हरू स्वीकार गर्छन् । राजस्व बाँडफाँट, समानीकरण अनुदान तथा अन्य आर्थिक नीतिका कारण स्थानीय पूर्वाधार विकासमा ठुलो परिवर्तन ल्याएको छ । स्थानीय तह र प्रदेशलाई अधिकार सम्पन्न गरेकै कारण गाउँ-गाउँसम्म विकास पुगेको छ । स-साना समस्याका लागि सिंहदरबार नै धाउने बाध्यताबाट आमजनता मुक्त भएका छन् । पहिले दिनौं हिंडेर पुग्नुपर्ने ठाउँमा अहिले केही समयमै गाडी चढेर पुग्न सकिने भएको छ । यो गणतन्त्रले दिएको मुख्य उपलब्धि हो ।



यो १७ वर्षको बीचमा सडक, विद्युत्, यातायातलगायत पूर्वाधारमा पनि नेपालले निकै ठुलो फट्को मारेको छ । सडकसम्म आइपुग्नै घन्टौँसम्म हिंड्नुपर्ने बाध्यता देशका अधिकांश स्थानमा अन्त्य भएको छ । कृषकले आफ्नो उत्पादन खेतबारीबाटै बेच्न सक्ने अवस्था निर्माण भएको छ । घरघरमा विद्युत्को पहुँच त पुगेकै छ, सिँचाइका लागि खेतबारीमै विद्युतीकरणको सुविधा सरकारले पुर्‍याएको छ । तीनै तहका सरकारको प्रयत्नले यो सम्भव भएको हो ।

ज्येष्ठ नागरिक भत्ता, अपांगता भत्ता, एकल भत्ता, प्रसूति खर्च, राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत् दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धार कार्यक्रमलगायत योजनाले सामाजिक सुरक्षा जस्ता विषयलाई पनि निकै महत्वका साथ समेटेको छ । करिब ५० हजार रुपैयाँ रहेको प्रतिव्यक्ति आय गणतन्त्रपछि करिब ३ गुणाले बढेर १ लाख ४० हजारसम्म पुगेको छ । गणतन्त्रपछि सरकारले लिएको नीति र आयआर्जनको दायरा फराकिलो हुँदाको परिणामले गर्दा नै प्रतिव्यक्ति आयमा यो सकारात्मक वृद्धि देखिएको मान्न सकिन्छ । १३ खर्बबाट ६० खर्बभन्दा बढीको कुल गार्हस्थ उत्पादन पुग्नुमा पनि गणतन्त्रको भूमिका महत्वपूर्ण छ ।

> यो १७ वर्षको बीचमा सडक, विद्युत्, यातायातलगायत पूर्वाधारमा पनि नेपालले निकै ठुलो फट्को मारेको छ । सडकसम्म आइपुग्नै घन्टौँसम्म हिंड्नुपर्ने बाध्यता देशका अधिकांश स्थानमा अन्त्य भएको छ

राजनीति, शिक्षा, सम्पत्तिको स्वामित्व, सार्वजनिक सेवा जस्ता क्षेत्रमा महिलाको उपस्थिति बढेको मात्र छैन, उनीहरूको भूमिका पनि उल्लेख्य रुपले वृद्धि भएको छ । गणतन्त्रअघिसम्म केही सीमित महिलाहरू सरकारी जागिरे हुन्थे । तर, अहिले निजामती क्षेत्रमा करिब ३० प्रतिशत हिस्सा महिलाको छ । २-४ जना मान्छेका अघि खुलेर बोल्न नसक्ने महिलाहरू अहिले राजनीतिमा सक्रिय भएर समाज परिवर्तन गर्न सक्ने भएका छन् । चुलोचौका र खेतबारीको काममा सीमित महिलाहरू अहिले ठाडो शिर पारेर हिंड्न सक्ने भएका छन् । यसलाई पनि गणतन्त्रको देन मान्न सकिन्छ ।

२०६१ सालमा ३१ प्रतिशत रहेको निरपेक्ष गरिबीको दर २०६८ सालमा २५ प्रतिशत हुँदै २०८० सालसम्म आइपुग्दा २० प्रतिशतमा झरेको छ भने २०४८ सालमा ०.४० रहेको मानव विकास सूचकांक (एचडिआई) २०८० सालमा ०.६० पुगेको छ भने साक्षरता दर ४० प्रतिशतबाट ७६ प्रतिशत पुगेको छ । अहिले नेपालीको औसत आयु ७१ वर्ष छ, जुन गणतन्त्रअघि ६५ वर्ष हाराहारी थियो ।

गणतन्त्रअघि विकास, पूर्वाधार, राजनीति जस्ता विषय मात्र बढी प्राथमिकतामा पर्थे भने गणतन्त्रपछि समाजका अन्य मुद्दा पनि स्वतन्त्र रूपमा उठ्न थाले । गरिबी, भोकमरी, श्रमिक, महिला न्याय, अपांगता, बालअधिकारका मुद्दा नागरिक स्तरबाटै उठान भएको र राज्यका अंगहरूले पनि महत्वका साथ लिन थालेको विशेष गरी ०६२/६३ को परिवर्तनपछि नै हो । गणतन्त्रको यो १७ वर्षमा राजनीतिक स्वार्थ बढी हाबी भइरहँदा सामाजिक रूपान्तरणका केही विषयले गणतन्त्रप्रति नागरिकको धारणा सकारात्मक बनाउन सघाएको छ ।

## गणतन्त्रमा भासिएको

# परराष्ट्र नीति !

> गणतन्त्रपछि परराष्ट्र नीतिमाथिको लापरबाहीका कारण आज परराष्ट्र मामिलाको सबालमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको भूमिका र महत्व साँघुरिँदै गएको छ

कुनै देशले अन्य देश र अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सम्बन्धलाई निर्देशित गर्न विभिन्न रणनीति प्रयोग गर्ने तरिका नै परराष्ट्र नीति हो । अझ स्पष्ट भन्ने हो भने कुनै पनि देशले विश्वसामु व्यक्त गर्ने रणनीतिक भाषा नै परराष्ट्र नीति वा विदेश नीति हो । यसमा अन्तर्राष्ट्रिय सम्बन्ध, सैन्य रणनीति, विदेश व्यापारजस्ता विषयहरू समेटिन्छन् ।

नेपालको सम्बन्धमा हामीले सन्तुलित र स्वतन्त्र परराष्ट्र नीति अबलम्बन गर्दै आएका छौं । नेपालको संविधानको धारा ५१ मा राज्यका विभिन्न नीतिबारे उल्लेख छ । धारा ५१ को खण्ड 'ड' मा अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति छ । जसमा 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने' उल्लेख छ ।

तर, नेपालले परराष्ट्र नीतिलाई महत्व नदिँदा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको हैसियत खस्किँदो अवस्थामा पुगेको छ । अहिलेका शक्ति राष्ट्र भनिने मुलुकहरूसामु कुनै समय नेपालको जुन हैसियत थियो, त्यो अहिले देखिँदैन । हाम्रै परराष्ट्र नीति कमजोर हुँदा ती मुलुकले हाम्रो महत्वलाई बेवास्ता गर्दै गएको परराष्ट्रविद्हरू बताउँछन् ।

कुनै देशको कुनै पार्टीको सामान्य कार्यकर्ताले नेपालको अनौपचारिक भ्रमण गर्दा यहाँको राष्ट्र प्रमुखसम्म सीधै पहुँच राख्छ । तर, नेपालका तर्फबाट औपचारिक हुने गरेका मन्त्री स्तरीय भ्रमणमा त्यहाँका उच्चस्तरीय नेता तथा सरकार प्रमुखहरूलाई भेट्न फलामको चिउरा चपाउनुभन्दा साह्रो पर्ने अवस्था देखिनुले हाम्रो परराष्ट्र नीतिको नांगो रूपलाई छरपष्ट पारेको छ ।

पूर्वराजदूत तथा परराष्ट्रविद् जयराज आचार्य २०६३ सालपछि नेपालको परराष्ट्र नीति खस्किएर 'बटम लाइन'मा पुगेको बताउँछन् । बहुदलीय व्यवस्था हुँदै गणतन्त्रसम्म हामीले नै ल्याएको व्यवस्था भए पनि हाम्रा राजनीतिक नेतृत्वहरूले परराष्ट्र नीतिलाई निकै हल्का रूपमा लिँदा अन्तर्राष्ट्रिय समुदायमा राष्ट्रको गरिमामाथि नै आँच आएको आचार्यको बुझाइ छ । 'हुन त यो व्यवस्था हामीले नै ल्याएका हौं, तर हामीले नेतृत्वमा पुर्‍याएकाहरूले परराष्ट्र मामलाका विषयलाई गहन रूपमा नलिइदिँदा हाम्रो परराष्ट्र नीति भासिएर 'बटम लाइन'मा पुगेको छ,' आचार्य भन्छन् ।

तथ्यांक पल्टाएर हेर्ने हो भने गणतन्त्रपछिको समयमा नेपालमा रहेका विदेशी कूटनीतिक नियोग तथा राजदूतावासहरूले आफ्नो सक्रियता घटाउँदै लगेका छन् । यसको अर्थ स्पष्ट छ- उनीहरूको नजरमा नेपाल प्राथमिकतामा पर्दैन । अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्ध व्यवस्थापन गर्न नसक्दा र हामीले अंगिकार गरेको परराष्ट्र नीति कार्यान्वयन गर्न नसक्दाको परिणाम अहिले देखिँदै छ ।

पञ्चायतकालमा संयुक्त राष्ट्रसंघबाट विशिष्ट पदाधिकारीको टोली नेपाल आएको थियो र उनीहरू राजा वीरेन्द्रलाई भेट्न चाहन्थे । तर, त्यसबेलाको परराष्ट्र मन्त्रालयले उनीहरूको आग्रह सीधै खारेज गरिदिएको थियो । तर, अहिले अवस्था कहाँसम्म छ भने, सामान्य तहका विदेशी प्रतिनिधि औपचारिक वा अनौपचारिक रूपमा आएर सीधै राष्ट्र प्रमुखसम्मलाई भेट गर्छन् । तर, परराष्ट्र मन्त्रालयलाई जानकार ीसमेत हुँदैन । यसले पनि पुष्टि हुन्छ, अन्य मुलुकले नेपालको परराष्ट्र नीतिलाई वास्ता गर्न छाडिसके ।

परराष्ट्रविद् आचार्यका अनुसार २०४६ सालपछिको बहुदलीय व्यवस्था र गणतन्त्रपछि नेपालको परराष्ट्र नीतिलाई ध्वस्त बनाउने श्रेय हाम्रा राजनीतिक दलहरूलाई जान्छ । २००८ सालमा प्रधानमन्त्री बनेका मातृकाप्रसाद कोइराला २०१८ सालमा अमेरिकाको राजदूत भएर गएका थिए । देशको प्रधानमन्त्री भइसकेका कोइरालालाई अमेरिकाको राजदूतमा नियुक्त गर्ने राजा महेन्द्रको सोचले परराष्ट्र नीतिको महत्वलाई झल्काउँछ । तर, अहिले त्यो सोच र मानसिकता हाम्रा राजनीतिक दलहरूमा देखिँदैन । राजदूतहरू अहिले राजनीतिक भागबन्डाको माध्यम बनेका छन् । विभिन्न मुलुकमा राजदूत पठाउँदा विज्ञता र कूटनीतिक क्षमतालाई हेर्नुपर्नेमा गणतन्त्र स्थापनापछिको समयमा पार्टीका कार्यकर्ता नियुक्त गर्ने परम्परा बसालिएको छ ।

देशमा सरकार फेरिए पनि अन्य देशसँगको परराष्ट्र सम्बन्धमा कुनै असर नपरोस् भनेर परराष्ट्र मामिलामा दक्षता हासिल गरेका विज्ञ तथा अनुभवी व्यक्तिहरूलाई राजदूत बनाउने हाम्रो प्रचलन थियो । अझ भनौं यो अन्तर्राष्ट्रिय अभ्यास नै हो । तर, अहिले अवस्था कस्तो बनेको छ भने, जुन पार्टी सरकारमा आयो, देशको परराष्ट्र मामलाको विषय उसैको हो भने जस्तो देखिन्छ । अघिल्लो सरकारले बनाएका राजदूतलाई फिर्ता बोलाइहाल्ने र आफ्ना कार्यकर्ता भर्ती गरिहाल्ने प्रवृत्ति मौलाउँदै गएको छ । यसले गर्दा हरेक पटक सरकार फेरिँदा परराष्ट्र नीतिमा पनि असर परेको छ । पछिल्लो रुस-युक्रेन युक्रेन युद्धमा अन्तराष्ट्रिय मञ्च विशेष गरी संयुक्त राष्ट्रसंघीय महासभामा नेपालको पटक-पटक फेरिएको अडानले अहिलेको परराष्ट्र नीतिको ढुलमुलेपन स्पष्ट गर्छ ।

गणतन्त्रपछिका थरिथरि सरकारका परराष्ट्र नीतिमाथिको लापरबाहीका कारण आज परराष्ट्र सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको भूमिका र महत्व साँघुरिँदै गएको छ । फलतः नेपाल आफूले संस्थापक सदस्यको हैसियतमा अघि बढाएको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तको बाटोबाट क्रमशः विमुख हुँदै छ ।


## पूर्वाधार विकास कार्यालय
### विराटनगर, मोरङ

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भैरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौ साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।

## व्यवस्थाविरुद्ध सल्बलाउँदै राजावादी

# कति बलियो छ गणतन्त्रको जग ?

७ फागुन, २०८१ मा पूर्वराजा ज्ञानेन्द्र शाहले दिएको शुभकामना सन्देशले राजावादीहरूलाई हौसला प्रदान गर्‍यो । २५ फागुनमा उनी काठमाडौं फर्किने क्रममा उनका शुभेच्छुक र समर्थकको भिड स्वागत गर्न विमानस्थलमा भेला भयो । सो भिड देखेर हौसिएका राजावादीहरूले ४ चैत, २०८० मा मोर्चाबन्दी गरे



२०६५ साल जेठ १५ गते संविधानसभामार्फत् 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल' घोषणा भएसँगै २३८ वर्ष पुरानो एकात्मक राजतन्त्रको अन्त्य भयो । राजा ज्ञानेन्द्र शाह अन्तिम राजा हुँदै 'पूर्वराजा'मा सीमित भए । नारायणहिटी राजदरबारसँगै श्रीपेच र राजदण्ड जिम्मा लगाएर उनी नागार्जुन सरेसँगै शासनसत्ता राजनीतिक दलको हातमा पुग्यो ।

२०७० सालमा निर्वाचित दोस्रो संविधानसभाले ३ असोज, २०७२ मा जारी गरेको संविधानले नेपाललाई धर्म निरपेक्षसहित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक सुनिश्चित गर्‍यो । दशकौँदेखिको जनता र राजनीतिक दलहरूको अथक 'लडाइँ'ले सार्थकता पायो । गणतन्त्र स्थापनापछि देशमा गरिबी र अभावको अन्त्य भई विकास र समृद्धिको मूल फुट्ने आमअपेक्षा थियो । तर, यति ठुलो परिवर्तनपछि व्यवस्था नै फेरिएको यतिका समयसम्म पनि आमनागरिकको अवस्था भने फेरिन सकेन । बढ्दो बेथिति र विसंगतिप्रतिको असन्तुष्टि व्यवस्थाप्रति नै दोष दिने अवस्थासम्म पुगिसकेको छ ।

जनताको नासो फिर्ता गरेर नागरिकको भूमिकामा फर्किएका पूर्वराजा ज्ञानेन्द्र र उनका समर्थकहरू १७ वर्षपछि खुला रूपमा टाउको उठाएरै राजतन्त्र पुनर्स्थापनाका लागि भन्दै जनमत बटुल्ने अवस्थामा पुगेका छन् । र, आमनागरिकको सहानुभूति पनि क्रमशः बढ्दै गएको देखिन्छ । राजावादीहरूले वितृष्णाको मतलाई व्यवस्थाविरोधी मत बनाउने प्रयास जारी राखेका छन् ।

### जुर्मुराएको राजावादी आन्दोलन

७ फागुन, २०८१ मा पूर्वराजा ज्ञानेन्द्र शाहले दिएको शुभकामना सन्देशले राजावादीहरूलाई हौसला प्रदान गर्‍यो । २५ फागुनमा उनी काठमाडौं फर्किने क्रममा उनका शुभेच्छुक र समर्थकको भिड स्वागत गर्न विमानस्थलमा भेला भयो । सो भिड देखेर हौसिएका राजावादीहरूले ४ चैत, २०८० मा मोर्चाबन्दी गरे । पञ्च नेता नवराज सुवेदीको नेतृत्वमा 'राजसंस्था पुर्नस्थापनाका लागि संयुक्त जनआन्दोलन समिति' नै गठन गरेर राजा फर्काउने आन्दोलन घोषणा गरियो ।

सो मोर्चाबन्दीपछि १५ चैतमा तिनकुनेमा भएको राजावादी प्रदर्शन हिंसात्मक बनेपछि पत्रकार सुरेश रजकसहित एक सर्वसाधारणको मृत्यु भयो भने २ दर्जनभन्दा बढी घाइते भए । समिति संयोजक सुवेदी घरमै नजरबन्दमा परे । राप्रपा उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणा, मेडिकल व्यवसायी दुर्गा प्रसाईंलगायत ६१ जनाविरुद्ध प्रहरीले मुद्दा चलाएको छ ।

सो घटनापछि केही सेलाएको अभियान पुनः सक्रिय भएको छ । गणतन्त्र दिवसकै दिन पारेर १५ जेठदेखि अनिश्चितकालीन 'जनआन्दोलन' घोषणा गरिएको छ । सो आन्दोलन हिन्दु राष्ट्र र राजसंस्था पुनर्स्थापना नभएसम्म नटुंगिने उनीहरूको अडान छ ।

### त्यति कमजोर छ गणतन्त्रको जग ?

राजावादी शक्तिहरू गणतन्त्रको आयु धेरै लामो नभएको दाबी गर्छन् । आगामी आन्दोलनबाट राजसंस्था पुनर्स्थापना हुने उनीहरूको दाबी छ । राष्ट्रिय शक्ति नेपालका संयोजक केशरबहादुर बिष्ट राजसंस्था पुनर्स्थापनाका लागि आफूहरूले संगठित प्रयत्न गरिरहेको बताउँछन् । राजसंस्था राष्ट्र निर्माण गर्ने संस्था भएको भन्दै उनले सो संस्थालाई बिर्सेर देशको भविष्य नहुने बताए । संगठनात्मक बल र आमजनतालाई अपिल गरेर निर्णायक आन्दोलन गर्ने उनी बताउँछन् । उनी भन्छन्, 'संवैधानिक जग नै खराब भएका कारण देश विकास हुन सकेन । भ्रष्ट र गरिब देशको दर्जामा हामी पुग्यौं । यसको अन्त्यका लागि राजसंस्था अपरिहार्य छ ।'

राजनीतिक विश्लेषक डा. सुरेन्द्र केसी देशमा कुशासन, नातावाद, कृपावाद बढ्नु र प्रधानमन्त्री स्वयंका अभिव्यक्तिका कारण व्यवस्थाविरोधी मत बढ्दै गइरहेको बताउँछन् । यस्ता हर्कत बढ्दै गए राजावादी आन्दोलनले प्रश्रय पाउने उनको भनाइ छ । यद्यपि आन्तरिक रूपमा गणतन्त्रमाथि कुनै चुनौती नरहेको भन्दै उनले राजसंस्था पुनर्स्थापना सम्भव नभएको बताए । 'बाह्य हस्तक्षेप भयो भने हाम्रो केही लाग्दैन । आन्तरिक रूपमै राजसंस्था पुनर्स्थापना सम्भव छैन,' उनले भने ।

कुशासन, भ्रष्टाचार र नेताहरूको अयोग्यताका कारण गणतन्त्रमाथि प्रश्न उठेको उनको दाबी छ । राजनीति निश्चित प्रक्रिया र पद्धतिअनुरुप चल्ने भन्दै कुनै आन्दोलन हुनासाथ राजसंस्था पुनर्स्थापना नहुने बताए । 'राजनीतिमा निश्चित प्रक्रिया, पद्धति हुन्छन्, शक्तिले त्यसलाई निरुपण गर्नुपर्ने हुन्छ । आन्तरिक रूपमा राजासँग त्यस्तो शक्ति छैन ।'

## अर्थतन्त्रको मेरुदण्ड बन्दै रेमिट्यान्स

# तर, गुमाउँदै जनसांख्यिक सन्तुलन



पछिल्ला डेढ–दुई दशकमा नेपाली अर्थतन्त्रको मुख्य हिस्सा रेमिट्यान्स बनेको छ । गणतन्त्रपछिका सबै सरकारले युवा पलायन रोक्ने र स्वदेशमै रोजगारी सिर्जना गर्ने भाषण गरे पनि अर्थतन्त्रमा उनीहरूले गर्व गर्ने ठाउँ भनेकै तिनै युवाले खाडी, मलेसिया र कोरिया जस्ता देशबाट पठाएको विप्रेषण अर्थात् रेमिट्यान्स नै हो । नेपालको अर्थतन्त्रको कुल गार्हस्थ उत्पादन (जिडिपी) को २५ प्रतिशत हिस्सा रेमिट्यान्सले धानेको छ ।

आर्थिक वर्ष २०६३/६४ मा विभिन्न देशबाट १ खर्ब १४ करोड रेमिट्यान्स भित्रिएकामा आव २०८०/८१ मा आइपुग्दा १४ खर्ब ३५ अर्ब रुपैयाँ पुगेको छ भने चालु अर्थिक वर्षको ९ महिनामै ११ खर्ब २१ अर्ब रेमिट्यान्स नेपाल भित्रिएको छ । रेमिट्यान्सले मुलुकमा पर्याप्त विदेशी मुद्रा सञ्चिती गर्दै वस्तु आयातका लागि सघाएको छ ।

### विकास पुग्यो, गाउँ रित्तियो

पछिल्लो समय गाउँ–गाउँमा सडक तथा बिजुली पुगेको छ । गणतन्त्र स्थापनापश्चात् प्रविधि, सडक र ऊर्जा क्षेत्रमा उल्लेख्य प्रगति भएको छ । तर, गाउँमा मान्छे भेट्न गाह्रो छ । पहिले हरियाली हुने खेतबारी झाडीमा परिणत भएका छन् । यसको मुख्य कारण वैदेशिक रोजगारी नै हो । यो पनि ठुलो परिवर्तन हो । गाउँ खाली हुँदा कृषिमा नराम्रो प्रभाव परेको छ भने मुलुकको जनसांख्यिक सन्तुलन नै परिवर्तन भएको छ ।

### गरिबी न्यूनीकरण

युवा विदेश पलायन हुँदा अर्थतन्त्रमा राम्रो प्रभाव परेको छ । रेमिट्यान्स भित्रिँदा अर्थतन्त्र संकटमा पर्नबाट जोगाएको छ । हाल कुल जिडिपीको २५ प्रतिशत हिस्सा रेमिट्यान्स बनेको छ । जसको कारण गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ । रेमिट्यान्स आप्रवाह बढ्दा गरिबी न्यूनीकरण भएको पछिल्लो १५–२० वर्षमै हो । यो पनि ठुलै उपलब्धि हो ।

### पर्याप्त विदेशी विनिमय

नेपालमा गणतन्त्र आइसकेपछि विदेशी विनिमयको अभाव हुन दिएको छैन । ठुलो आर्थिक विकास हुन नसके पनि अर्थतन्त्रलाई गम्भीर संकटमा जानबाट रेमिट्यान्सले जोगाएको छ । जति ठुलो संकट श्रीलंका, माल्दिभ्स, पाकिस्तान र बंगलादेशमा आयो, त्यो नेपाल आउन नदिनुमा रेमिट्यान्स र नेपाली युवा बिदेसिएकै कारण हो ।

पर्याप्त मात्रामा विदेशी विनिमय भए पनि त्यसको सदुपयोग हुन सकेको छैन । जसको कारण हामी परनिर्भतामा गयौं । रेमिट्यान्सबाट आर्जित रकम उत्पादनमा जोड्न सकेको भए दिगो अर्थतन्त्रको जग बस्न सक्थ्यो । तर, हामी बलियो नै छौं भनेर धाक लगाएर बस्दा अर्थतन्त्र भित्र कमजोर, बाहिरी तथ्यांकमात्र राम्रो देखिने अवस्थामा पुग्यो । जसका कारण देश निकै पछाडि परेको छ ।

### देशले गुमाउँदै जनसांख्यिक लाभ

गणतन्त्र स्थापनापछि देशले जनसांख्यिक लाभ गुमाएको छ । विश्वमा सबैभन्दा महत्वपूर्ण मानिने जनसांख्यिक लाभ नेपालले अब लामो समयसम्मका लागि गुमाएको देखिन्छ । जसको असर अर्थतन्त्रमा परेको छ । फलस्वरुप एक दिन सीमा नाका बन्द भयो भने नेपालमा खाद्यान्नदेखि औषधिसम्म हाहाकार हुने अवस्था आउने परिस्थिति छ ।

गणतन्त्र स्थापनापछि राष्ट्रिय गौरवका आयोजनाका नाममा ठुल्ठुला परियोजनामा लगानी गर्ने कामको सुरुआत भएको थियो, जुन एकदमै राम्रो थियो, देश विकासको मार्गचित्र थियो । स्रोत परिचालन गरेर कार्यान्वयन गर्न सकेको भए मलुकले विकासमा फट्को मार्न विगत डेढ दशक काफी हुन्थ्यो । तर, पछिल्ला वर्षहरूमा मुलुकमा भ्रष्टाचार संस्थागत भयो । कमिसन खाने, राजनीतिक कार्यकर्ता व्यवस्थापन गर्ने पद्धति चलाइयो । जसको असर अर्थतन्त्रमा परेको छ । हरेक वर्ष बजेट छुट्ट्याउने, तर काम नहुने समस्याले बदनाम नै हुने अवस्था आएको छ ।

### बिदेसिए ६० लाखभन्दा बढी नेपाली

सरकारी तथ्यांकले बितेका २७ वर्षमा श्रम स्वीकृति लिएर बिदेसिने नेपालीको संख्या ६३ लाख रहेको देखाउँछ । सरकारले तथ्यांक संकलन सुरु गरेको पहिलो आर्थिक वर्ष २०५०/५१ मा ४ हजार ५५२ जना श्रम स्वीकृति लिएर विदेश गएका थिए । २०७२ सम्ममा ३२ लाख नेपाली श्रम स्वीकृति लिएर विदेश गएको तथ्यांक छ । आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार आर्थिक वर्ष २०८० फागुन मसान्तसम्म ५९ लाख ६९ हजार २३६ नेपालीले श्रम स्वीकृति लिएर विदेश गएका छन् । यो तथ्यांकमा इपिएसमार्फत् कोरिया गएकाहरूको संख्या जोडिएको छैन । हालसम्म १ लाख ५० हजारभन्दा बढी नेपाली इपिएसमार्फत् दक्षिण कोरिया गएको तथ्यांक छ ।

२०६३/६४ बाट वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको संख्या उल्लेखनीय वृद्धि भएको देखिन्छ । नेपाली श्रमिकको मुख्य गन्तव्य देशमा खाडीका देश र मलेसिया नै पर्छन् । नेपालबाट ८० प्रतिशत श्रमिक कतार, साउदी, युएई, ओमान, कुवेत, बहराइन, जोर्डन र मलेसिया जाने गरेको तथ्यांक छ ।

